# विश्वासद्धारा धर्मी



रोमीहरुलाई
पत्रको एउटा
स्व–अध्ययन

प्रोफेसर अर्मिन पेनिङ्ग

बाइबल अध्ययन श्रंखला २

# विश्वासद्धारा धर्मी

---

रोमीहरुलाई पत्रको एउटा स्व–अध्ययन

---

प्रोफेसर अर्मिन पेनिङ्ग

Multi-Language Productions
Bringing the Word to the World

आवरणको बारेमा
अब्राहामले परमेश्वरमाथि विश्वास गरे र त्यो उनको निम्ति धार्मिकता गनियो। धार्मिकता "गनिएको हो" भन्ने वचन उनैको खातिर मात्र लेखिएको होइन। तर हाम्रा निम्ति पनि हो हामी जसले येशू हाम्रा प्रभुलाई मरेकाहरुबाट जीवित पार्न हुने माथि विश्वास गर्छौं यो हाम्रा निम्ति पनि गनिनेछ। (रोमी ४:३,४,२३)

मूलपाठ विस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकासनले उत्पादन गरेको हो।

कपिराईट © २०१२

२०१२ मा छापिएको

रंङ्गीन तथा सादा चित्रहरुको कार्य ग्लेन मार्यसको हो। ग्लेन मार्यसको दृष्टान्तहरुको अधिकार नर्थ वेर्ष्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखिएको छ। रोमीहरुको पुस्तक नेपाली पवित्र बाइबल न्यू रिभाइज्ड भर्सन बाट लिइएको हो।
कपिराईट© १९९७, २००९ नेपाल बाइबल सोसाइटीको अनुमतिले प्रयोग गरिएको छ।

तह दुइ, पुस्तक २

# विषय सूची

एक अध्याय:
रोमीहरुको पत्रको परिचय..........................................................१

दुई अध्याय:
सबै मानिसहरु पापी छन् ............................................... १७

तीन अध्याय:
पापीहरु धर्मी ठहऱ्याईएका छन अथवा क्षमा गरिएका छन ...... ३९

चार अध्याय:
खीष्टमा नयाँ जीवन....................................................... ६५

पाँच अध्याय:
अन्यजातिहरु र यहूदीहरुसंग सम्बन्धमा परमेश्वरको
न्याय र कृपा ........................................................ १०५

छ अध्याय:
परमेश्वरले विश्वासीहरु बाट के आशा गर्नुहुन्छ.................... १३७

सात अध्याय:
पावलको व्यक्तिगत योजनाहरु.......................................... १७५

आठ अध्याय:
पत्रको निष्कर्ष.............................................................. १९१

अध्यायको जाँचको उत्तर ............................................. २०९

अन्तिम जाँच ............................................................. २१०



# विश्वासद्धारा धर्मी

अध्याय एक:
रोमीहरुको पत्रको परिचय

*रोमी १ १ देखि रोमी १ १७*

## अध्याय एक
## रोमीहरुको पत्रको परिचय

(रोमी १:१ पढनुहोस् )

*म पावल, येशू ख्रीष्टको दास, प्रेरित हुनलाई बोलाइएको, र परमेश्वरको त्यस सुसमाचारको निम्ति अलग गरिएको हुँ,*

प्राचिन पत्र लेख्ने प्रचलन अनुसार, पत्रको शुरुमा नै पत्रको लेखकको आफ्नो नाम लेखिन्थ्यो। यहाँ लेखकले स्वयं आफै पावल भनेर सम्बोधन गर्छन, तर त्यो उनको नाम सधैं थिएन। उनको खास नाम शावल थियो। शावल एउटा धेरै कट्टर यहूदी समूहसंग सम्बन्धित थिए जुनहरु येशूलाई प्रतिज्ञा गरिएको मसिह को रुपमा स्वीकार गर्दैनथे -उहाँलाई चाहिँ ख्रीष्ट, येशू, प्रभु र मुक्तिदाता भनिन्थ्यो )। ख्रीष्टका अनुयायी (इसाईहरु) खतरनाक थिए तिनीहरुलाई समाप्त पार्नु पर्छ भनि शावलले विचार गरे। जब प्रथम इसाई शहिद स्तिफनसलाई ढुङ्गा हानेर मारेको थियो, शावल त्यस घटनामा उपस्थित थिए। त्यस पछि उनी प्राय यरुशलेमका घरमा आक्रमण गरेर र इसाई पुरुष र स्त्रीहरुलाई पक्रन्थे।

एकपल्ट उनी इसाईहरुलाई पक्रने क्रममा टाढाको शहर दमस्कसमा थिए। सडकमा, येशूले उनको मार्गलाई अवरुद्ध गर्नुभयो र जमिनमा उनलाई घचघचाउनुभयो।“शावल, शावल तिमी मलाई किन सताइरहेकाछौ ? भनेर येशूले सोध्नुभयो। अब शावलले इसाईहरुलाई सताउनु गलत थियो भनेर थाहा पायो। इसाईहरुलाई सताउनुको सट्टामा शावलले अब मानिसहरुलाई इसाई सन्देश प्रचार गर्न परमेश्वरको बोलावट स्वीकार गरे। यसैकारण उनले भन्न सके म येशू ख्रीष्को सेवा गर्दछु।

येशूले उनलाई एउटा प्रेरित हुन नियूक्त गर्नुभयो। एक प्रेरित त्यो हो जो सन्देश प्रचार गर्न पठाइएको हुन्छ। परमेश्वरले उनलाई ख्रीष्टको बारेमा सुसमाचार प्रचार गर्न रसिकाउन अगल गर्नुभयो। एउटा इसाई प्रचारकको रुपमा शावलले आफ्नो नाउँ पावलमा बदले।



*स्तिफनसलाई ढुङ्गाले हानेर मारिदिए ।*



शावलले येशूलाई दमस्कसको बाटोमा भेटे ।

याद गर्नु पर्ने कुराहरु:
१. रोमीहरुको पत्रको लेखकको प्रथम नाम ....................थियो तर उनले यसलाई .......................मा बदले ।
२. शावलले सोचे इसाईहरु ................हुन्छन र तिनीहरु ................हुनु पर्छ ।
३. शावलले..............मा इसाई पुरुष र स्त्रीहरुलाई पक्रे र यद्यपि उनी..........को शहरतिर यात्रा गरेका थिए ।
४. येशूले शावललाई दमस्कसको बाटोमा भेटे र उनलाई भने,"तिमी किन मलाई .................... छौ ?"
५. अब शावलले थाहा पाए कि इसाईहरुलाई...................... गलत थियो ।
६. येशूले शावललाई एउटा................हुनलाई नियूक्त गर्नुभयो ।
७. एउटा प्रेरित त्यो हो जो ..............प्रचार गर्न..............हुन्छ ।
८. पावलको सन्देश.............को बारेमा............ ...................... थियो ।
(पेज नं. १३ मा तपाईको उत्तर जाँच्नुहोस् ।)

## परमेश्वरको पुत्रको बारेमा सुसमाचार

(रोमी १:२-४ सम्म पढनुहोस् )
*जुन सुसमाचार उहाँले अधिबाटै आफ्ना अगमवक्ताद्धारा पवित्र धर्मशास्त्रमा प्रतिज्ञा गर्नुभएको थियो । यो सुसमाचार परमेश्वरका पुत्रको विषयमा हो, जसको जन्म शरीर अनुसार दाऊदको वंशबाट भएको थियो । येशू ख्रीष्ट हाम्रा प्रभु मारेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।*

प्रेरित सन्देश प्रचार गर्न पठाइएको एक जना व्यक्ति हो । उसले आफ्नो सन्देश ल्याउदैन । जसले उसलाई पठाएको हो उसको सन्देश उसले प्रचार गर्दछ । पावल लेख्छन," उहाँको सन्देश अरुहरुलाई भन्न परमेश्वरले मलाई छान्नुभयो ।" यो परमेश्वरको सन्देश हो जो प्रेरित पावलले प्रचार गर्दछन र "यो परमेश्वरको पुत्रको बारेमा सुसमाचार हो ।"

सुसमाचारको पहिलो प्रतिज्ञा धेरै वर्ष पहिले आयो । वास्तवमा, संसारको सृष्टि पछि तुरुन्तै यो आयो । आदम र हव्वा पापमा परे र तिनीहरुको अनाज्ञाकारिताको लागि नरकमा सधै कष्ट पाउनु पर्थ्यो । तर परमेश्वरले हव्वासंग प्रतिज्ञा गर्नुभयो कि उनको वंशबाट एउटा मुक्तिदाताको जन्म हुनेछ । तपाई यो प्रतिज्ञाको बारेमा "स्त्रीको सन्तान" उत्पत्ति ३:१५ बाइबलको पहिलो पुस्तकमा पढ्न सक्नुहुन्छ ।

परमेश्वरले एउटा मुक्तिदाताको यो प्रतिज्ञालाई घरमुलीहरु, अब्राहाम, इसहाक र याकूब (यहूदी जातिका पूर्खाहरु) लाई दोहऱ्याउनुभयो । त्यसपछि परमेश्वरले धेरै अगमवक्ताहरु पठाउनुभयो, जस्तो कि यशैया र यर्मियाले अगमवाणी सुन्नेहरुलाई दोहऱ्याउनु र भविष्यका पुस्ताको लागि पुरानो नियममा वचन लेखे । प्रतिज्ञा गरिएको धेरै वर्ष पछाडि "स्त्रीको सन्तान" राजा दाऊदको वंशमा कन्या मरियमबाट जन्मिनुभयो । त्यसकारण मरियमबाट जन्मिनु भएको नासरतको येशू सत्य मानव हुनुहुन्थ्यो ।

तर एउटा मानव भन्दा येशू अझै बढी हुनुहुन्छ । उहाँ परमेश्वरको पुत्र पनि हुनुहुन्छ । यशैयाले उहाँलाई इम्मानुएल भनेर नाम दिएको छ, जसको अर्थ "परमेश्वर हामीसंग" भन्ने हुन्छ । (यशैया ७:१४ पढनुहोस् ) मानव भन्दा उहाँ अझ धेरै हुनुहुन्छ भनेर हामी कसरी जान्दछौं-कि उहाँ सत्य परमेश्वर पनि हुनुहुन्छ ? उहाँ मानवीय पिता विना नै जन्मिनुभयो, "पवित्र आत्माको शक्तिद्धारा" जस्तो पावल भन्छन । अझ बढी के हो, जे कुरा मानवले गर्न सक्दैन उहाँले गर्नुभएको थियो । उहाँ मृतकहरुबाट बौरी उठ्नुभयो । विश्वासद्धारा उहाँमा यो "परमेश्वरको शक्तिशाली पुत्र" हाम्रो प्रभु पनि हुनुहुन्छ ।

याद गनु पर्ने कुराहरु :

९. परमेश्वरले पावललाई अरु मानिसहरुलाई ....................भन्न पठाउनुभयो ।

१०. सुसमाचार.....................को बारेमा हो ।

११. पापमा परे पछि परमेश्वरले हव्वालाई प्रतिज्ञा गर्नुभयो कि उनको वंशबाट एउटा .................. को जन्म हुनेछ ।



*परमेश्वरले हामीलाई बचाउने योजना बनाउनु भयो ।*

१२. परमेश्वरले मुक्तिदाताको यो प्रतिज्ञा ..............लाई दोहऱ्याउनुभयो ।
१३. ................ले प्रतिज्ञालाई पुरानो नियम वचनमा लेखे ।
१४. प्रतिज्ञा गरिएको "स्त्रीको सन्तान".........हुनुहुन्थ्यो जो ..........बाट जन्मिनुभयो, त्यसकारण येशू सत्य ....................
हुनुहुन्छ ।
१५. येशूको .............पिता हुनुहुन्नथ्यो । उहाँ...............को शक्तिद्धारा जन्मिनु भएको थियो, त्यसकारण उहाँ सत्य ................हुनुहुन्छ जस्तो कि सत्य मानव पनि हुनुहुन्छ ।
(पेज नं. १३ मा तपाईको उत्तर जाँच्नुहोस् ।)

परमेश्वरबाट एउटा वरदान

(रोमी १:५ पढनुहोस् )
*उहाँका नाउँको खातिर विश्वासद्धारा आउने आज्ञापालन सबै जातिहरुका बीचमा ल्याउनलाई हामीले उहाँद्धारा अनुग्रह र प्रेरितको काम पाएका छौं ।*

अनुग्रह एउटा सुन्दर शब्द हो यसको दुईवटा अर्थ छन ।
कहिले काँही यसले परमेश्वरको प्रेमको बारेमा बताउँदछ जसले हामीलाई वरदान दिन उहाँलाई लगाउछ । कहिलेकाँही "अनुग्रह" ले आफैले वरदानको संकेत गर्दछ । यहाँ पावल हामीलाई भन्छन, "मैले परमेश्वरबाट एउटा वरदान प्राप्त गरेको छु ।"
वरदान त्यो थियो कि परमेश्वरले उनलाई एउटा प्रेरित बनाएको थियो । एउटा प्रेरितको रुपमा, परमेश्वरले उनलाई पठाएको मानिसहरुको बीचमा परमेश्वरको प्रतिज्ञा गरिएको मुक्तिदाताको प्रचारद्धारा पावलले परमेश्वरलाई महिमा दिन सके । ती मानिसहरु थिए "जो यहूदीहरु होइनन् ।" प्राय गरेर हामी तिनीहरुलाई अन्यजातिहरु भनेर भन्छौ ।
पावलको सन्देश थियो कि पुरानो नियमको मुक्तिदाताको प्रतिज्ञा यहूदीहरुलाई मात्रै थिएन तर सबै मानिसहरुको लागि थियो यसकारण उनले "परमेश्वरमा विश्वास गर्न "अन्यजातिहरुलाई पनि निमन्त्रण दिन सक्थे ।

याद गर्नु पर्ने कुराहरु:
१६. कहिले काँही अनुग्रहको अर्थ हाम्रो लागि परमेश्वरको ............हो । अर्को समयमा यसले परमेश्वरले हामीलाई...................दिनु हुन्छ भन्ने संकेत गर्दछ ।
१७. पावलको वरदान यो थियो कि परमेश्वरले उनलाई एउटा.................बनाउनु भएको थियो ।
१८. एउटा प्रेरितको रुपमा, पावलले परमेश्वरलाई महिमा.............. ................द्धारा दिन सक्थे ।
१९. ती मानिस कहाँ परमेश्वरले पावललाई पठाए तिनीहरु यहूदी होइनन् तर................हुन ।
(पेज नं. १३ मा तपाईको उत्तर जाँच्नुहोस् ।)

पावलको पत्र प्राप्त गर्नेहरु

(रोमी १:६,७ पढनुहोस् )
*तिमीहरु पनि तिनीहरुसंगसंगै येशू ख्रीष्टका हुन बोलाइएका छौ । रोममा भएका तिमीहरु सबै परमेश्वरका प्रियहरु, जो सन्त हुनलाई बोलाइएका छौः तिमीहरुलाई परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति ।*

प्राचिन पत्र लेखाइमा लेखकले ऊ को हो भन्दछ । तब ऊ कसलाई लेखिरहेछ भन्छ । यहाँ पावल यो पत्र रोममा भएका विश्वासीहरुलाई सम्बोधन गरिएको हामीलाई भन्छन । एउटा संङ्गी विश्वासीको रुपमा परमेश्वरले तिनीहरुलाई शान्तिको वरदान दिनुहुनेछ भनि पावल प्रार्थना गर्दछन ।

याद गर्नु पर्ने कुराहरु :
२०. यो पत्रको लेखक.................हुन ।
२१. उनी यो पत्र..................हुने मानिसलाई पठाइरहेकाछन ।
२२. उनको पत्र पढ्नेहरु संङ्गी .............. हुन ।
(पेज नं. १३ मा तपाईको उत्तर जाँच्नुहोस् ।)

## पावल रोममा जान चाहान्छन्

(रोमी १:८-१५ सम्म पढनुहोस् )
*सर्वप्रथम, म मेरा परमेश्वरलाई येशू खीष्टद्धारा तिमीहरु सबैका निम्ति धन्यवाद चढाउछु, किनकि तिमीहरुका विश्वासको कुरा सारा संसारमा प्रचार भएको छ ।* [९] *म सम्पूर्ण हृदयले उहाँका पुत्रको सुसमाचार प्रचारमा उहाँको सेवा गर्दछु, र परमेश्वर मेरो साक्षी हुनुहुन्छ कि कसरी म निरन्तर मेरा प्रार्थनामा याद गर्दछु ।* [१०] *अनि यो माग्दछु, कि कुनै किसिमले परमेश्वरको इच्छाद्धारा आखिरमा म तिमीहरु कहाँ आउन सफल हुन सकूँ ।* [११] *किनभने तिमीहरुलाई बलिया पार्नलाई केही आत्मिक वरदान तिमीहरुलाई दिन सकूँ भनेर म तिमीहरुलाई भेट्ने उत्कट इच्छा गर्दछु ।* [१२] *यसरी तिमीहरुको र मेरो, हाम्रो पारस्परिक विश्वासबाट, हामी दुवैले एउटा अर्काबाट प्रोत्साहन पाउन सकौं ।* [१३] *भाइ हो, तिमीहरुलाई थाहा होस् भन्ने म चाहन्छु कि म तिमीहरुका र बाँकी अन्यजातिहरुका बीचमा पनि केही फल बटुल्न सकूं भनेर तिमीहरु कहाँ आउने धेरै पल्ट इच्छा गरे । तर म अहिले सम्म रोकिएको छु ।* [१४] *ग्रीक होस् वा अरु असभ्य जाति, बुद्धिमान् होस् वा निर्बुद्धि, सबैको म ऋणी छु ।* [१५] *यसैले सकेसम्म तिमी रोममा हेनेहरुलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु ।*

पावलले रोममा इसाई झूण्डको शुरुवात गरेका थिएनन् । वास्तवमा अझै उनी त्यहाँ गएका थिएनन् । तर उनी तिनी कहाँ जान अत्याधिक चाहान्छन । प्रत्येक दिन आफ्नो र उनीहरुका लागि प्रार्थना गर्छन, परमेश्वरसंग बिन्ती गर्छन कि रोममा ती विश्वासीहरु भेटघाटको लागि उहाँले यात्राको तयारी गरी दिउन् । तिनीहरुलाई मुक्तिदाताको सुसमाचार प्रचार गर्नलाई रोम यात्राको चाहना पावलको कारण हो । तिनीहरु पहिले देखि नै विश्वासी हुन्, तर यो सन्देशद्धारा पवित्र आत्माले तिनीहरुको विश्वास अझै झन् बलियो बनाउनु हुनेछ । यहाँ पावल केही कुरा आफ्नै लागि आशावादी छन कि जब उनी सन्देश प्रचार गर्नेछन उनको विश्वास बढ्नेछ । पावल अरुहरुलाई सुसमाचार प्रचार गर्न धेरै व्यस्त भएको कारणले चाँडै रोममा जान सकेनन् ।

"बुद्धिमान होस् र निर्बुद्धि" को बीचमा "ग्रीक होस् वा अरु असभ्य जाति" दुवैको बीचमा यो प्रचारले आनन्ददायी सफलता दिनेछ। अर्को शब्दमा, पावलले उनको सन्देश सुन्ने हरेकलाई प्रचार गर्छन्।

याद गर्नु पर्ने कुराहरु:

२३. पावलले रोममा भ्रूण्डको .................गरेका थिएनन् तर उनी तिनीहरु कहाँ..................अत्याधिक चाहना गर्छन।

२४. पावलको रोम जाने मुख्य उद्देश्य तिनीहरुलाई सत्यको सुसमाचार..................लाई हो।

२५. सुसमाचारको प्रचारद्धारा पवित्र आत्माले तिनीहरुको विश्वासलाई...............बलियो पार्नुहुनेछ।

२६. उनी अरुहरुलाई.................गर्न व्यस्त भएको कारणले पावल रोममा चाँडै जान सक्दैनन्।

२७. सुसमाचार .................का लागि सन्देश भएको कारण पावल हरुहरुलाई पनि सुसमाचार प्रचार गर्न सक्छन्।

(पेज नं. १३ मा तपाईको उत्तर जाँच्नुहोस्।)

विश्वासद्धारा धर्मी

(रोमी १:१६,१७ पढनुहोस् )

*किनकि सुसमाचारसँग म शर्माउँदिन। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुको निम्ति र अन्यजातिहरुका निम्ति पनि। किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता जोचाहिँ सम्पूर्ण रुपले विश्वासद्धारा नै आउँछ। यस्तो लेखिएको छ, "धर्मी चाहिँ विश्वसद्धारा नै जिउनेछ।"*

एउटा प्रेरितले जसले उसलाई पठाएको हो उसको सन्देश ल्याउँछ। पावल परमेश्वरको प्रेरित हुन्। उहाँको सन्देशमा परमेश्वरको शक्ति छ। यसमा विश्वास गर्ने हरेकलाई यसले बचाउनेछ, यहूदी र अन्यजातिहरु दुवैलाई। यसैकारणले पावल हरेकलाई सत्यको सुसमाचार साहससित प्रचार गर्न सक्छन।

सम्झनुहोस् कि येशू सत्य परमेश्वर र सत्य मानव हुनुहुन्छ । सत्य परमेश्वरको रुपमा हाम्रो सट्टामा भइदिन उहाँ तल पृथ्वीमा आउनुभयो । त्यसको अर्थ हाम्रो सट्टामा उहाँले परमेश्वरको सम्पूर्ण आज्ञापालन गर्नुभयो जो हामीले गर्नु पर्थ्यो । उहाँको सिद्ध जीवनद्वारा उहाँले पापीहरुको लागि धार्मिकता आर्जन गर्नुभयो ।
पापको ज्याला मृत्यु हो । सबै मानिसहरु पापीछन् । सबै मारिन र नरकमा अनन्त कष्ट भोग्न योग्यकाछन । तर एउटा सत्य मानिसको रुपमा येशू पापीहरुको सट्टामा मारिनुभयो । हामीले पाउनु पर्ने सजायको मूल्य उहाँले तिरिदिनुभयो ।
हाम्रो सट्टा उहाँको सिद्ध जीवनद्वारा र हाम्रो लागि उहाँको निर्दोष मृत्युद्वारा खीष्टले धार्मिकता कमाउनुभयो । पावलको रोमीहरुलाई ( हामीहरुलाई) प्रचार गर्ने सुसमाचार यो हो कि परमेश्वरले खीष्टको धार्मिकता जस्तै पापीहरुको धार्मिकता स्वीकार गर्नुभयो, यदि पापीले यो विश्वास गर्छ भने मात्रै । यसको मतलव यो होइन कि पापीहरु धर्मी हुन्छन । बरु जे खीष्टले गर्नु भएको छ विश्वासद्वारा तिनीहरुका पाप क्षमा गरिएकाछन, अब परमेश्वरले विश्वासीहरुलाई तिनीहरु पवित्र भएका रुपमा हेर्नु हुन्छ । परमेश्वरले तिनीहरुलाई धर्मी घोषण गर्नुहुन्छ । यो एउटा न्यायधिशले एउटा अपराधीलाई निर्दोष ठहऱ्याए जस्तै हो । खीष्टमा विश्वासद्वारा परमेश्वरसंग धर्मी ठहरिनु सधै परमेश्वरको मुक्तिको योजना थियो । यो योजना पहिल्यै नै पुरानो नियममा थियो, जस्तो अगमवक्ता हबकूकको खण्डबाट देखाउँछ ।

याद गर्नु पर्ने कुराहरु :

२८. पावल साहससित सुसमाचार प्रचार गर्न सक्छन किनभने यो एउटा....................को लागि सन्देश हो ।

२९. सत्य परमेश्वरको रुपमा खीष्ट पृथ्वीमा हाम्रो ........................हुन आउनुभयो ।

३०. खीष्टले पूर्णतया (सिद्धतामा) सम्पूण...............पालन गर्नुभयो ।

३१. आज्ञा पालनद्वारा, येशूले पापीहरुको लागि ......................कमाउनुभयो ।

३२. यो धार्मिकता पापीहरुको लागि खीष्टमा....................द्वारा आउँछ ।

३३. सत्य मानवको रुपमा ख्रीष्ट एउटा निर्दोष मृत्युमा मारिनुभयो । उहाँको मृत्युद्धारा .....................ले भोग्नु पर्ने कष्ट उहाँले भोग्नुभयो ।

३४. "परमेश्वरसंग धर्मी हुनुको" अर्थ यो होइन कि पापीहरु वास्तवमा धमी................... । बरु खीष्टमा तिनीहरुका पाप क्षमा गरिएकाछन, परमेश्वरले विश्वासीहरुलाई .................भएको रुपमा हेर्नुहुन्छ । उहाँले तिनीहरुलाई ................. गर्नुहुन्छ ।

३५. सम्पूर्ण इतिहास हेर्दा, मुक्तिको केवल एउटा मार्ग पहिल्यै देखि नै ................द्धारा खीष्टमा छ ।

(पेज नं. १३ मा तपाईको उत्तर जाँच्नुहोस् ।)

याद गर्नु पर्ने कुराहरु-उत्तर

१. शावल, पावल; २. खतरनाक, नष्ट; ३. यरुशलेम, दमस्कस; ४. सताइरहेका; ५. सताउनु, ६. प्रेरित; ७. पठाएको,सन्देश, ८. सुसमाचार, खीष्ट; ९. सुसमाचार; १०. परमेश्वरको पुत्र; ११. मुक्तिदाता; १२. घरमूलीहरु; १३. अगमवक्ताहरु; १४. येशू, मरियम,मानव; १५. मानव, पवित्र आत्मा परमेश्वर; १६. प्रेम, वरदान; १७. प्रेरित; १८. परमेश्वरको प्रतिज्ञा गरिएको मुक्तिदाताको सुसमाचार प्रचार; १९. अन्यजातिहरु; २०. पावल; २१. रोम; २२. विश्वासी; २३. शुरुवात, जानु; २४. प्रचार गर्नु; २५. शक्ति; २६. प्रचार; २७. हरेक; २८. हरेक; २९. सहायमा; ३०. आज्ञा(दश आज्ञा); ३१. धर्मिकता; ३२. विश्वास; ३३. पापीहरु; ३४. हुनु, धर्मी, घोषणा; ३५. विश्वास ।

अध्याय दुई
कृपया “याद गर्नु पर्ने कुराहरु” पुनरावलोकन गर्नुहोस्

१. रोमीहरुको पत्रको लेखकको प्रथम नाम .................... थियो तर उनले यसलाई ....................... मा बदले ।

२. शावलले सोचे इसाईहरु ................ हुन्छन र तिनीहरु ................ हुनु पर्छ ।

३. येशूले शावललाई दमस्कसको बाटोमा भेटे र उनलाई भने,“तिमी किन मलाई .................. छौ ?”

४. येशूले शावललाई एउटा ............... हुनलाई नियूक्त गर्नुभयो ।

५.पापमा परे पछि परमेश्वरले हव्वालाई प्रतिज्ञा गर्नुभयो कि उनको वंशबाट एउटा .................. को जन्म हुनेछ ।

६. प्रतिज्ञा गरिएको “स्त्रीको सन्तान”......... हुनुहुन्थ्यो जो .......... बाट जन्मिनुभयो, त्यसकारण येशू सत्य ................... हुनुहुन्छ ।

७. येशूको ............. पिता हुनुहुन्नथ्यो । उह ाँ................ को शक्तिद्धारा जन्मिनु भएको थियो, त्यसकारण उहाँ सत्य ............... हुनुहुन्छ जस्तो कि सत्य मानव पनि हुनुहुन्छ ।

८. पावलले प्रचार गरेका अधिक मानिसहरु यहूदी थिएनन् तर ................. थिए ।

९. पावलले रोममा झूण्डको ................ गरेका थिएनन् तर उनी तिनीहरु कहा ँ................. अत्याधिक चाहना गर्छन ।

१०. पावलको रोम जाने मुख्य उद्देश्य तिनीहरुलाई सत्यको सुसमाचार ................. लाई हो ।

११. आज्ञा पालनद्धारा, येशूले पापीहरुको लागि .................... कमाउनुभयो ।

१२. सत्य मानवको रुपमा ख्रीष्ट एउटा निर्दोष मृत्युमा मारिनुभयो । उहाँको मृत्युद्धारा ..................... ले भोग्नु पर्ने कष्ट उहाँले भोग्नुभयो ।

१३.ख्रीष्टमा तिनीहरुका पाप क्षमा गरिएकाछन, परमेश्वरले विश्वासीहरुलाई ................. भएको रुपमा हेर्नुहुन्छ ।

१४. सम्पूर्ण इतिहास हेर्दा, मुक्तिको केवल एउटा मार्ग पहिल्यै देखि नै ............... द्धारा ख्रीष्टमा छ ।

आफ्नो उत्तर जाँच गर्न पेज नं. २०९ मा हेर्नुहोस् ।



# विश्वासद्धारा धर्मी

अध्याय दुई
सबै मानिसहरु पापी छन्।

*रोमी १ १८–३ २०*

पापीहरुलाई बहाना छैन ।

(रोमी १:१८-२०)
*परमेश्वरको कोध ती मानिसहरुका सारा भक्तिहिनता र दृष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरुका अधर्मले दबाइराखेका छन् । परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरुमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरुलाई त्यो कुरा देखाइदिनुभएको छ । उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टि देखि नै बनाइएका थोकहरुमा छर्लङ्गै देखिएको छ । यसैले यिनीहरुलाई कुनै किसिमको बहाना छैन ।*

पापीहरुले वेवास्ताको बहाना गर्न सक्दैनन् । जब तिनीहरुको चारैतिरको सृष्टि गरिएको संसारलाई तिनीहरु हेर्दछन, तिनीहरुलाई थाहा छ कि कोही सर्वशक्तिमान्ले यो बनाएको छ र नियन्त्रण गरेको छ, तिनीहरु उहाँको अनन्तको शक्ति देख्न सक्छन् र थाहा पाउँछन कि उहाँ परमेश्वर हुनुहुन्छ । प्राणीहरु तिनीहरुको सृष्टिकर्ता परमेश्वरको आज्ञाकारिता प्रति कृतज्ञ हुनु पर्छ । जब तिनीहरु अधर्म र दृष्ट कुराहरु गर्छन, तिनीहरु परमेश्वरलाई "हुन्न" भनेर भनिरहेछन । तिनीहरु पाप गरिरहेछन । यसले हाम्रो पवित्र परमेश्वरलाई धेरै ठूलो कोध उत्पन्न गराउँछ ।

याद गर्नु पर्ने कुराहरुः
१. मानिसहरुले ...................बाट भन्न सक्छन कि त्यहाँ परमेश्वर हुनुहुन्छ भनेर ।
२. मानिसहरु तिनीहरुको सृष्टिकर्ता परमेश्वर प्रतिको .......................... हुनु पर्छ ।
३. जब मानिसहरु परमेश्वर प्रति आज्ञाकारी हुँदैनन् तिनीहरु .................. गर्दछन् ।
(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)




# संसारको सृष्टि

अन्यजातिहरु पापीछन (रोमी १:२१-२:१६)

(रोमी १:२१-२५पढनुहोस् )
*किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरुले परमेश्वरलाई दिनु पर्ने महिमा दिएनन् नता धन्यवाद नै चढाए, तर तिनीहरु आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरुको मूर्ख मन अझ अँध्यारो भयो । बुद्धिमान छु भन्ने दाबी गरे तापनि तिनीहरु मूर्खै भए , र तिनीहरुले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरुका मूर्तिका रुपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे । यसकारण परमेश्वरले तिनीहरुलाई तिनीहरुका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरुले आपसमा आफ्ना शरीरको अनादर गरुन । किनकि तिनीहरुले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरुको पूजा र सेवा गरे ।*

यो खण्डमा पावल अन्यजातिहरुलाई भनिरहेका छन् । अर्को खण्डमा उनी यहूदी पाठकहरुलाई सम्बोधन गर्नेछन् ।
अन्यजातिहरुको लागि परमेश्वरको शक्ति र अनन्तता हेर्नलाई सृष्टिमा थियो तर उहाँ आराधना नगर्ने कुरा छान्नु मूर्खता थियो । जे भए पनि अन्यजातिहरुले यसरी गरे । सृष्टिकर्ताको पूजा गर्नुको सट्टा तिनीहरुले सृष्टि गरिएका थोकहरुको पूजा गरेर पाप गरे । तिनीहरुले आफ्नो लागि काठ, ढुङ्गा अथवा बहुमूल्य धातुको मूर्ति बनाए । पुज्नालाई मानिस, चराहरु, जनावरहरु र घस्रने जन्तुहरुको शालिक बनाए यो एउटा सत्य परमेश्वरको अनादर थियो जो अनन्त महिमाको योग्य हुनुहुन्छ ।

याद गर्नु पर्ने कुराहरु:
४. पावल यहाँ................संग बोलिरहेका छन् ।
५. अन्यजातिहरुले................ .................गरेर पाप गरे ।
६. मूर्तिपूजा सत्य परमेश्वरको एउटा ................ हो ।
(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

(रोमी १:२६-२८ सम्म पढनुहोस् )
*यसैकारण परमेश्वरले तिनीहरुलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो । तिनीहरुका स्त्रीहरुले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, र यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रो तर्फ कामुकताको जलनमा पुरुषहरुले पुरुषहरुसित निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे । यसरी तिनीहरुले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरुलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो ।*

परमेश्वरले कुनै कुरा गर्न मानिसलाई कर लगाउनु हुन्न । जब पापीहरुले खराब कुरा गर्ने निर्णय गर्दछन् परमेश्वरले गर्न दिनुहुन्छ । त्यस्तै प्रकारको घटना अन्यजातिहरुसँग भएको छ जो पावल वर्णन गरिरहेका छन् । विद्रोही स्वभाव स्वरुप तिनीहरु आफैलाई समलिङ्गी सम्बन्धको दोषी बनाए । यौनकृया अनुग्रही सृष्टिकर्ता परमेश्वरबाटको वरदान हो । यो पुरुष र स्त्री एकसाथ राख्ने स्वाभाविक इच्छा हो । मानवजातिलाई निरन्तरता दिन र संसारको जनसंख्या बढाउने परमेश्वरको यो तरिका हो । तर अन्यजातिहरुको बीचमा ती समलिङ्गी समूदायले परमेश्वरको तरिकालाई आदर गरेका थिएनन् । धेरैले समलिङ्गी यौनकृया अपनाए । पावल यो कुरामा स्पष्ट छनः “तिनीहरुका आईमाईहरुले अपनाएको यौनकृया स्वाभाविक थिएन । त्यसै प्रकार, पुरुषहरु पनि तिनीहरुको आफ्ना आईमाईको स्वाभाविक प्रेमबाट टाढा भएका थिए । एक अर्काप्रति यौन तृष्णाले जलेका थिए । “एउटा पुरुषले अर्को पुरुषसँग लाजमर्दो कार्य गरेका थिए ।”यस्तो प्रकारको दृष्टकर्म परमेश्वरको दृष्टिबाट भाग्न सक्दैन आज ठीक जस्तो धेरैसंग यौन सम्पर्क राख्ने जीवनशैलीले HIV को जटिलता र सामाजिक रोग फैलाउने कार्य गरेको छ, त्यसकारण पावलको समयका अन्यजातिहरु पनि “जे तिनीहरुले गरेका थिए ती बाट नै तिनीहरु आफ्नो शरीरमा दुःख कष्ट भोगिरहेका थिए ।”

याद गर्नु पर्ने कुराहरुः
७. जब पापीहरुले खराब कुरा गर्न निर्णय गर्दछन् परमेश्वरले ....................हुन्छ
८. यौन सम्बन्ध परमेश्वरबाटको एउटा.......................हो ।
९. धेरै अन्यजातिहरुले ...................अपनाएर परमेश्वरको वरादनलाई बिगारे ।
(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

(रोमी १:२९-३२ पढनुहोस् )
*तिनीहरु सबै किसिमका बदनाशी, दृष्टता, लोभ, इबीले भरिएका छन् । तिनीहरु डाह, हत्या, झैझगडा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरु कुराउटे, र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दृष्ट कुरा रचिहिँडने, बाबु-आमाको आज्ञा पालन नगर्ने, मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन् । यस्ता कामहरु मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरु यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरुसँग पूर्ण सहमत पनि हुन्छन् ।*

समलिङ्गी सम्बन्धा एउटा गम्भीर पाप हो, तर यसको मतलव यो मात्रै एउटा पाप होइन । पावलले पहिलेको पदहरुमा समलिङ्गी सम्बन्ध चित्रण गरेका छन् किनभने यो यति स्पष्ट छ कि यो एउटा अस्वाभाविक कृयाकलाप हो । अब पावल थुप्रै अरु पापहरुको नाम उल्लेख गर्न गइरहेका छन, ती सबै मानिसहरुले गर्नलाई धेरै बढी स्वाभाविक देखिन्छन । पावलले वर्णन गरेका कार्यहरुमा त्यहाँ अलिकति आकमण हुनसक्छ, तर त्यहाँ पावलले नामैले सुचिवद्ध गरेका धेरै अलग पापहरु छन् । ती सबै "खराब कुराहरु" हुन् । जसको कारण पापीले मर्नु पर्ने हुन्छ ।
पापीहरुले आफू मात्रै ती कुराहरु गर्दैनन् तर दृष्टता पूर्वक अरुहरुलाई पनि तिनीहरुसंग सहभागि हुन प्रोत्साहित गर्छन । समलिङ्गी समूदायतिर एक क्षण फर्कौ याद गर्नुहोस कि आज धेरै समलिङ्गी "लुकाईबाट बाहिर आउने" तिनीहरुको आफ्नो घोषणाको बुँदा मात्रै बनाउदैनन् तर तिनीहरु त्यही काम गर्न अरुहरुलाई प्रोत्साहन दिन्छन ।

याद गर्नु पर्ने कुराहरु :

१०. पावलले धेरै यौनकृया बिहिन पापहरुको वर्णन गरेका छन । तिनीहरु मध्ये केही पापहरुको नाम लेख्नुहोस्

..........................।

११. त्यस्तो प्रकारको कार्य गर्नाले अन्यजातिहरुले ...................पर्थ्यो ।

१२. त्यस्तो प्रकारको पाप गम्भीर हो तर यो अझै सब भन्दा खराब हो जब पापीहरु एक अर्कोलाई त्यही गर्न ..................दिन्छन ।

(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

परमेश्वर निष्पक्ष रुपले न्याय गर्नु हुन्छ

(रोमी २:१-११ पढनुहोस् )

*यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउने पनि त्यही काम गर्छौ । यस्ता काम गर्नेहरुमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं । ए मानिस, तिमीले यस्ता काम गर्नेहरुलाई दोष लाउँछौ, र आफै पनि त्यही काम गर्छौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ ? अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ ? तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ । किनकि उहाँले हरेक मानिसलाई उसको काम अनुसार दिनुहुनेछ । (भनजसंग्र ६२:१२, हितोपदेश २४:१२) धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरुलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ । तर झगडालु, सत्यको पालन नगर्ने, र दृष्टतामा हिँडनेहरुमाथि चाहिँ कोध र रीस पर्नेछ । खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरुमाथि पनि । तर असलकाम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि*

*गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ । किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न ।*

मानिसहरु अरुको न्याय गर्न र तिनीहरुले गरेका पापको दण्ड दिन के हुनुपर्दछ भनेर सल्लाह दिन छिटो गर्छन् । तर त्यो ठूलो गल्ती हो । किनकि यसरी न्याय गर्ने आफै पनि एउटा पापी हो, र त्यसले पनि खराब कुराहरु गर्दछ । र उ आफैमाथि सजाय बोलाईरहेको हुन्छ । यसरी न्याय गर्ने प्रत्येक दण्डको योग्य हुन्छ किनभने उ वास्तवमा परमेश्वरलाई दोषी ठहऱ्याइरहेको हुन्छ । परमेश्वरको सहनशिलतालाई उसले गलत प्रकारले बुझेको हुन्छ । परमेश्वरले लामो समय सम्म पर्खिरहेको र पापीप्रति कठोरता पूर्वक न्याय नभएकोमा परमेश्वरलाई दोष लगाउँछ यर्थातमा परमेश्वरले पापीलाई पश्चात्ताप गर्ने समय दिनुहुन्छ । अन्तमा सबैको ठीक न्याय हुनेछ । त्यहाँ एउटा स्पष्ट मापदण्ड छ जसद्धारा परमेश्वर न्याय गर्नुहुन्छ, तर हामीले धेरै होसियार हुनुपर्छ कि पावलले यहाँ यसलाई कसरी वर्णन गरेका छन् भनेर हामीले गलत बुझाई गर्नुहुँदैन । उनी लेख्छन: "परमेश्वरले तिनीहरुलाई अनन्त जीवन दिनुहुनेछ जो असल कार्य गरिरहन्छन् ................तर त्यहाँ अरु छन् जो आफ्नै लासग मात्र सोच्दछन् । तिनीहरु सत्यतालाई स्वीकार गर्दैनन् उनीहरु दुष्ट मार्ग तिर लागेका छन् ।"
यस्तो लाग्न सक्छ यद्यपि उद्धार असल काम गरेर कमाउन सकिन्छ तर त्यो सत्य होइन । पछि पावलले पत्रमा अझै बढी व्याख्या गर्नेछन कि उद्धार पूर्णतया ख्रीष्टमा विश्वासद्धारा मात्र हो, ख्रीष्टले विजय प्राप्त गरेको योग्यतामा विश्वासद्धारा मात्र हो । यहाँ आवश्यक सत्यता समावेश गरिएको छ । याद गर्नुहोस कि पावल भन्छन परमेश्वरले अनन्त जीवन दिनु हुनेछ । यो विश्वासीहरुलाई दिइएको वरदान हो । पावलले भनेको अरुहरु चाहिँ अविश्वासीहरु हुन् । तिनीहरु ख्रीष्टको "सत्यलाई स्वीकार गर्दैनन्" जो तिनीहरुको लागि हरेक कुरा गरिएका छन् । परिणाम स्वरुप तिनीहरुसंग प्रेम र कृतज्ञाता हुँदैन जसले कि विश्वासीहरुलाई असल कार्य गर्न अगुवाई गर्छ । अविश्वासीहरुले विश्वासको फल फलाउँदैनन् ।



हराएको छोराले उसको बुवासंग आफ्ना पापहरु स्वीकार गरयो ।

याद गर्नु पर्ने कुराहरु:

१३. अरुलाई न्याय गर्ने व्यक्ति वास्तवमा ..................को न्याय गरिरहेको हुन्छ किनभने उ पनि त्यही पाप गर्छ।

१४. परमेश्वर पापी प्रति धैर्यवान हुनुहुन्छ तिनीहरुलाई.......................गर्ने समय दिनुहुन्छ।

१५. उद्धार.................द्धारा कमाउन सकिदैन यो येशूले जे गर्नु भएको छ त्यसमा ...............द्धारा आउँछ।

१६. अनन्त जीवन विश्वासीहरुलाई परमेश्वरले दिनुभएको ..................... हो।

(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

(रोमी २:१२-१६ सम्म पढनुहोस् )

*सबै जसले व्यवस्थाविना पाप गरेका छन्, तिनीहरु व्यवस्थाविना नै नष्ट पनि हुनेछन्, र व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरुको इन्साफ व्यवस्थाद्धारा नै हुनेछ। किनकि व्यवस्था सुन्नेहरु परमेश्वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरु धर्मी ठहरिँनेछन्। किनकि व्यवस्था नहुने अन्यजातिहरु स्वाभावैले व्यवस्था अनुसारका काम गर्दछन् भने, तिनीहरुको व्यवस्था नभए तापनि तिनीहरु आफ्ना निम्ति आफै व्यवस्था हुन्छन्। व्यवस्थाले चाहेका कुराहरु आफ्ना हृदयमा लेखिएका तिनीहरु देखाउँछन्, र तिनीहरुको आफ्नै विवेकले पनि गवाही दिन्छ, र तिनीहरुका विचारहरुले कहिले तिनीहरुलाई दोष्याउँछन्, र कहिले समर्थन गर्छन्। यो त्यस दिन हुनेछ जब परमेश्वरले मैले प्रचार गरेको सुसमाचार अनुसार येशू ख्रीष्टद्धारा मानिसहरुका गुप्त कुराको इन्साफ गर्नुहुनेछ।*

जब पावल भन्छन, "केही व्यक्तिहरु परमेश्वरको व्यवस्था जान्दैनन् जब तिनीहरु पाप गर्छन" उनी गैर यहूदीहरुलाई अन्यजातिहरुलाई भनिरहेका छन्। अन्यजातिहरु मोशाको व्यवस्थामुनि थिएनन्। सिनै पर्वतमा मोशाद्धारा परमेश्वरले यहूदीहरुलाई उहाँको चुनेको जातिलाई विशेष नियम दिनुभएको थियो। यहूदीहरुको एउटा जाति स्थापित गर्न परमेश्वरको उद्देश्य थियो किनभने संसारको मुक्तिदाता तिनीहरुबाट आउनु हुने थियो।

अन्यजाति मोशाको व्यवस्थामुनि थिएनन् त्यसकारण तिनीहरुले विशेष नियम पालन गर्नु आवश्यक थिएन र पनि तिनीहरु पापी थिए । जब तिनीहरुले परमेश्वरको इच्छा थाहा पाएर पनि त्यसको विरुद्धमा जान्थे, तिनीहरुले पाप गर्थे । स्वाभावैले मानिसहरुसंग चेतना छ । यसले तिनीहरुलाई सही र गलतको बीचको भिन्नता भन्दछ । पावल भन्छन मोशाको व्यवस्थाविना नै "अन्यजातिहरु व्यवस्थाले जे माग गर्दछ त्यो तिनीहरुको हृदयमा लेखिएको देखाउछन् ।" घृणा र डाह गर्नु, चोरी गर्नु र हत्या गर्नु यो गलत हो भन्ने कुरा मानिसहरुलाई थाहा छ । जब तिनीहरु यस्तो प्रकारको कार्य गर्दछन, यद्यपि यो कुरा तिनीहरु राम्ररी जान्दछन, तैपनि तिनीहरु पाप गर्छन । तिनीहरु दण्डको योग्यका छन् । पावल चेतावनी दिन्छन," त्यो त्यस दिन हुनेछ जब परमेश्वरले येशू ख्रीष्टद्वारा मानिसहरुका गुप्त कुराको इन्साफ गर्नुहुनेछ ।" अन्यजातिहरुलाई सहायताको खाँचो छ, र यहूदीहरुलाई पनि ।

याद गर्नु पर्ने कुराहरु:

१७. ....................मोशाको व्यवस्थामुनि थिएनन् तर तिनीहरुसंग भिन्न व्यवस्था थियो । यो व्यवस्था(नियम) तिनीहरुको ......................मा लेखिएको थियो ।

१८. स्वाभावद्धारा मानिसहरुसंग..................छ । जब तिनीहरु चेतनाको विरुद्ध काम गर्छन तिनीहरु ....................हुन्छन ।

१९. पापीहरुले .................... भोग्नेछ ।

(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

यहूदीहरु पापी छन् (रोमी २:१७-३:८)

(रोमी २:१७-२४ सम्म पढनुहोस् )

*तर यदि तिमी यहूदी हुँ भनि व्यवस्थामा भर परेर परमेश्वरसंगको सम्बन्धमा घमण्ड गर्दछौ, र उहाँको इच्छा जान्दछौ, र व्यवस्थाबाट सिकाइएका उत्तम कुराहरु मन्जूर गर्दछौ, र यदि तिमीलाई यो निश्चय छ कि तिमी अन्धाको अगुवा हौ, अन्धकारमा हुनेहरुका निम्ति ज्योति हौ, मूर्खहरुलाई सुधार्छौ, अपरिक्वहरुलाई शिक्षा दिन्छौ, किनभने व्यवस्थामा नै सम्पूर्ण बुद्धि र सत्यता प्राप्त गरेका छौ-*

*यसरी जब तिमी अरुहरुलाई सिकाउँछौ, त के आफूलाई चाहिँ सिकाउँदैनौ ? जब तिमी चोरीको विरुद्धमा प्रचार गर्छौ, के तिमी आफै चाहिँ चोरी गर्छौ ? तिमी, जसले व्यभिचार नगर भनि भन्छौ, के तिमी आफै व्यभिचार गर्छौ ? तिमी, जो मूर्तिहरु घिनाउँछौ, के तिमी आफै मन्दिरहरु लुट्छौ ? तिमी, जो व्यवस्थामा घमण्ड गर्दछौ, के व्यवस्था उल्लङ्घन गरेर परमेश्वरको अनादर गर्छौ ? किनभने, लेखिएको छ, "अन्जातिहरुका बीचमा परमेश्वरको नाउँ तिमीहरुद्धारा नै निन्दित भएको छ।" (यशैया ५२:५, इजकिएल ३६:२२)*

पावलले अन्यजातिहरुको यौनकृयाकलाप र अरु प्रकारका खराब आचरणहरु पाप थिए भनेर स्पष्टसँग देखाइदिएका छन अब उनी आफ्नो यहूदी पाठकहरुतिर फर्कन्छन । बाहिरतिर हेर्दा अन्यजाति छिमेकीहरु जस्तै यहूदीजाति खराब देखिदैनन् । तर यहूदीहरुसँग पनि उनीहरुको पाप थियो । एउटा घमण्ड थियो । परमेश्वरले
यहूदीहरुलाई ती मानिसहरुको रुपमा चुन्नुभएको थियो जसबाट मुक्तिदाताको जन्म हुने थियो । उहाँले तिनीहरुलाई अरु जाति बाट अलग्गै रहन विशेष नियम दिनुभएको थियो, तिनीहरु विशेष जाति भएको कारण यहूदीहरु सजिलैसँग तिनीहरु अरु भन्दा असल छन् भन्ने विश्वास गर्दथे । पावल तिनीहरुलाई भन्छन, "तिमीहरु
परमेश्वरको
नजिकका हौ भनेर घमण्ड गर्छौ ।" तिनीहरुका पापको कारण तिनीहरु पवित्र परमेश्वरको नजिक छैनन् भन्ने कुरा तिनीहरुले महसुस गरेनन् । यहूदीहरुको बीचमा भएको दोस्रो पाप पाखण्डीपना थियो । तिनीहरु अर्कालाई यसो नगर्नु भन्दथे, तर आफू त्यही गर्थे । उदाहरण लागि, तिनीहरु अर्कालाई चोरी गर्नु हुँदैन भनेर सिकाउँथे तर स्वयं चोर्दथे । यस प्रकार परमेश्वरको अनादर भएको थियो यद्यपि अन्यजातिले यस्तो देखे र परमेश्वरको नामको विरुद्ध खराब कुरा बोले । यसरी यहूदीहरु पनि अन्यजातिहरु जस्तै दोषी थिए ।



*परमेश्वरले मोशालाई दश आज्ञा दिनुभयो ।*

याद गर्नु पर्ने कुराहरुः
२०. यहूदीहरुको बीचमा दुइवटा पाप .................... र .................. थिए ।
२१. यहूदीहरु घमण्डी थिए कारण तिनीहरु परमेश्वरका .................. मानिस थिए ।
२२. किनकि यहूदीहरु जे प्रचार गर्थे व्यवहारमा ल्याउँदैनथे, यद्यपि यहूदीहरुको परमेश्वरको बारेमा .................... खराब कुरा बोल्थे ।
(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

(रोमी २:२५-२९ सम्म पढनुहोस्)
*व्यवस्था पालन गर्दछौ भनेता खतनाबाट साँच्चै लाभ हुन्छ, तर व्यवस्था उल्लङ्घन गर्दछौ भनेता तिम्रो खतना बेखतना हुन्छ । यदि शरीरमा बेखतना भएकोले व्यवस्थाका धार्मिक-विधान पालन गर्दछ भने, के त्यसको बेखतना खतना नै गनिनेछैन र ? तब शरीरमा खतना नभएर पनि व्यवस्था चाहिँ पालन गर्नेहरुले, लिखित व्यवस्था भएका र खतना पनि भएका तिमीहरु व्यवस्था उल्लङ्घन गर्नेहरुलाई दोषी ठहराउँछन् । बाहिरी रुपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइन, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा होइन । यहूदी त्यो हो, जो भित्री रुपले यहूदी हो, र साँचो खतना चाहिँ हृदयको कुरो हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन । यस्तो मानिसको प्रशंसा मानिसहरुबाट होइन, तर परमेश्वरबाट हुन्छ ।*

किनकि परमेश्वरले यहूदीजातिलाई ती मानिसहरुको रुपमा चुन्नुभएको थियो जसबाट येशू प्रतिज्ञा गरिएको मुक्तिदाता जन्मिनु हुने थियो, उहाँले यहूदीहरुसँग विशेष संझौता, एउटा करार बाँध्नु भएको थियो । खतना भएर, एउटा यहूदी परमेश्वरले आफ्ना मानिससंग बाँध्नु भएको करारसंग स्पष्टता साथ उ मन्जूरी जनाउथ्यो । तापनि, खतना भएका यहूदीहरुले परमेश्वरको करारमा तिनीहरुबाट माग गरिएको कुरा गरेका थिएन, तिनीहरुले वास्तवमा तिनीहरुको खतनाको मूल्यलाई इन्कार गरिरहेका थिए । अर्को तर्फ, यदि एउटा खतना नभएको अन्यजातिले विश्वासमा परमेश्वरको करार स्वीकार गऱ्यो जुन उसको लागि प्रतिज्ञा गरिएको एउटा

मुक्तिदाता हुनुहुन्छ, यसरी ऊ परमेश्वरमा खतना नभएरै पनि स्वीकार्य हुन्छ । सन्त पावल देखाउछन कि खतना बाहिरी देखिने कुरा हो । सबै भन्दा महत्वपूर्ण केहि कुरा व्यक्तिको भित्र हो, हृदयमा भएको विश्वास । यो परमेश्वरमा गरिएको भरोसा पवित्र आत्माद्धारा दिइएको छ । यो वरदान हो, यो कर्मद्धारा कमाउन सकिदैन । यस्तो प्रकारको विश्वासले परमेश्वरलाई "प्रशंसा" दिन्छ अथवा स्वीकृत हुन्छ ।

याद गर्नु पर्ने कुराहरु:

२३. परमेश्वरले यहूदीजातिहरुसँग एउटा विशेष .................... बाँध्नुभयो किनभने .................. तिनीहरु कहाँ जन्मिनु हुने थियो ।

२४. एउटा यहूदी खतना भएर करारसंग ................. जनाउथ्यो ।

२५. परमेश्वरको यहूदीहरुसँगको करार ....................... संग पनि खुला थियो ।

२६. साँचो खतना बाहिरी कुरा होइन तर बरु एउटा विश्वासीको ...................... छ ।

२७. विश्वास एउटा ................. द्वारा दिइएको ................ हो ।

(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

(रोमी ३:१-४ सम्म पढनुहोस्)

*अब यहूदीलाई के फाइदा छ त ? अथवा खतनाको के मोल ? हर प्रकारले यसमा ज्यादै लाभ छ । सर्वप्रथम त परमेश्वरको वाणी यहूदीहरुलाई सुम्पिएको हो । यदि तिनीहरुमध्ये कसै-कसैले विश्वास गरेनन् भने, के भयो त ? के तिनीहरुको अविश्वासले परमेश्वरको विश्वासयोग्यतालाई रद्द तुल्याउँछ र ? त्यसो नहोस्, परमेश्वर सत्य र हरेक मानिस झूटो ठहरिओस् । जस्तो लेखिएको छ, "तपाई आफ्ना वचनमा ठीक ठहरिनुहोस्, र इन्साफ हुँदा तपाई विजय हुनुहोस् ।" (भजनसंग्रह ५१:४ हेर्नुहोस)*

केवल खतना गरिएका यहूदी मात्रै नभएर प्रतिज्ञा गरिएको मुक्तिदातामा विश्वासद्धारा अन्यजातिहरु पनि बचाइएका हुन सक्नेछन, परमेश्वरको करार मुनि विशेष जाति भएकोमा के यहूदीहरुलाई कुनै फाइदा छ ? पावल भन्छन, "हो फाइदा छ"

पुरानो नियम, उहाँले लेख्नुभएको वचन मोशा र अगमवक्ताहरुद्धारा परमेश्वरले चुन्नुभएको आफ्ना मानिसहरुलाई दिनुभयो । त्यहाँ थियो, र सधैं हुनेछ, केही जो परमेश्वरको वचन स्वीकार्दैनन् के तिनीहरुको अविश्वासले परमेश्वरको विश्वास योग्यतालाई रद्द तुल्याउँछ र ? पावल भन्छन, "त्यसो नहोस" भजनकार सत्य भन्छन परमेश्वर "जे कुरा उहाँ गर्नु हुन्छ त्यसमा "ठीक" र "निष्पक्ष" हुनुहुन्छ । अब पावल पद ५-८ मा एउटा विचार दर्शाउँछन कि एउटा "मानवीय तरिकाको सोचाइ" परमेश्वरको निष्पक्षताको विरुद्धमा खडा हुन सक्छः

(रोमी ३:५-८ सम्म पढनुहोस् )
*तर हाम्रो अधार्मिकताले परमेश्वरको धार्मिकतालाई प्रकाशमा ल्याउँछ भने, हामी के भनौ ? के परमेश्वरको कोध हामीमाथि आइपर्दा उहाँले अन्याय गर्नुहुन्छ ? (म मानिसले जस्तै तर्क गर्दछु) कदाचित् होइन ! त्यसो भए, परमेश्वरले संसारको इन्साफ कसरी गर्न सक्नुहुन्थ्यो र ? तर यदि मेरो भूटले गर्दा परमेश्वरको सत्यता उहाँकै महिमाको निम्ति प्रशस्त हुन्छ भने, किन पापी भै इन्साफमा परिरहेको छु ? त्यसो भए, असल होस् भनेर खराबी नै किन नगर्ने त ? कोही-कोही मानिसहरुले हामी त्यसै भन्छौ भनी हामीलाई तिनीहरुको दोषारोपण न्यायसङ्गतै छ ।*

मानव तर्कले भन्छ, "जब पापी मानिस गलत हुन देखिन्छन, परमेश्वरको पवित्रता भन् बढी स्पष्टसँग प्रकट हुन्छ । त्यो परमेश्वरको लागि फाइदा हो । के त्यसको लागि परमेश्वरले उसलाई दण्ड दिने ?" पावल अर्को भयानक गलत सुभावको बारेमा भन्दछन् जो केही भूटा शिक्षकहरुले उनमाथि आरोप लगाइरहेका थिए, तिनीहरुले उनको अनुग्रहको यो शिक्षालाई गलत प्रकारले बुभ्केका थिएकः "खराब कार्य गर ताकि असल कुरा हुनेछ ।" पावल स्पष्टतया भन्छनः जब तिनीहरु न्यायको दिनमा दोषी भेटाईनेछन तब परमेश्वरको निष्पक्षता स्पष्ट देखिनेछ ।

याद गर्नु पर्ने कुराहरुः
२८. यहूदीहरु ठूलो फाइदाको लागि खुशी भएका थिए किनभने मोशा र अगमवक्ताद्धारा परमेश्वरले तिनीहरुलाई..................................दिनुभएको थियो ।
२९. पावल भन्छन परमेश्वर..................हुनुहुन्छ जब उहाँले पापीहरुलाई दण्ड दिनुहुनेछ ।
(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

सबै मानिसहरु पापी छन् (रोमी ३:९-२०)

(रोमी ३:९)
*उसो भए के हामी यहूदीहरु अझ असल छौं त ? अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरु दुवै पापको वशमा छन् भनी मैले दोष लगाइसकेको छु ।*

पावल एउटा यहूदी थिए, र यो पत्रका केही पाठकहरु यहूदीहरु थिए । पावल प्रश्न गर्छन, "के हामी यहूदीहरु अझ असल छौ त ? तब आफ्नो प्रश्नको उत्तर स्वयं दिन्छनः अवश्य छैनौ ! हामीले पहिले नै भनेकाछौ यहूदीहरु पापी छन ।" अन्यजातिहरु असल छैनन् । तिनीहरुका घृणित यौन दुराचारका पापहरु र अध्याय एकमा अझ तिमीहरुले दुष्ट(खराब) कुराहरु बोलेका सम्झना गरौ ।
सबै मानिसहरु पापी छन ।

(रोमी ३:१०-१८ सम्म पढनुहोस्)
*जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन । ती सबै बरालिएका छन्, तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन ।" –(भजनसंग्रह १४:१–३, ५३:१–३,उपदेशक ७:२०)"तिनीहरुका घोका खुला चिहान हुन्, तिनीहरु आफ्ना जिब्राले छलका कुरा गर्छन् ।" –(भजनसंग्रह ५:९)"सर्पको विष तिनीहरुका ओठमा छ ।" –(भजनसंग्रह १४०–३)"तिनीहरुका मुख सराप र तीता कुराले भरिएका छन् ।" –(भजनसंग्रह १०:७) "तिनीहरुका खुट्टा रक्तपात गर्नलाई छिटा छन् । विनाश र दुर्दशा*

*तिनीहरुको बाटोमा छन् । र शान्तिको बाटो तिनीहरुले चिनेका छैनन् ।"–(यशैया ५९:७–,८) "तिनीहरुका आँखाको सामने परमेश्वरको भय छैन ।"*
*–(भजनसंग्रह ३६:१)*

आदम र हव्वा पापमा परे देखि नै, तिनीहरुको हरेक पुस्ताहरुमा पाप फैलिदै आएको छ । पद १०-१२ सम्म पावलले छ पटक कोही पनि परमेश्वरमा योग्य छैन भन्छन । पद १२ मा सबै बेकम्मा भएकाछन भनेर दुई पटक भन्छन, यो धेरै वचनका खण्डहरुबाट आधारित उनले उल्लेख गरेका छन् प्राय गरेर भजनसंग्रह बाट ।

(रोमी ३:१९,२० पढनुहोस्)
*अब हामी जान्दछौ, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरुलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जावफदेही होस् । यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्धारा नै पापको चेतना हुन्छ ।*

व्यवस्था परमेश्वरको वचनको एक भाग हो परमेश्वरले हामीबाट के आशा राख्नुहुन्छ यसले भन्दछ । किनकि हामी पापीहरुले परमेश्वरको व्यवस्थाले जे माग गर्दछ पूरा गर्न सक्दैनौ, व्यवस्थाले हामीलाई परमेश्वरको अगाडि धर्मी पार्न सक्दैन । यसको विभिन्न उद्देश्य छ । यसले हामीलाई हाम्रो मुक्तिदाताको आवश्यकता देखाउँछ ।

याद गर्नु पर्ने कुराहरु:
३०. कति मानिसहरु पापी छन ? ........................................
३१. परमेश्वरको व्यवस्थाले हामीलाई भन्छ परमेश्वर .................. के .....................।
३२. पापीहरुले व्यवस्था पालन गर्न सक्दैनन्, व्यवस्थाले हामीलाई परमेश्वरको अगाडि .......... पार्न सक्दैन ।
३३. व्यवस्थाको उदेश्य ............................................ हो ।
(पेज नं.३५ मा उत्तर जाँच्नुहोस्)

याद गर्नु पर्ने कुराहरुको उत्तर:
१.सृष्टि गरिएको संसार,२.आज्ञाकारिता,३.पाप गरिरहेका, ४.अन्यजातिहरु, ५.आराधना, पूजा-प्राणीहरुको, ६.अनादर, ७.तिनीहरुलाई गर्न दिनु, ८.वरदान, ९.समयौनी, १०.हत्या, झगडा, चोरी, घृणा, ११.मर्नु, १२.प्रोत्साहन, १३.आफै, १४.पश्चात्ताप, १५.असल कार्य, विश्वास, १६.वरदान, १७.अन्यजाति,हृदयहरु, १८.चेतना, पाप गरिरहेका, १९.दण्ड, २०.घमण्डा पाखण्डी, २१.विशेष, २२.अन्यजाति, २३.सम्झौता, येशू, २४.मन्जूरी, २५.अन्यजाति, २६.हृदय, २७.वरदान, पवित्र आत्मा,२८.बाइबल पुरानो नियम, २९.निष्पक्ष, ३०.सबै, ३१.हामी बाट के आशा राख्नु हुन्छ, ३२.ठिक (धर्मी), ३३.हाम्रो आवश्यकताको लागि एउटा मुक्तिदाता देखाउँछ।

अध्याय दुई
कृपया "याद गर्नु पर्ने कुराहरु" पुनरावलोकन गर्नुहोस्

१. मानिसहरुले ................... बाट भन्न सक्छन कि त्यहाँ परमेश्वर हुनुहुन्छ भनेर ।

२. मानिसहरु तिनीहरुको सृष्टिकर्ता परमेश्वर प्रतिको .......................... हुनु पर्छ ।

३. जब मानिसहरु परमेश्वरप्रति आज्ञाकारी हुँदैनन् तिनीहरु .............. हुन्छन ।

४. यौनकृया परमेश्वरबाटको वरदान हो । धेरै अन्यजातिहरुले .............. अपनाएर परमेश्वरको वरदान बिगारे ।

५. त्यस्तो प्रकारको कार्य गर्नाले अन्यजातिहरुले ...................... पर्थ्यो ।

६. त्यस्तो प्रकारको पाप गम्भीर हो तर यो अझै सब भन्दा खराब हो जब पापीहरु एक अर्कोलाई त्यही गर्न ................... दिन्छन ।

७. परमेश्वर पापी प्रति धैर्यवान हुनुहुन्छ तिनीहरुलाई ........................गर्ने समय दिनुहुन्छ ।

८. उद्धार ................. द्धारा कमाउन सकिदैन यो येशूले जे गर्नु भएको छ त्यसमा ...............द्धारा आउँछ ।

९. अनन्त जीवन विश्वासीहरुलाई परमेश्वरले दिनुभएको ..................... हो ।

१०. ....................मोशाको व्यवस्थामुनि थिएनन् तर तिनीहरुसंग भिन्न व्यवस्था थियो । यो व्यवस्था(नियम) तिनीहरुको ...................... मा लेखिएको थियो ।

११. स्वाभावद्धारा मानिसहरुसंग...................छ । जब तिनीहरु चेतनाको विरुद्ध काम गर्छन तिनीहरु .....................हुन्छन ।

१२. यहूदीहरुको बीचमा दुइवटा पाप ....................र .................. थिए ।

१३. परमेश्वरले यहूदीजातिहरुसँग एउटा विशेष .................... बाँध्नुभयो किनभने ................ तिनीहरु कहाँ जन्मिनु हुने थियो ।

१४. यहूदीहरु ठूलो फाइदाको लागि खुशी भएका थिए किनभने मोशा र अगमवक्ताद्धारा परमेश्वरले तिनीहरुलाई .................. ................ दिनुभएको थियो ।

१५. परमेश्वरको व्यवस्थाले हामीलाई भन्छ परमेश्वर................... के .....................। पापीहरुले व्यवस्था पालन गर्न सक्दैनन्, व्यवस्थाले हामीलाई परमेश्वरको अगाडि .......................पार्न सक्दैन ।

१६. व्यवस्थाको उद्देश्य................................हो ।

(उत्तर जाँच्नको लागि पेज नं. २०९ मा हेर्नुहोस् )



# विश्वासद्धारा धर्मी

तीन अध्याय

पापीहरु धर्मी ठहऱ्याइएका छन अथवा पाप क्षमा गरिएकाछन

*रोमी ३ २१-५ २१*

## तीन अध्याय:
## पापीहरु धर्मी ठहऱ्याइएका छन अथवा पाप क्षमा गरिएकाछन

### पापीहरु धर्मी ठहऱ्याइएका छन अथवा पाप क्षमा गरिएका छन (रोमी ३:२१-३१)

(रोमी ३:२१-२२ सम्म पढनुहोस्)
*तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरुले दिएका छन्। येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ। किनभने केही भेद छैन,*

अध्याय दुइ धेरै निरुत्साहित सुचनामा समाप्त भयो। यसले सबै मानिसहरु पापी हुन् भनेको छ। हामी कोही पनि परमेश्वरको अगि धर्मी छैन। अध्याय तीन तर भन्ने महत्वपूर्ण शब्दबाट शुरु हुन्छ। हामीसंग धार्मिकता छैन तर हाम्रो समस्याको समाधान छ। यो बाइबलमा "व्यवस्था र अगमवक्ता" भनिएको छ। यो हामीले सोचेको भन्दा सम्पूर्ण भिन्न एउटा योजना हो। धर्मी ठहरिनलाई परमेश्वरको आज्ञा (व्यवस्था) पालन गर्नु पर्छ भन्ने विचार हामीमा थियो। तर हाम्रो गराईलाई परमेश्वरको योजनासित केही गर्नु छैन। येशू ख्रीष्टले हाम्रो लागि जे गर्नुभयो ती कुराहरुसंग यसले सबै थोक गर्दछ।

(रोमी ३:२२ ख-२५ पद सम्म पढनुहोस्)
*किनभने केही भेद छैन, किनकि सबैले पाप गरेकाछन , र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएका छन्। परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्धारा प्रायश्चितको बलिदान स्वरुप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित*

*विश्वासद्धारा ग्रहण गर्नु पर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरुलाई उहाँले वास्त ।गर्नुभएको थिएन ।*

त्यही मुक्तिको योजना सबै मानिसहरुमा लागू हुन्छ, यहूदी र अन्यजातिहरुमा पनि । हरेकले पाप गरेकाछन । हरेक मानिस मृत्युको योग्य छन । तर येशू हाम्रो सट्टामा मर्नको लागि पृथ्वीमा आउनुभयो ।उहाँ हाम्रो प्रतिस्थापक हुनुभयो । परमेश्वरले उहाँको बलिदानलाई यस संसारका हरेक पापीहरुको सबै पापको लागि मूल्य चुकाएको रुपमा स्वीकार्नुभयो । किनभने पापको मूल्य तिरिसकेको छ । परमेश्वरले पापीहरुलाई अहिले क्षमा गर्न सक्नुहुन्छ । परमेश्वरले क्षमा दिइएको पापीहरुलाई धर्मीको रुपमा हेर्नु हुन्छ । परमेश्वरले पापीहरुलाई धर्मीको रुपमा
घोषणा गर्नुहुन्छ । र यो परमेश्वरको अनुग्रहको एउटा पूर्ण सित्तैको वरदान हो ।

याद गर्नु पर्ने कुराहरु:
१. .............ले पाप गरेकाछन र हरेक ................योग्यका छन ।
२. ख्रीष्ट हाम्रो सट्टा.............भयो हाम्रो............को मूल्य चुकाउनुभयो ।
३. किनभने पापको मूल्य तिरिएको छ, परमेश्वरले पापीहरुलाई अहिले ..............गर्न सक्नुहुन्छ ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ३:२५ ख, २६ पढनुहोस्)
*यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरुलाई उहाँले वास्ता गर्नुभएको थिएन । परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरुलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो ।*

परमेश्वर आफ्नो व्यवहारमा निष्पक्ष हुनुहुन्छ भनेर पावलले पहिले नै वर्णन गरिसकेका छन । यहाँ अर्को उदाहरण छ । पाप गम्भीर

भएको कारण पापीहरु मारिन योग्यका छन । परमेश्वर एउटा दयालु बुढो हजुरबुबा जस्तो हुनु हुन्न जसले पापीहरुलाई, "सबै ठीकै छ, । वास्तवमा म ती सबै प्रथम स्थानमा दश आज्ञाको बारेमा गम्भीर थिएन" भन्दछ । त्यस्तो होइन पापको मूल्य चुकाउनु आवश्यक छ । जब ख्रीष्ट हाम्रा सबै पापहरुलाई उहाँले बोकेर क्रूसमा मर्नुभयो ती सबै चुक्ता गरिएका छन् परमेश्वरको निष्पक्षताले हामीलाई सान्त्वना दिन्छ कि हाम्रा पापहरुको मूल्य चुकाइएको छ र हामीलाई क्षमा गरिएको छ ।

(रोमी ३:२७,२८ पढनुहोस्)
*तब हाम्रो घमण्ड कहाँ गयो ? त्यसको त ठाउँ नै छैन । कुन सिद्धान्तमा यसो गर्ने त ? यो कर्मको सिद्धान्तद्धारा हुने ? कदाचित होइन ! यो त विश्वासको सिद्धान्तबाट मात्र हुन सक्छ । यसकारण व्यवस्थाका कर्महरुको पालनविना विश्वासद्धारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।*

व्यवस्था पालन गरेर मानिस बचाइन सक्दैन । वास्तवमा, कुनै कार्य गरेर त्यसद्धारा तिनीहरु बचाइएका छैनन् । यद्यपि विश्वास गर्ने कुरा पनि हामीले केहि थोक कमाउने कुनै कार्य होइन । बाइबलको यो अनुवाद "हामी बचाइएका छौ किनकि
हामी विश्वास गर्छौं ।" प्रयोग गरिरहेकाछौ, यो अनुवादको अर्थ उद्धार कमाउन विश्वासद्धारा हामीले केही गर्नु पर्छ भनेर गलत बुझाईमा पार्न सक्छ । यो भन्नु अझै ज्यादा उत्तम छ, "हामी विश्वासद्धारा बचाइएका छौ ।" विश्वास केवल "हात" हो कि जसले परमेश्वरबाट एउटा निःशुल्क उपहार स्वरुप क्षमादान प्राप्त गर्छ । स्मरणरहोस् यो पुस्तकको शिर्षक विश्वासद्धारा धर्मी ठहरिनु हो ।



हाम्रो पापको दण्ड भोग्न येशू क्रूसमा मर्नुभयो ।

याद गर्नु पर्ने कुराहरु:
४. मानिसहरु तिनीहरुले ................गरेर बचाइन सक्दैनन् ।
५. ................पनि हामीले गर्ने कुनै एउटा कार्य होइन जो हामी गर्छौं ।
६. हामीले विश्वासको कार्य गरेको ..............ले बचाइएका छैनौ तर विश्वास ...............बचाइएका छौ ।
७. विश्वासले परमेश्वरबाट एउटा................स्वरुप क्षमादान प्राप्त गर्छ ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ३:२९-३१ सम्म पढनुहोस्)
*के परमेश्वर केवल यहूदीहरुकै मात्र परमेश्वर हुनुहुन्छ र ? के उहाँ अन्यजातिहरुका पनि परमेश्वर हुनुहुन्छ । किनकि परमेश्वर एउटै हुनुहुन्छ । उहाँले खतनावाललाई तिनीहरुका विश्वासको आधारमा र खतना नभएकालाई तिनीहरुको विश्वासद्धारा धर्मी ठहराउनुहुन्छ । तब के हामी यही विश्वासद्धारा व्यवस्थालाई रद्द गर्ने ? कदाचित् होइन ! बरु हामीहरु त व्यवस्थालाई कायम पो राख्छौं ।*

परमेश्वर एक हुनुहुन्छ । उहाँ यहूदी र अन्यजातिको परमेश्वर हुनुहुन्छ । मुक्तिको मार्ग एउटै छ र त्यो ख्रीष्टमा विश्वासद्धारा हो । उहाँमा भरोसा राख्ने कार्य यहूदी र अन्यजातिहरु दुवैको हो ।

विश्वासद्धारा धर्मी  (रोमी ४:१-२५)
अब्राहामको विश्वास

(रोमी ४:१-५ सम्म पढनुहोस्)
*अब, शरीर अनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौ त ? यदि अब्राहाम कामद्धारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन । किनकि पवित्र शास्त्रले के भन्छ ? "अब्राहामले परमेश्वरमाथि विश्वस गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो ।" (उत्पत्ति १५:६ हेर्नुहोस) अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो । जसले कर्म चाहिँ गर्दैन, तर*

*भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ ।*

यहूदीहरु र अन्यजातिहरु दुवैको लागि परमेश्वरको मुक्तिको योजना एउटै हो । यो विश्वासद्धारा हुन्छ न कामद्धारा । पावल हामीलाई एउटा यहूदी अब्राहामको उदाहरण दिएर शुरु गर्छन । वचनले स्पष्टतया भन्छ, "अब्राहामले परमेश्वरमा विश्वास गरे ।" यसले कर्मको बारेमा केही भन्दैन । यसकारण महान अब्राहामले घमण्ड गर्न सकेनन् । उनले केही पनि कार्य गरेनन् । उनको विश्वासले एउटा निःशुल्क उपहार परमेश्वरबाट धार्मिकता प्राप्त गरे । प्रत्येक दिनको संसारमा, यदि एउटा मानिसले कसैको लागि केही कार्य गर्दछ, भने मालिकले उसलाई कमाईको रुपमा पैसा दिन्छ भने त्यो कमाउनु हो । यो ज्याला हो तर उपहार होइन । तर परमेश्वरमा यो पूर्णतया फरक छ । परमेश्वरले विश्वासीहरुलाई खीष्टले आर्जेको एउटा उपहार स्वरुप त्यो धार्मिकता प्रदान गर्नुहुन्छ ।

याद गर्नु पर्ने कुराहरु:

८. यहूदीहरु र अन्यजातिहरु दुवै ............. .द्धारा बचाइएका हुन र ................ द्धारा होइनन् ।

९. अब्राहामले क्षमादान प्राप्त गर्न कुनै कार्य गरेनन्, त्यसकारण उनले ................ गर्न सक्दैनन् ।

(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

## विश्वासद्धारा धर्मी

(रोमी ४:६-८ पढनुहोस् )

*परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्धारा दाऊदले धन्यका भन्छन्, "तिनीहरु धन्यका हुन्, जसका अपराधहरु क्षमा भएका छन्, र जसका पापहरु ढाकिएका छन् । त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न ।"*
*(भजनसंग्रह ३२:१,२ हेर्नुहोस)*



*दाऊदले परमेश्वरको सहायताद्वारा गोल्यतलाई हराए।*

राजा दाऊद अर्को यहूदी विश्वासीको उदाहरण हुन् जसले परमेश्वरको प्रतिज्ञामा भरोसा राखेका थिए र विश्वासद्धारा धर्मी ठहरिएका थिए, अन्य कृयाकलाप विना नै धर्मी ठहरिएका थिए। राजा दाऊदको भजनले हामीलाई प्रष्ट देखाउँछ कि विश्वासद्धारा धर्मी हुनुको केन्द्र बिन्दु पापको क्षमा हो। यसले मानिसहरुलाई परमेश्वरमा धर्मी बनाउँछ।
पावलले खतना भएका दुइ यहूदी विश्वासीहरुको उदाहरण दिइएको छ अब्राहाम र दाऊद, विश्वासद्धारा बचाइएका थिए। अब प्रेरित हामीलाई यो देखाउँछन कि त्यही मुक्तिको योजनाले खतना नभएका अन्यजातिहरुलाई पनि काम गर्छ जसले विश्वास गर्छन।

(रोमी ४:९-१२ पढनुहोस्)

*के यो आशीर्वाद खतनावालहरुका निम्ति मात्र हो ? कि बेखतनावालहरुका निम्ति पनि हो ? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। तब कसरी यो उनको निम्ति धार्मिकता गनियो ? उनको खतना हुनु भन्दा अघि वा पछि ? उनको खतना भइसकेपछि होइन, तर अघि। खतना नहुँदै विश्वासद्धारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरुप उनले खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन् भन्ने उदेश्यले यो भएको हो। उनी ती खतनावालहरुका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थिए।*

पावल प्रश्न गर्छन, "कहिले परमेश्वरले अब्राहामको विश्वासलाई धार्मिकतामा गणना गर्नुभयो ? उनको खतना हुनु भन्दा पहिले अथवा पछाडि ?" प्रश्न महत्वपूर्ण छ किनभने खतना नभएका अन्यजातिहरु बचाइन सक्छन भनेर यसले निर्णय गर्छ। प्रश्नको उत्तर पाउन उत्पत्तिको पुस्तक हेर्न आवश्यक छ। उत्पत्ती १२:१–३ ले हामीलाई भन्छ ७५ वर्षको उमेरमा अब्राहामलाई परमेश्वरले उनलाई घरबाट निस्कन र एउटा नयाँ देशमा जान भन्नुभयो। त्यहाँ परमेश्वरले एउटा ठूलो जाति बनाउदै हुनुहुन्थ्यो। अब्राहमले

विश्वास गरे र गए । प्रतिज्ञा गरिएको पुत्रको जन्मको लागि उनले २५ वर्ष पर्खनु पर्ने त्यो समय उनलाई थाहा थिएन ।

उत्पत्ती १५:५,६ मा परमेश्वरले आफ्नो प्रतिज्ञा दोहऱ्याउनुभयो अब्राहमलाई सान्त्वना दिंदै कि उनका सन्तान ताराहरु भन्दा बढी हुनेछन् भनेर , यहाँ हामीलाई भनिएको छ, "अब्राहामले परमप्रभुमा विश्वास गरे र यो तिनको निम्ति धार्मिकता गनियो ।" यो समयमा अब्राहाम परमेश्वरसँग धर्मी ठहरीएका थिए । धेरै वर्ष पछि जब अब्राहम ९९ वर्षको उमेरमा पुगे अझै पनि प्रतिज्ञा गरिएको उत्तराधिकारी थिएन । परमेश्वरले धेरै पूर्खाहरुको आफ्नो प्रतिज्ञा फेरि दोहऱ्याउनु भयो यो समयमा अब्राहामसँग उहाँले औपचारिक करार (प्रतिज्ञा) बाँध्नुभयो । त्यो करारले अब्राहाम र उनका सन्तानहरुलाई खतना हुन लगाउँछ उत्पत्ती १७:९,१०) । यसले यो देखाउछः अब्राहामलाई खतना गर्न धेरै पछिबाट भनिएको छ पहिले नै उनी धर्मी घोषित भईसकेका छन् । खतनाले अब्राहामलाई परमेश्वरसँग धर्मी ठहऱ्याएको थिएन । उनको विश्वासले धर्मी ठऱ्याएको थियो ।

याद गर्नु पर्ने कुराहरुः

१०. जब पावल खतना भएका मानिसको कुरा गर्छन उनी ...................... लाई संकेत गरि रहेकाछन्, अन्यजातिहरुलाई .................... भनिन्छ ।

११. यहाँ प्रश्न यो हो यस्तो प्रकारको कुनै कार्य जस्तै ........................ विना नै मानिसहरु परमेश्वरमा धर्मी ठहरीन सक्छन् ।

१२. अब्राहाम विश्वासद्वारा खतना हुनु भन्दा ..................... नै बाचाईएका थिए र पछि होईनन् ।

१३. हामीले गरेको कुनै कार्यले होइन..................ले बचाउछ,

(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

उद्धारको लागि खतना आवश्यक छैन । केवल विश्वास मात्र हो । त्यसकारण विश्वास गरेर अन्यजाति बचाइन सक्छन् । यसप्रकार, अब्राहाम सबै विश्वासीका पिता हुन् खतना नभएका अन्यजाति विश्वासीहरुका र खतना भएका यहूदी विश्वासीहरु दुवैका ।

(रोमी ४:१३–१६ पढ्नुहोस्)

*संसारको उत्तरधिकारी हुनलाई अब्राहम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको हाईन, तर विश्वासको धार्मिकतबाारा आएको हो । यदि व्यवस्था पालन गर्नेहरु मात्र उत्तररधिकारी हुन्छन् भनेता विश्वास रद्द र प्रतिज्ञा व्यर्थ हुन्छ । किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन ।*
*त्यसैले यो प्रतिज्ञा विश्वासीमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहमका सबै वंशहरुका निम्ति पक्का होस् । यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरुका निम्ति मात्र नभएर अब्राहमको जस्तो विश्वासमा हुनेहरुका निम्ति पनि हो, किनकि अब्राहम हामी सबैका पिता हुन् ।*

यस खण्डमा पावलले धेरै महत्वपूर्ण शब्दको परिचय गराउछन् । त्यो शब्द “प्रतिज्ञा” हो । त्यहाँ अर्को भिन्न शब्द छ “व्यवस्था” । जब कुनै व्यक्ति भन्छ, “म तपाईलाई केहि कुरा दिनेछु तब एउटा प्रतिज्ञा दिइन्छ ।“व्यवस्था” ले अर्को दिशातिर काम गर्छ । यसले भन्छ, “मलाई केहि कुरा देऊ” अथवा मेरो निम्ति केहि कुरा गर ।”
परमेश्वरले अब्राहामलाई एउटा धेरै ठूलो प्रतिज्ञा दिनुभयो– वास्तवमा, एउटा तीन तह भएको प्रतिज्ञा ।
१. उनी गईरहेको भूमि उनलाई पैतृक सम्पत्तिको रुपमा प्राप्य हुनेछ;
२. उनका धेरै सन्तानहरु हुनेछन्, र
३. ती सन्तानहरुका माझ एउटा यहूदीजातिको परिवारबाट, पापबाट छुट्कारा गर्ने प्रतिज्ञा गरिएको मुक्तिदाता जन्मिनु हुनेछ ।
परमेश्वरले अब्राहामबाट कुनै थोकको माग्नु भएन । परमेश्वरले उनलाई केहि थोक दिने प्रतिज्ञा गर्नुभयो ।
पद १६ मा पावल भन्छन, “प्रतिज्ञा परमेश्वरको अनुग्रहमाथि भर परेको छ । प्रतिज्ञा विश्वासद्वारा आउछ ।” अनुग्रह त्यो अवस्था हो जसले परमेश्वरको प्रेमलाई व्यवहारमा बोल्दछ । यो प्रेम हो जसले उहाँलाई हाम्रो लागि केहि दिन लगाउछ । यसप्रकारले यो एकदम “प्रतिज्ञा” सँग नजिकको सम्वन्ध छ । एउटा प्रतिज्ञा पूर्णरुपमा प्रेतिज्ञा गर्ने व्यक्तिको उद्धारतामा भर पर्दछ । यदि प्राप्त गर्ने व्यक्तिले दिने व्यक्तिमाथि विश्वास गरेन भने प्रतिज्ञा पूरा हुदैन ।

प्रतिज्ञाले विश्वास चाहान्छ । परमेश्वरले प्रतिज्ञा गर्नुभयो, अब्राहमले विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो ।

याद गर्नु पर्ने कुराहरु:
१४. परमेश्वरले अब्राहामलाई तीन तहको प्रतिज्ञा बनाउनु भयो । उहाँले प्रतिज्ञा गर्नु भयो:

क .............................. ..........

ख ...........................................

ग ...........................................

१५. प्रतिज्ञा पूरा हुनको लागि प्रतिज्ञा प्राप्त गर्ने व्यक्तिको .............................. चाहिन्छ ।
१६. अब्राहामले परमेश्वरको प्रतिज्ञामा ...................... गरे ।
१७. त्यहाँ .................................. माग गरिएको थिएन कि अब्राहमले प्रतिज्ञा पूरा गर्नको लागि केहि कुरा गर्नु परेको थियो ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ४:१७–२२ पढ्नुहोस्)
*जसो लेखिएको छ, "मैले तँलाई धेरै जातिहरुका पिता बनाएको छु ।" (उत्पत्ति १७:५) जुन परमेश्वरमाथि अब्राहमले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन् । उहाले मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरुलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ । "तेरा सन्तान पनि यस्तै असंख्य हुनेछन्," (उत्पत्ति १५:५) भनेर परमेश्वरले भन्नुभएअनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहमले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरुका पिता बने । प्राय: सय वर्ष पुगिसकेका अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि विश्वासमा कमजोर भएनन् । परमेश्वरको प्रतिज्ञाबारे कुनै शङ्काले उनलाई डगमगाउन सकेन, तर आफ्नो विश्वासमा दह्लिलो भएर उनले परमेश्वरलाई महिमा दिए । प्रतिज्ञा गर्नुभएको कुरा परमेश्वरले गर्न पनि सक्नुहुन्छ भन्ने अब्राहामलाई पूरा निश्चय थियो । यसैकारण पनि उनको विश्वास "उनको निम्ति धार्मिकता गनियो ।"*

अब्राहामका धेरै सन्तानहरु हुनेछन् भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो । तर कुनै सन्तान प्राप्त गर्नु भन्दा पहिले उनले धेरै वर्ष पर्खेका थिए । सम्पूर्ण समयको अन्तरालमा अब्राहामले निरन्तर परमेश्वरको प्रतिज्ञामा विश्वास गरे । पावल हुन्छन् कि अब्राहमले परमेश्वर माथि विश्वास गरे जसले "मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ ।" परमेश्वरले के गर्नुभएको थियो भन्ने कुरा अब्राहमको अवस्थामा स्पष्टछ ।

जब अब्राहाम र उनकी श्रीमती सारा दुवै सन्तान जन्माउने सम्बन्धमा जबसम्म "मृतक" थिए, परमेश्वरले धेरै सन्तानहरुको उहाँको प्रतिज्ञा दोहऱ्याउनुभयो । परमेश्वरले ९९ वर्षका अब्राहाम र उनकी ९० वर्षकी वृद्ध श्रीमतीलाई एक वर्ष भित्रै तिनीहरुले एउटा छोरो पाउनेछन् भनेर आस्वस्त पार्नुभयो । तिनको छोरा इसहाकको जन्ममा परमेश्वरको प्रतिज्ञा पूरा भएको थियो । अब्राहमले परमेश्वरको तिन पत्री प्रतिज्ञामा विश्वास गरे यो उनको निम्ति धार्मिकता जस्तै ठहरियो ।

याद गर्नु पर्ने कुराहरु :

१८. अब्राहम र साराले एउटा छोराको लागि ........................ वर्ष पर्खेका थिए ।

१९. अब्राहम र सारा सन्तान जन्माउने क्षमतामा .............. थिए । र पनि, अब्राहमले निरन्तर परमेश्वरको प्रतिज्ञामा ...................... गरे ।

(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ४:२३–२५ पढ्नुहोस्)

*धर्मिकता "गनिएको हो" भन्ने यो वचन उनैको खातिर मात्र लेखिएको होइन, तर हाम्रा प्रभुलाई मरेकाहरुबाट जीवित पार्नुहुनेमाथि विश्वास गर्छौं, यो हाम्रा निम्ति पनि गनिनेछ । उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।*



येशूको चिहानमा एउटा स्वर्गदुतले स्त्रीहरुलाई येशू बौरी उठ्नु भएको छ भने ।

अब्राहाम बिश्वासद्धारा बचाइए भन्ने बाइबलको विवरण अब्राहामको लागि मात्र लेखिएको होईन् । यो हाम्रो लागि पनि हो, परमेश्वरको प्रतिज्ञामा विश्वासद्धारा मुक्ति अझै पनि बचाइने एउटा मार्ग हो, र यो हाम्रो लागि पनि प्राप्त हुने कुरा हो । परमेश्वरले अब्राहमलाई दिनुभएको तीन पत्रे प्रतिज्ञामा धेरै सन्तानहरुको प्रतिज्ञा समावेस छ । ति प्रतिज्ञा गरिएका सन्तानमध्ये प्रतिज्ञा गरिएको मुक्तिदाता थिए, नासरतका येशू । उहाँ हाम्रो प्रतिस्थापन हुन पृथ्वीमा आउनुभयो । उहाँले हाम्रो लागि सिद्ध जीवन जीउनु भयो र उहाँ पापहरुको लागि मर्न सुम्पिनुभयो । यो प्रमाणित गर्न कि उहाँको मृत्युले हाम्रा सबै पापको मूल्य तिरियो भन्ने प्रमाणित गर्न परमेश्वर पिता जसले मृतकलाई जीवन दिनुहुन्छ, इष्टरको बिहानै फेरि उहाँलाई जीवित पार्नु भयो । अहिले उहाँ हामीलाई जीवन र मुक्तिको लागि विश्वास गर्न निमन्त्रणा दिनुहुन्छ । खीष्टमा विश्वासद्धारा हामी पनि अब्राहम जस्तै धर्मी र पाप क्षमा गरिएका छौ । यसप्रकारले हामी सबै विश्वासीहरुका पिता अब्राहमका सन्तानहरु भएका छौँ, ।

याद गर्नु पर्ने कुराहरु :
२०. बाइबलले भन्छ अब्राहम विश्वासद्धारा बचाइने कुरा ....................... लागि फाइदा हो । हामी पनि यस्तो प्रकारको अब्राहमको जस्तो ........................द्धारा बचाइने छौ ।
२१. येशूले हाम्रो लागि ...................... जीवन जीउनु भयो र हाम्रो लागि निर्दोष भई..................भयो ।
२२. परमेश्वर पिताले येशूलाई मृतकबाट .............भयो यो प्रमाणित गर्न कि उहाँ संसारको पापको लागि येशूको बलिदानसँग सन्तुष्ट हुनुहुन्थ्यो ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

विश्वासीको शान्ति र आनन्द (रोमी ५:१–११)

(रोमी ५:१,२ पढ्नुहोस्)
*यसैकारण विश्वासद्धारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू खीष्टद्धारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ । उहाँद्धारा हामीले यस अनुग्रहमा विश्वासद्धारा प्रवेश पाएका छौँ । यस अनुग्रहमा हामी*

*खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं ।*

एउटा पवित्र परमेश्वरले पापलाई सहन  सक्नु हुन्न । यदि पापलाई सहनु भएको भए उहाँ पवित्र हुनुहुदैनथ्यो । पवित्र परमेश्वर र पाप पूर्ण मानिसहरुको बीचमा शत्रुता  छ । जे भएता पनि, येशूको सिद्ध जीवन र निर्दोष मृत्युद्वारा उहाँले हाम्रो पापको मोल तिर्नुभएको छ । ती सबै भईसक्यो । परमेश्वरले लामो समयसम्म हाम्रो विरुद्धमा त्यसलाई लिई राख्नु हुन्न । परमेश्वर र पापीहरुको बीचको शत्रुता हटीसकेको छ । अब त्यहाँ शान्ति छ । यो परिवर्तनको भनाईमा पावल लेख्छन्, "येशूमा विश्वासद्वारा हामीले परमेश्वरको अनुग्रह प्राप्त गरेका छौ ।" अनुग्रह भन्ने शब्द फेरि आएको छ यसले हामीलाई परमेश्वरले हामीलाई दिने उत्कट इच्छा देखाउँछ । हामी यहाँ यो भन्न सक्छौ, "येशूमा विश्वासद्वारा हामीले परमेश्वरको उपहार (वरदान) पाएका छौ ।" क्षमादान  हामीद्वारा होईन येशूद्वारा आर्जन गरिएको छ । यो परमेश्वरबाटको सित्तैको उपहार हो । हाम्रा पापको क्षमाद्वारा हामी परमेश्वरसँग शान्तिमा छौ । जहाँ परमेश्वरसँग शान्ति हुन्छ हामी परमेश्वरसँग अनन्तसम्म स्वर्गमा रहनेछौ भन्ने जानेर आनन्द हुन्छ ।

याद गर्नु पर्ने कुराहरु :
२३. पापको क्षमा एउटा परमेश्वरबाटको .................... हो ।
२४. हाम्रा पापको क्षमासँगै हामीलाई परमेश्वरसँगै ............. छ ।
२५. जब त्यहाँ परमेश्वरसँग शान्ति छ, त्यहाँ .............................. पनि छ ।
२६. यो खुशीले ......................मा .......................... सँग अनन्तता बिताउन पर्खिन्छ ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ५:३–५ पढ्नुहोस्)
*यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीतता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र*

*चरित्रले आशा उत्पन्न गराउँछ । आशाले हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।*

स्वर्गमा एउटा अनन्तताको लागि पर्खिन एउटा आनन्द हो । तर हाम्रो खुशी भविष्यमा मात्रै सिमित पारिएको छैन । अहिले यहाँ पनि खुशी छ । हाम्रो जीवनमा दुःख र कठिनाई आउछन्, र पनि यी असल छन् त्यसले हाम्रो विश्वासलाई मजबुत तुल्याउछ र हामीलाई महान आशा दिन्छ । "विश्वास" र "आशा" एक अर्कासँग सम्बन्धीत शब्द हुन्, अक्सर गरेर एक अर्कासँग साटफेर गर्न सक्ने । पावलले पापीहरुको लागि धर्मी ठहरिन विश्वास धेरै आवश्यक छ भनेर धेरै पटक संकेत गरेका छन् । तर कसरी पापीहरु यो विश्वास अथवा आशा प्राप्त गर्न सक्छन् भनेर हामीलाई भनेका छैनन् । अब उनी विस्तारमा त्यो थप्छन्, "हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।"
याद गरौं कि पवित्रआत्मा प्राप्त गर्न न त केही गर्नसक्छौ न त केहि कुरा गर्न आवश्यक छ । परमेश्वर पिताको रुपमा उहाँ हामीमा आउनु हुन्छ । परमेश्वरले उहाँको प्रेम कसरी हाम्रा हृदयमा खन्याउनु भयो पवित्र आत्माले हामीलाई सिकाउनु हुन्छ ।

याद राख्नु पर्ने कुराहरु :
२७. दुःख र कठिनाईले हाम्रो ..........................लाई बल पु¥याउछ ।
२८. परमेश्वरले उहाँको प्रेम कसरी हाम्रो हृदयमा खन्याउनुभयो ............... .................... ले हामीलाई सिकाउनु हुन्छ ।
पवित्र आत्मा प्राप्त गर्न हामीले केहि गर्नु पर्ने आवश्यक छैन ।
पिताले उहाँ हामीलाई .......................... हुन्छ ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ५:६–८ पढ्नुहोस्)
*किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरुका निम्ति ठीक समयमा मर्नुभयो । धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि*

*हाल्ला । तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।*

मुस्किल्ले एउटा व्यक्ति स्व इच्छाले अर्काको लागि मर्न सक्लान् जब त्यस्तो हुन्छ, प्रायः निश्चय नै एउटा असल व्यक्तिको लागि मर्न ऊ मन्जुर हुन्छ न कि एउटा खराब व्यक्तिको लागि । तर हेर्नुहोस् परमेश्वरले हाम्रो लागि के गर्नुभयो । जब हामी पापी अधर्मी मानिस, परमेश्वरको शत्रुहरु थियौ ख्रीष्ट हाम्रो लागि मर्नुभयो । परमेश्वरले त्यति ठूलो प्रेम हामीलाई गर्नुभयो । र यो परमेश्वरको त्यो प्रेम हो जो पवित्रआत्माले अब हाम्रो हृदयमा खन्याउनु हुन्छ । उहाँले परमेश्वरलाई प्रेम गर्न र उहाँमा विश्वास गर्न सिकाउनु हुन्छ । यसप्रकार पवित्रआत्माले मानिसहरुको हृदयमा विश्वासको सृजना गर्नुहुन्छ ।

याद राख्नु पर्ने कुराहरुः
२९. हामीलाई थाहा छ परमेश्वर हामीलाई प्रेम गर्नु हुन्छ कारण ख्रीष्ट हाम्रो लागि ............................ भयो ।
३०. जब हामी ...................थियौँ ख्रीष्ट हाम्रो लागि मर्नुभयो ।
३१. परमेश्वरले उहाँको प्रेम हाम्रो हृदयमा खन्याउनु भएको छ । यो उहाँले .................द्वारा गर्नुभयो जसलाई उहाँले हाम्रो लागि दिनुभएको छ ।
३२. पवित्रआत्मा हाम्रो हृदयमा ................... को काम गर्नुहुन्छ ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ५:९–११ पढ्नुहोस्)
*यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौँ । किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाईनेछौँ । यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौँ, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ ।*

३३. जब हामी परमेश्वरका ..................... थियौ हामीलाई परमेश्वरको मित्र बनाउन ........................ मर्नुभयो ।
३४. हामीलाई थाहा छ हामी बचाइनेछौ किनकि ..................... जीवित हुनुहुन्छ ।
३५. किनभने हामीलाई थाहा छ हामी बचाइनेछौ, हामी ................. भरिपूर्ण छौ ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

आदमद्वारा मृत्यु, ख्रीष्टद्वारा जीवन (रोमी ५:१२–२०

(रोमी ५:१२–१४ पढ्नुहोस्)
*एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो । व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि पनि हुँदैन । आदमदेखि लिएर मोशासम्मका मानिसहरुमाथि मृत्युले राज्य गर्‍यो, तिनीहरुमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन् । ती आदमचाहिँ आउनुहुनेको प्रतिरुप थिए ।*

जब अदनको बगैचामा आदम र हव्वाले नखानु भन्नुभएको फल खाए, तिनीहरुले  पाप गरे । पापको कारणले मृत्यु आयो । आदमको पापले गर्दा संसारमा मृत्यु ल्यायो । सबै मानिस मर्छन कारण सबै मानिसहरु पापी छन् । यो बुझ्नु  अति आवश्यक छ कि मानिसहरुले कुनै खराख कुरा गरेर मात्रै हुने पाप होईन, तर यो एउटा अवस्था पनि हो । पापपूर्ण स्वभाव त्यो कुरा हो जो हाम्रा पापपूर्ण आमाबुबाबाट पैतृक सम्पत्तिको रुपमा पाउँछौँ । भजन लेखक भन्छन्, “साँच्चै, म जन्मदा नै पापी थिएँ र मेरी आमाले मलाई गर्भधारण गरेदेखिनै म पापी थिएँ ।” -भजनसंग्रह ५१:५) आदमले जे गर्‍यो यसको असर सबै मानिसमा परेको थियो । यसप्रकारले आदम र येशू “एक जो आउनुहुने वाला हुनुहुन्थ्यो”  को बीचमा त्यहाँ समानान्ता छ । दुवै घटनामा, जे तिनीहरुले गरे सारा संसारमा यसको प्रभाव पर्‍यो ।

याद राख्नु पर्ने कुराहरु :

३६. आदमको पापले पाप र ......................... सारा संसारमा ल्यायो ।

३७. सबै मानिसहरु पापपूर्ण छन् किनभने तिनीहरुले आफ्ना आमाबुबाबाट पापको ......................... पाए ।

३८. आदम र ख्रीष्ट यसमा समान छन् कि तिनीहरुले जे गऱ्यो ..................... लाई असर पारे ।

(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ५:१५,१६ पढ्नुहोस्)

*सित्तैंको वरदान र त्यस अपराधमा केही समानता छैन । किनकि एउटा मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढी परमेश्वरको अनुग्रह र एउटा मानिसको, अर्थात येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदानचाहिँ त्यस एक जना मानिसको पापको नतीजाजस्तै होइन । किनकि एउटा अपराधको इन्साफले दण्डको आज्ञाा ल्यायो, तर धेरै अपराधका पछि आउने सित्तैंको वरदानले निर्दोषीकरण ल्याउँछ ।*

एक प्रकारले आदम र ख्रीष्टले जे गरे उस्तै थियो । प्रत्येकले जे गऱ्यो पुरा संसारलाई असर गऱ्यो । तर जे येशू ख्रीष्टले गर्नु भएको थियो त्यो एकदमै फरक थियो । जे आदमले गरे सबैको लागि मृत्यु ल्यायो । जे ख्रीष्टले गर्नुभयो सबैको लागि एउटा मूल्यवान उपहार ल्यायो । त्यो उपहार पापको क्षमा र धार्मिकता हो जसले हामीलाई परमेश्वरमा अगाडि स्वीकार्य बनाउँछ ,

(रोमी ५:१७–१९ पढ्नुहोस्)

*यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन् बढी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैंको वरदान पाउनेहरुले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन् ।*

*यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरु दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति छुट्कारा र जीवन ल्याउँछ । किनकि जसरी एउटै*

*मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन् ।*

आदमले जे गऱ्यो संसारमा मृत्यु ल्यायो । ख्रीष्टले जे गर्नुभयो जीवन ल्यायो । उहाँको सिद्ध जीवन र निर्दोष मृत्युले धार्मिकता आर्जन गऱ्यो त्यसले पापीहरुलाई परमेश्वरसँग धर्मी बनाउँछ । यो धार्मिकता त्यहाँ पापीहरुको लागि हो । पावलले यसलाई "झन् बढी परमेश्वरको अनुग्रह" भन्छन् ।
तर हामीले पावलको सम्पूर्ण वाक्यलाई सावधानी पूर्वक पढ्नु आवश्यक छ । उनी भन्छन्, "झन् बढी प्रशस्त अनुग्रह र धार्मिकता सित्तैंको वरदान पाउनेहरुले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन् ।" परमेश्वरको अनुग्रहद्वारा ख्रीष्टको धार्मिकता त्यहाँ संसारमा हरेक पापीहरुको लागि छ । तर केहि मानिस धार्मिकता अनुग्रहद्वारा उपहार हो भन्ने कुरा स्वीकार गर्नलाई घमण्ड गर्छन । परमेश्वरसँग धर्मी ठहरिनको लागि तिनीहरुले कुनैथोक गर्नु पर्दैन भन्ने कुरामा तिनीहरु सहमत हुदैनन् । तिनीहरु विचार गर्छन् कि परमेश्वरको धार्मिकता कमाउनको लागि तिनीहरुले केहि कुरा गर्न सक्छन् । ख्रीष्टले तिनीहरुको लागि जे गर्नुभयो त्यसमा विश्वास र भरोसाको कमीले तिनीहरु अविश्वासी भएका छन् । यस्ता मानिसहरुले परमेश्वरको अनुग्रही मुक्तिको उपहार प्राप्त गर्दैनन् यद्यपि यो तिनीहरुका लागि छ ।

याद राख्नु पर्ने कुराहरु :
३९. ख्रीष्टको वलिदानले ............ को लागि धार्मिकता कमाएको छ ।
४०. केहि मानिस त्यो विश्वास गर्दैनन् । तिनीहरु कार्यद्वारा धार्मिकता ................ सकिन्छ भन्ने तिनीहरु ठान्छन् ।
४१. यस्ता प्रकारका मानिसहरुले परमेश्वरको .......................... को उपहार प्राप्त गर्ने छैनन् ।
(पें नं. ६० मा उत्तर हेर्नुहोस्)

(रोमी ५:२०,२१ पढ्नुहोस्)
*व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो, यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गऱ्यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धार्मिकतद्वारा अनन्त जीवनसम्म राज्य गरोस् ।*

परमेश्वरको व्यवस्थाले हामीलाई हाम्रा पापहरु देखाउछ र मृत्युको दण्डाज्ञा दिन्छ । तर परमेश्वरको अनुग्रह (उपहार) व्यवस्था भन्दा बलियो छ । ख्रीष्टले हाम्रो लागि जे गर्नुभयो परमेश्वरको अनुग्रहले हामीलाई श्रेय दिन्छ । उहाँको धार्मिकताको उपहारले हामीलाई बचाउछ । पहिले पापले हामी माथि राज्य गर्थ्यो । अब परमेश्वरको अनुग्रहले हामीमा राज्य गर्छ । हामी त्यो परिवर्तन हाम्रो जीवनमा देखाउन चाहनेछौँ । अर्को तीन अध्यायमा पावल कसरी परमेश्वरको अनुग्रहले इसाईको जीवन र कार्यलाई परिवर्तन गर्छ भनेर भन्छन् ।

याद राख्नु पर्ने कुराहरुको उत्तरहरु
१. हरेक, मर्नु, २.मर्नुभयो, पापहरु, ३. क्षमा, ४. कुनैथोक, ५. विश्वास, ६. किनभने, द्वारा, ७. उपहार, ८. विश्वास, कार्यहरु, ९. घमण्ड, १०. यहूदीहरु, खतना नभएका, ११. खतना भएका, १२. पहिले, १३. विश्वास, १४.क)भूमि ख)धेरै सन्तानहरु, ग) पापबाट छुटाउने मुक्तिदाता, १५. विश्वास वा भरोसा, १६. विश्वास गऱ्यो, १७. व्यवस्था, १८. धेरै, १९. मृतक, भरोसा, २०. हाम्रो, विश्वास, २१. जीवन, मृत्यु, २२. पुनरुत्थान वा उठाउनु, २३. उपहार, २४. शान्ति, २५. खुशी, २६. परमेश्वर, स्वर्ग, २७. विश्वास, २८. पवित्र आत्मा, दिनुहुन्छ, २९. मर्नुभयो, ३०. पापीहरु, ३१.पवित्र आत्मा, ३२. विश्वास, ३३. शत्रुहरु, खीष्ट, ३४. येशू, ३५. आनन्द, ३६. मृत्यु ३७. उत्तराधिकार वा पैतृक सम्पत्ति, ३८. सारा संसार, ३९. हरेक, ४०. कमाउनु, ४१. मुक्ति वा उद्धार ।

## जाँच– विश्वासद्वारा धर्मी
## रोमीहरुलाई पत्र– एउटा अध्ययन

भाग–३

कृपया "याद गर्नु गर्नुपर्ने कुराहरु" लाई पुनरावलोकन गर्नुहोस्

१. ............ले पाप गरेकाछन र हरेक ...............योग्यका छन ।

२. ख्रीष्ट हाम्रो सट्टा............भयो हाम्रो............को मूल्य चुकाउनुभयो ।

३. किनभने पापको मूल्य तिरिएको छ, परमेश्वरले पापीहरुलाई अहिले .............गर्न सक्नुहुन्छ ।

४. हामीले विश्वासको कार्य गरेको ..............ले बचाइएका छैनौ तर विश्वास ..............बचाइएका छौ ।

५. अब्राहाम विश्वासद्वारा खतना हुनु भन्दा .................... नै बाचाईएका थिए र पछि होईनन् ।

६. परमेश्वरले अब्राहामलाई तीन तहको प्रतिज्ञा बनाउनु भयो । उहाँले प्रतिज्ञा गर्नु भयो:

क ..........................................................................

ख ..........................................................................

ग ..........................................................................

७. प्रतिज्ञा पूरा हुनको लागि प्रतिज्ञा प्राप्त गर्ने व्यक्तिको ........................... चाहिन्छ ।

८. अब्राहम र सारा सन्तान जन्माउने क्षमतामा .............. थिए । र पनि, अब्राहमले निरन्तर परमेश्वरको प्रतिज्ञामा .................... गरे ।

९. बाइबलले भन्छ अब्राहम विश्वासद्वारा बचाइने कुरा ...................... लागि फाइदा हो । हामी पनि यस्तो प्रकारको अब्राहमको जस्तो .......................द्वारा बचाइने छौ ।

१०. परमेश्वर पिताले येशूलाई मृतकबाट .............भयो यो प्रमाणित गर्न कि उहाँ संसारको पापको लागि येशूको बलिदानसँग सन्तुष्ट हुनुहुन्थ्यो ।

११. हाम्रा पापको क्षमासँगै हामीलाई परमेश्वरसँगै .............. छ । जब त्यहाँ परमेश्वरसँग शान्ति छ, त्यहाँ ............................ पनि छ । यो खुशीले ......................मा ......................... सँग अनन्तता बिताउन पर्खिन्छ । हाम्रा पापको क्षमा दिइनका साथै हामीलाई परमेश्वरसँगै .................. छ । जब त्यहाँ परमेश्वरसँग शान्तिछ, त्यहाँ .....................पनि छ । यो खुशीले ................ मा ............. सँग अनन्तता बिताउन अग्रदर्शन गर्छ ।

१२. दु:ख र कठिनाईले हाम्रो ........................लाई बल पुऱ्याउछ ।

१३. परमेश्वरले उहाँको प्रेम कसरी हाम्रो हृदयमा खन्याउनुभयो ............... ..................... ले हामीलाई सिकाउनु हुन्छ । पवित्र आत्मा प्राप्त गर्न हामीले केहि गर्नु पर्ने आवश्यक छैन । पिताले उहाँ हामीलाई ........................ हुन्छ ।

१४. जब हामी ...................थियौँ ख्रीष्ट हाम्रो लागि मर्नुभयो ।

१५. सबै मानिसहरु पापपूर्ण छन् किनभने तिनीहरुले आफ्ना आमाबुबाबाट पापको ........................ पाए ।

१६. खीष्टको वलिदानले ............ को लागि धार्मिकता कमाएको छ। केहि मानिस त्यो विश्वास गर्दैनन्। तिनीहरु कार्यद्वारा धार्मिकता ................ सकिन्छ भन्ने तिनीहरु ठान्छन्। यस्ता प्रकारका मानिसहरुले परमेश्वरको ......................... को उपहार प्राप्त गर्ने छैनन्।

(पे. नं. २०९ मा उत्तर हेर्नुहोस्)



# विश्वासद्वारा धर्मी

भाग चार:
खीष्टमा नयाँ जीवन

*रोमी ६ १–८ ३९*

## भाग चार:
## खीष्टमा नयाँ जीवन (रोमी ६:१–८:३९)

### पापबाट छुट्कारा (रोमी ६:१–१४)

(रोमी ६:१–८ पढ्नुहोस्)
*अब हामी के भनौं ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त ? त्यसो नहोस् ! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु ? के तिमीहरु जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं । हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं । किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ । तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं ।*

बाइबलले हामीलाई भन्छ कि सबै मानिसहरु पापमा जन्मेका छन् । र पापपूर्ण मानिसहरुले तिनीहरुको जीवनमा हरेक दिन खराब कार्यहरु गरेर तीद्वारा धेरै पापहरु थप्छन् । तिनीहरुका  पापको कारण परमेश्वरले पापीहरुलाई अनन्त मृत्युको दण्ड दिनुहुनेछ । तर उहाँको प्रेममा परमेश्वरले उहाँको पुत्र येशू ख्रीष्टलाई पापीहरुको प्रतिस्थापक हुनलाई पठाउनुभयो । हाम्रो सट्टामा येशूलाई परमेश्वरले क्रूसमा दण्ड दिनुभयो । अब हाम्रा  पापहरु क्षमा गरिएकाछन् । जब हामी देख्छौं जुन मूल्य हाम्रो क्षमाको लागि येशूले तिर्नु भएको थियो र कति ज्यादा हाम्रो प्रेमी परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ, के

हामी पापैमा लागिरहौं त ? पावल जोड दिएर उत्तर दिन्छन्, "त्यसो नहोस् !"

हामी आफै कहिले पनि पापसँगै खडा भएर तर्क बिर्तक गर्न सक्दैनौ । तर एउटा अनुग्रही परमेश्वरले सहायताको लागि हामीलाई एउटा शक्तिशाली स्रोत दिनुभएको छ । उहाँले हामीलाई बप्तिस्माको उपहारद्वारा ख्रीष्टसँग जोड्नुभएको छ । पद ४–८ सम्म पढ्नुहोस् एकपटक अझै पढ्नुहोस् र याद राख्नुहोस् छ पटक पावलले "सँग" को प्रयोग गरेका छन् । हाम्रो बप्तिस्माद्वारा हामी ख्रीष्टसँग जोडिएका छौं । बप्तिस्मा एउटा "धार्मिक विधि" हो, त्यो परमेवरले आज्ञा गर्नुभएको पवित्र कार्य हो । यसद्वारा उहाँले हामीलाई आशिष दिनुहुन्छ । एउटा संसारीक तत्वलाई (बप्तिस्माको सन्दर्भमा पानी) परमेश्वरले पानीसित प्रतिज्ञा जोडनुभएको छ । बप्तिस्माद्वारा पवित्रआत्माले बप्तिस्मा पाएको व्यक्तिको हृदयमा कार्य गर्नु हुन्छ र उसको पाप क्षमाको निश्चयता दिनुहुन्छ । यसले बप्तिस्मा पाएको व्यक्तिलाई परमेश्वरको सन्तान बनाउछ । यसले उसलाई ख्रीष्टसँग जोड्दछ । बप्तिस्माद्वारा विश्वासी ख्रीष्टसँगै मरेको छ । ऊ ख्रीष्टसँगै गाडिएको छ । ऊ नयाँ जीवन लिएर ख्रीष्टसँगै पनि बौरी उठेको छ । पावल भन्छन्, "तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं : भन्ने विश्वास गर्दछौ ।"

याद राख्नु पर्ने कुराहरु :

१. बप्तिस्माद्वारा पवित्रआत्माले बप्तिस्मा पाएको व्यक्तिको हृदयमा ...................... को काम गर्नुहुन्छ ।

२. बप्तिस्माले हामीलाई .......................सित जोडदछ ।

३. बप्तिस्माद्वारा ख्रीष्टसँग जोडिएकोले अब हामी पाप गर्न बाट ................ छौं ।

४. बप्तिस्माद्वारा हामी एउटा ..................... लिएर खीष्टसँग बौरी उठेका छौं ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ६:९–१४क पढ्नुहोस्)

*हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरुबाट जीवित भएर फेरि मर्नुहुनेछैन । अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन । जुन मृत्युमा उहाँ*

*मर्नुभयो त्यो पापको लेखि सधैँको लाति एकै पल्ट मर्नुभयो । तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ । यसै गरी तिमीहरुले पनि आफू–आफूलाई पापको लागि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ । यसकारण शरीरका अभिलाष अनुसार चल्नु नपरोस भनी तिमीहरुका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ । आफ्ना शरीरका अङ्गहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरुजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरुलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर । किनकि पापले तिमीहरुमाथि राज्य गर्नेछैन ।*

ख्रीष्ट केवल गरिएका पापको लागि मात्र मर्नुभएन तर पावल भन्दछन् उहाँ गरिने पापको लागि पनि मर्नुभएको थियो । पापको लागि मृत हुनु को अर्थ पापको त्यो व्यक्तिमा कुनै शक्ति नहुनु हो । पापको बारेमा फिक्री गरिदा येशू पापको निम्ति मर्नुभयो पापको उहाँमाथि कुनै नियन्त्रण छैन । उहाँ जीवनको बारेमा भन्नु पर्दा उहाँ अहिले परमेश्वरसँग जिउनु हुन्छ परमेश्वरले जे चाहनुहुन्छ येशूले अधिन गर्नु हुन्छ । बप्तिस्मामा हामीहरु ख्रीष्टको मृत्युसँगै र उहाँको जीवनसँग जोडिन्छौ । अब पावल एउटा समानन्तर धारणा खिच्नुहुन्छ : “यसै गरी तिमीहरुले पनि आफू–आफूलाई पापको लागि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ ।”
हामी जान्दछौं हाम्रो पापको निम्ति येशूले कस्तो पिडा र कष्ट भोग्नुभयो । पापको खातिर उहाँले आफ्नो जीवन मूल्यको रुपमा चुक्ता गर्नुभयो । हामी ती पापहरुलाई दोहऱ्याउन चाहदैनौं । तिमीहरुका शरीरमा पापलाई राज्य गर्न नदेओ । प्रेरितले केहि साधारण चेतावनी दिन्छन् । प्रथम उनले खराब विचारको विरुद्ध सचेत गराउछन् । “पापको अभिलाषा नगर ।” त्यसपछि उनी खराब कार्यको विरुद्ध सचेत गराउछन् । “आफ्ना शरीरका अङ्गहरु दुष्टताका साधनको रुपमा पाप गर्नलाई समर्पण नगर ।”



*फिलिपले इथियोपियाको मानिसलाई बप्तिस्मा दिए ।*

मानिसहरुले गर्ने खराब कुराहरु धेरै छन् । परमेश्वरको सन्तानले खराब काम त्याग्ने कोशिष गर्नेछ । तर बप्तिस्माको नयाँ जीवन पाएको परमेश्वरको सन्तानले खराब कार्य त्याग्ने कोशिष मात्रै गर्दैन । परमेश्वरलाई जे कुराले प्रसन्न तुल्याउछ त्यो उसले गर्छ ।

याद राख्नु पर्ने कुराहरु :
५. ख्रीष्ट केवल ............. पापकको लागि मात्र मर्नु भएन उहाँ .............. पापको निम्ति पनि मर्नुभयो ।
६. ..................... व्यक्ति माथि पापको कुनै नियन्त्रण छैन ।
७. हाम्रो बप्तिस्मामा ख्रीष्टसँग हामी .............. गर्नलाई मरेका थियौँ । अब हामी ............... नगर्ने कोशिष गर्नेछौँ र परमेश्वरलाई जेले ........... तुल्याउछ त्यो गर्न कोशिष गर्नेछौँ ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

व्यवस्थाबाट स्वतन्त्र (रोमी ६:१४–७:६)

(रोमी ६:१४ख–१८पढ्नुहोस्)
*किनकि तिमीहरु व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ ।*
*अब के त ? के हामी व्यवस्थाको अधीनमा छैनौँ, तर अनुग्रहको अधीनमा छौँ भनेर पाप गर्ने त ? कदापि होइन । के तिमीहरु जान्दैनौँ, आज्ञाकारी कमाराको रुपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ ?–कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारीताको ? तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरु, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ । तिमीहरु पापबाट मुक्ति गराइएर धार्मिकताका कमारा बनेका छौँ ।*

परमेश्वर न्यायी र पवित्र हुनुहुन्छ । उहाँका सृष्टिहरुको लागि व्यवस्था बनाउन उहाँसँग हरेक अधिकार छ । परमेश्वरले तिनीहरुलाई जे कुरा गर्नु भन्नु भएको छ त्यो पालन गर्न उहाँ धेरै अपेक्षा गर्नु हुन्छ । यदि मानिसहरुले परमेश्वरलाई जेकुराले प्रसन्न



मोशाले दश आज्ञाका पाटीहरु फुटाले ।

तुल्याउछ त्यो गर्न सकेमा तिनीहरुका आफ्ना कामहरुद्वारा परमेश्वरमा स्वीकार्य हुने थिए । तर सबै मानिसहरु पापी छन् । तिनीहरु परमेश्वरलाई जे कुराले प्रसन्न तुल्याउछ त्यो हामी गर्न सक्दैनौ । तिनीहरुले गर्ने कार्यद्वारा तिनीहरु परमेश्वरसँग धर्मी हुन सक्दैनन् । परमेश्वरको व्यवस्था पालन गरेर बचाइन सक्ने छैनन् ।

मानिसहरुको लागि परमेश्वरसँग धर्मी हुनको एउटा उपाय भनेको परमेश्वरले तिनीहरुलाई उपहार स्वरुप दिनुभएको धार्मिकता हो । र त्यो परमेश्वरले जे गर्नु भएको छ त्यहि हो । पिता परमेश्वरले आफ्नो पुत्र येशूलाई संसारमा पठाउनुभयो । पुत्रले हाम्रो लागि धार्मिकता आर्जन गर्नलाई एउटा सिद्ध जीवन जिउनु भयो । उहाँ हाम्रो लागि पापको क्षमा प्राप्तिको लागि क्रूसमा एउटा निर्दोष मृत्यु मर्नुभयो । र अब परमेश्वर हामीलाई ती आशिषहरु अनुग्रहद्वारा वरदान स्वरुप हामीलाई दिनुहुन्छ ।

परमेश्वरको महान अनुग्रहको, कृतज्ञतामा परमेश्वरको ठूलो उपहारको लागि क्षमा गरिएका पापीहरु अब पापको विरुद्ध लड्ने छन् । उनी एउटा नयाँ जीवन जिउन चाहनेछन् र परमेश्वर जेमा खुशी हुनुहुन्छ त्यहि गर्नेछन् । उसले यो गर्नेछ किनकि ऊ अनुग्रहद्वारा “राज्य गरिइएको” छ ।

पावलले रोमीहरुलाई भन्दछन् कि तिनीहरु परमेश्वरले तिनीहरुलाई गर्न भन्नुभएको कुरा गर्नलाई तिनीहरु अब “स्वतन्त्र” छन् । त्यस्तो अवस्था सधै थिएन । पहिलेको समयमा व्यवस्थाको मुनि रहेर तिनीहरु परमेश्वरलाई प्रसन्न पार्न सक्ने थिएनन् । बरु आज्ञा भंग गरेर परमेश्वरको क्रोध आर्जेका थिए । प्रेरित लेख्छन “तिमीहरु पापका कमारा भएका थियौ,” “तर परमेश्वरलाई धन्यवाद होस् कि तिमीहरुलाई दिइएको शिक्षालाई तिमीहरुले तिम्रो समर्पूण हृदयले पालन गरेका छौ ।”

हामीले भरखरै छलफल गरेको पदले “व्यवस्थाले तिमीहरुलाई शासन गर्दैन । परमेश्वरको अनुग्रहले तिमी स्वतन्त्र छौ” भन्ने कुराबाट शुरु गरेका थियौ । कसरी त्यो ठूलो परिवर्तनले भयो ? हामीले यसको उत्तर पहिल्यै सुनेका छौं शुरुमा जब लेखकले आफ्ना पाठकहरुलाई तिनीहरुका बप्तिस्माद्वारा तिनीहरु ख्रीष्टसँग जोडिएका छन् भनेर सम्झना गराएका थिए ।

अब उनी हामीलाई एउटा अग्रिम उत्तर दिन्छन् । मानिसहरुलाई विश्वासमा ल्याउन जस्तो पवित्रआत्मा बप्तिस्मालाई प्रयोग गर्नुहुन्छ, त्यस्तै प्रकारले, उनी बाइबलको सुसमाचारको सन्देश प्रयोग गर्छन् । पावल रोमीहरुलाई सम्झना गराउछ, "परमेश्वरलाई धन्यवाद होस् कि तिमीहरुलाई दिइएको शिक्षालाई तिमीहरुले तिम्रो समर्पूण हृदयले पालन गरेका छौ ।"

याद गर्नुहोस् कि पावल अझै रोममा छैनन् तर कहीँ बाट उनका पाठकहरुले इसाई प्रचारकहरु अथवा शिक्षकहरुद्वारा तिनीहरुलाई ल्यएको बाइबलको सुसमाचारको सन्देश सुनेका थिए । रोमीहरुले परमेश्वरको प्रेमको सन्देश सुने र तिनीहरुले यसलाई विश्वास गरे । वचनले तिनीहरुको हृदयमा काम गऱ्यो । क्षमा गरिएको पापीहरु जस्तै परमेश्वरसँग धर्मी ठहऱ्याइए, अब तिनीहरुको विश्वासको नयाँ जीवनमा उहाँलाई तिनीहरु सेवा गर्न चाहान्छन् ।

याद राख्नु पर्ने कुराहरु :

८. मानिसहरुले परमेश्वरको ..............पालन गर्न सक्दैनन्, त्यसैले तिनीहरु यसबाट ................. सक्दैनन् ।

९. विश्वासीले "अनुग्रहद्वारा" ख्रीष्टको धार्मिकता प्राप्त गर्छन् । यसको अर्थ यो एउटा ............... हो ।

१०. यो उपहारको लागि धन्यवाद स्वरुप विश्वासीहरु ......................... चाहनेछन् ।

११. एउटा नयाँ जीवन जिउनु विश्वासको फल हो । हामीले पहिल्यै सुनेकाछौ कि पवित्र आत्माले ..................विधिद्वारा विश्वास सृर्जना गर्नुहुन्छ । अब पावल थप्छन् कि पवित्रआत्मा पनि ................. द्वारा काम गर्नुहुन्छ ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

## दासप्रथाको एउटा उदाहरण

पावलले रोमीहरुलाई पत्र लेखेको समयमा दासप्रथा अति साधारण थियो । धेरै मानिसहरु जो यूद्धमा पराजीत हुन्थे यूद्धको बन्दीको रुपमा लगिन्थे । यसप्रकार तिनीहरु तिनको स्वतन्त्रतालाई गुमाउथे । तिनीहरु दासत्वमा बेचिन्थे र मालिकहरुद्वारा अधिकार गरिन्थे ।



मरियमले परमेश्वरको वचन सुन्छिन ।

एउटा दासले उसको आफ्नो निर्णय गर्न सक्दैन । ऊ मालिकद्वारा चलाइएको हुन्छ ।
पावल आफ्नो पाठकहरुलाई तिनीहरुको आफ्नो जीवन हेर्न सोधि रहेकाछन् कसले नियन्त्रण गरिरहेको छ ? के पापले तिनीहरुलाई शासन गर्छ, अथवा तिनीहरुको ख्रीष्टमा नयाँ जीवनले ?

(रोमी ६:१९–२३ पढ्नुहोस्)
*तिमीहरुमा रहेको मानवीय कारणले म तिमीहरुले बुझ्ना सकिने भाषामा बोलिरहेको छु । किनकि जसरी तिमीहरुले एक पल्ट आफ्ना अङ्गहरुलाई अशुद्धता र झन्–झन् बढी अपराधका निम्ति समर्पण गर्‍यो, अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरुलाई धार्मिकताको निम्ति समर्पण गर । तिमीहरु पापका कमारा भएको बेलामा चाहिँ धार्मिकताको लेखि स्वतन्त्र थियौ । अब जुन कुराहरुमा तिमीहरु अहिले शर्माउँछौ, सो कुराहरुबाट तिमीहरुले के प्रतिफल पायौ ? ती कुराहरुको अन्त्यचाहिँ मृत्यु हो । तर अब तिमीहरु पापबाट मुक्त भई परमेश्वरका कमारा भएका छौ, अनि तिमीहरुले पाउने प्रतिफलचाहिँ पवित्रकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन । किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।*

पावल अघिल्लो खण्डलाई यो विवरणको साथै बन्द गर्छन् । "तर परमेश्वरलाई धन्यवाद होस् कि तिमीहरु जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएकाछौ । तिमीहरु पापबाट मुक्त गराईएर धार्मिकताका कमारा बनेका छौ ।"
एउटा व्यक्तिको अवस्था जो एउटा मालिकको अधीन मुनि रहन्छ त्यो उदधृत गर्दै पावल दासप्रथाको चित्रण गर्छन् । सबै मानिसहरु पापैमा एउटा पापीहरु जस्तै गर्भधारण गर्छन् र जन्मेकाछन् । तिनीहरु पापको अधीन मुनि छन् । त्यस्तै प्रकारको अवस्था रोमीहरुसँग थियो । "एकपल्ट पापका कमारा थियौ । त्यो समयमा धार्मिकताले तिमीहरुमाथि शासन गरिराखेको थिएन ।" त्यो खराब अवस्था थियो, किनभने यसले मृत्युतिर मात्रै डोर्‍याउन सक्थ्यो तर सुसमाचार यो हो: "तर अब तिमीहरु पापबाट मुक्त भएकाछौ,"

(पद२२) । यो सबै परमेश्वरले गरिरहनुभएको छ । हाम्रो पापको मृत्यु चुकाउन येशू मर्नुभयो । हाम्रो सट्टमा येशूको मूल्यलाई पिता परमेश्वरले स्वीकार गर्नुभएको छ त्यो विश्वास गर्नलाई पवित्रआत्मा परमेश्वरले हामीलाई विश्वास दिलाउनु हुन्छ । यसप्रकार परमेश्वरले हामीलाई छुटकारा (फिर्ता ल्याउनु) गराउनुभएको छ । पावलले भन्न सकेका छन् हामी परमेश्वरका दास हौं किनभने परमेश्वरले हामीलाई अगुवाई र निर्देशन गर्नु हुन्छ ।

परमेश्वरबाटको यस्तो प्रकारको अगुवाई र निर्देशन एउटा बोझ होईन । पवित्र जीवन जिउनु जे विश्वासीहरु गर्न चाहन्छन् परमेश्वरलाई धन्यवाद दिनु हो । अझ ज्यादा, यसले आशिसित परिणाम ल्याउछ । पापको अधीन मुनि भएमा यसले मृत्युतिर डोऱ्याउछ । परमेश्वरको दास भएमा "पवित्र जीवनतिर डोऱ्याउछ । र अन्तको परिणाम अनन्त जीवन हो ।" फेरि एकपल्ट प्रेरित पावल हामीलाई याद दिलाउछन् कि अनन्त जीवन एउटा वरदान हो "हाम्रो प्रभु खीष्ट येशूले जे गर्नु भएको कारणले यो सम्भव छ"

याद राख्नु पर्ने कुराहरु :

१२. एउटा दास उसको ..................को अधीकार मुनि रहन्छ ।

१३. सबै मानिसहरु पापमा जन्मेका छन् । त्यसकारण तिनीहरु ............. को अधीन मुनि छन् ।

१४. खीष्टले ...................द्वारा हामीलाई छुटकारा दिनुभयो ।

१५. पापबाट छुटकारा भएको कारण्ले अब हामी परमेश्वरलाई ............... पार्न एउटा ............ जीवनको नेतृत्व गर्न चाहन्छौ ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

वैवाहिक नियमबाट एउटा उदाहरण

प्रेरित पावल एउटा असल शिक्षक हुन् । राम्ररी नजानेको कुरालाई व्याख्या गर्न उनी राम्ररी जानेको थोकको प्रयोग गर्छन् । पहिले अध्यायमा अर्काको अधीन मुनि हुने व्यक्तिको अर्थ के हो भनेर व्याख्या गरे । यसप्रकारले यो दास जस्तै भएको छ । एउटा व्यक्ति पापको अधीन मुनि हुन सक्छ र एउटा खराब जीवनको नेतृत्व गरिराखेको हुन्छ अथवा खीष्टको अधीन मुनि भएर एउटा नयाँ

जीवनको नेतृत्व गरिराखेको हुन्छ । निश्चय पनि हामी पापको अधीन मुनि हुन चाहदैनौं ।
यी अर्को पदहरुमा मानिसहरुले केहि अन्य कुराहरुलाई अधीनमा राख्न सक्छन् भन्ने कुराको पावल परिचय दिन्छन् । त्यो त्यहि हो जसलाई उनी "व्यवस्था" भन्दछन् । यी ति थोकहरु हुन् एउटा पवित्र परमेश्वरले ठीकसँग मानिसको आशा राख्नु हुन्छ । हामी तिनीहरुलाई दश आज्ञा भन्न सक्छौ । कस्तो प्रकारको नियन्त्रण तिनीहरुले हामीमाथि राख्छन् ? पावलले त्यसलाई अर्को उदाहरण दिएर व्याख्या गर्छन । अहिले उनका पाठकहरुले राम्ररी जान्नको लागि विवाहको नियम प्रयोग गर्छन् ।

(रोमी ७:१–३ पढ्नुहोस्)
*भाइ हो, के तिमीहरु जान्दैनौ–म व्यवस्था जान्नेहरुसँग बोलिरहेछु– कि मानिसको जीवनकालसम्म मात्र व्यवस्था लागू रहन्छ । उदाहरणको लागि, एउटी विवाहिता स्त्री उसको पत्रि बाँचुन्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छे, तर यदि उसको पति मऱ्यो भने पत्रि सम्बन्धको कानूनबाट ऊ मुक्त हुन्छे । यसै गरी पत्रि जीवित छँदै ऊ अर्को पुरुषसँग बस्न गई भने ऊ व्यभिचारिणी कहलाइन्छे । तर पति मऱ्यो भने ऊ त्यस कानूनबाट मुक्त हुन्छे, र अको पुरुषसँग विवाह गरी भने पनि ऊ व्यभिचारिणी हुँदिन ।*

यी पदहरुमा पावल उसका पाठकहरुले के जान्नु पर्छ भन्ने उनी आशा राख्छन् सो बताई रहेका छन् । जीवित मानिसहरुलाई वैवाहिक नियमहरुले नियन्त्रण गर्छ। यदि एक अथवा अर्को जोडी मर्छ भने वैवाहिक नियमहरु लागू हुँदैनन् । उदाहरणको लागि, यदि विवाहित महिलाले जब कि उनको पति अझै जीवित नै छ अर्को पुरुषसँग विवाह गरी भने, त्यो वैवाहिक नियमले उनलाई व्यभिचारको दोषको रुपमा दण्डाज्ञा दिन्छ । तर यदि उनको पति मरेको छ, भने उनी त्यो नियमबाट स्वतन्त्र छिन् । विधवा भएको कारण उनी विहे गर्न स्वतन्त्र छिन् । हामीले याद गर्नु पर्ने मुख्य बुँदा यो हो कि मृत्युले थोकहरुलाई परिवर्तन गर्छ। मृत्युले व्यवस्थाको नियन्त्रणबाट मानिसलाई स्वतन्त्र पार्छ ।

याद राख्नु पर्ने कुराहरु :
१६. ............. मानिसहरुलाई वैवाहिक नियमहरुले नियन्त्रण गर्छ।
१७. यदि जोडीको एकजना ................. भने वैवाहिक नियमहरु लागू हुँदैन ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ७:४–६ पढ्नुहोस्)
*यसरी मेरा भाई हो, तिमीहरु पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाको लेखि मरेका छौ, ताकि तिमीहरु अर्को मानिस, अर्थात मृत्युबाट जीवित हुनुभएका ख्रीष्टसँग एक होओ, र हामी परमेश्वरको निम्ति फल फलाऔं, जब हामी पाप–स्वभावमा जीवन बिताइरहेका थियौं, तब मृत्युको फल फलाउनलाई व्यवस्थाले उत्तेजित गराइएका हाम्रा पापमय कुअभिलाषाहरुले हाम्रा अङ्गहरुमा काम गर्दथे । हामीलाई बन्धनमा राख्ने व्यवस्थाको लेखि मरेर हामी अब त्यसदेखि मुक्त भएका छौं, र हामी पुरानो लिखित विधानको अधीनमा होइन, तर पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्दछौं ।*

मृत्युले व्यवस्थाको नियन्त्रणबाट मानिसहरुलाई स्वतन्त्र पार्छ । पद चारमा पावल मुक्तिको परमेश्वरको योजनालाई त्यो सत्यता लागू गर्छन । उनी भन्छन्, “यसरी तिमीहरु पनि ख्रीष्टको मृत्युद्वारा व्यवस्थाको लेखि मरेका छौं ।” ख्रीष्ट येशू, पवित्र परमेश्वरको पुत्र स्वर्गबाट सिद्ध जीवनको नेतृत्व (अगुवाई) गर्न आउनुभयो जो परमेश्वरको व्यवस्थाले मागेको थियो । ख्रीष्टले व्यवस्था सिद्ध रुपले पालन गरेपछि उहाँको बढी माग यसले बनाउन सकेन । यसको उहाँमाथि बढी नियन्त्रण थिएन । येशूले व्यवस्थाको निम्ति मृतक भएको भन्न सक्नुहुन्छ ।
पावलले अघि नै हामीलाई भनेको छ कि बप्तिस्माद्वारा उहाँको मृत्युमा हामीहरु ख्रीष्टसँग जोडिएका छौं । उहाँसँगै हामी पनि व्यवस्थाको लागि मृतक छौ । अब हामी व्यवस्थासँगे “विवाहिता” छैनौं । एउटा नयाँ एकता सम्भव छ । अब हामी ख्रीष्टको हुन स्वतन्त्र छौं । वास्तवमा वचन प्राय गरेर विश्वासीको मण्डलीको कुरा गर्छ जस्तै ख्रीष्टको “दुलही” हुनलाई । व्यवस्थाको अधीन मुनि हाम्रो पापपूर्ण स्वभावले खराब कुराहरु गर्दथ्यो । व्यवस्थाको मागले

मानिसहरुलाई क्रोधित तुल्याउछ र त्यसपछि तिनीहरु विद्रोही हुन्छन् । त्यसैले पावल भन्न सक्छन्, "तब मृत्युको फल फलाउनलाई व्यवस्थाले उत्तेजित गराइएका हाम्रा पापमय कुअभिलाषाहरुले हाम्रा अङ्गहरुमा काम गर्दथे ।"
तर ख्रीष्टसँगको मृत्युले यसलाई परिवर्तन गऱ्यो । प्रेरित लेख्छन्: हामीलाई बन्धनमा राख्ने व्यवस्थाको लेखि मरेर हामी अब त्यस देखि मुक्त भएका छौ, र हामी पुरानो लिखित विधानको अधीनमा होईन, तर पवित्रआत्माको नयाँ जीवनमा सेवा गर्दछौं ।"
"पुरानो व्यवस्था अनुसार" हामीलाई यसले माग गर्दछ । यसले भन्छ, "तिमीले यो गर्नुपर्छ सो गर्नुपर्छ भनेर । तब तिमीले परमेश्वरको सामु निर्दोष हुनु पर्नेछ ।" आत्माको नयाँ तरिकाले भन्छ, "तिम्रो लागि ख्रीष्टले सबै कुरा गर्नुभएको छ । परमेश्वरको तिमीलाई दिने उहाँको धार्मिकता एउटा सित्तैको वरदान स्वरुप हो ।" उद्धार अनुग्रहद्वारा प्राप्त हुन्छ न कि व्यवस्थाको कर्मद्वारा ।

याद राख्नु पर्ने कुराहरु :
१८. मृत्युले मानिसहरुलाई ..................को अधीनताबाट मुक्त पार्छ ।
१९. ख्रीष्ट ...............को लागि मर्नुभयो ।
२०. हामी बप्तिस्माद्वारा ख्रीष्टसँगै ..................... छौं ।
२१. ख्रीष्टसँगै हामी पनि ................ को अधीनताबाट मुक्त छौ ।
२२. अब हामी परमेश्वरको सेवा गर्नलाई .................. को नयाँ मार्गमा छौ ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

## व्यवस्थाको उपयोगी उद्देश्य

(रोमी ७:७–१३ सम्म पढ्नुहोस्)
*हामीले के भन्ने त ? व्यवस्था पाप हो ? कदापि होइन ! यदि व्यवस्था नभए मैले पाप थाहा पाउने थिइनँ, किनकि "तैले लोभ नगर्" (प्रस्थान २०:१७, व्यवस्था ५:२१) भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउने थिइनँ । तर पापले*



राजा आहाबले नाबोतको दाखबारीको लालच गर्‍यो ।

*आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यस्थाविना त पाप मुर्दातुल्य हो। व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिइँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ। त के जो असल छ, त्यसले मेरो निम्ति मृत्यु ल्यायो त ? कदापि होइन। तर पापचाहिँ पापैको रुपमा देखिओस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि आज्ञाद्वारा पाप सम्पूर्ण रुपले पापमय बनोस्।*

व्यवस्थाको अधीनताबाट मुक्त हुन विश्वासीहरुलाई असल छ भनेर पावलले धेरै पटक भनेको छ। तर के यसको अर्थ व्यवस्था आफैमा नराम्रो छ भन्ने हो। पावल भन्छन् "त्यसो नहोस्।" जब पावल व्यवस्था भन्ने धारणालाई यहाँ प्रयोग गर्छन् हामी दश आज्ञालाई सोच्न सक्छौ। उनी नवौ र दशौ आज्ञालाई उल्लेख गर्छन् जब उनी प्रस्थान २०:१७, बाट उल्लेख गर्छन् जसले "लोभ" गर्नलाई निषेध गर्दछ (अरुको सम्पत्ति चाहानु)

यदि दश आज्ञाले उनलाई लोभ नगर्नु नभनेको भए उनी लोभ गर्नु पाप हो भनेर जान्ने थिएनन् यो कुरामा पावल सहमत छन्। पद नौ मा उनी भन्छन्, "व्यवस्था थाहा हुनु भन्दा पहिले म जीवित थिए, तर आज्ञाहरु आए। पापले जीवनमा प्रवेश गर्‍यो र म मरे। शुरुमा पावलले परमेश्वर सँग उनी समस्यामा थिए भनेर महशुस गरेका थिएनन्। उनले सोचेकि उनी "जीवितै" छन्। तर त्यस पछि लोभ गर्नु मनाइ गरिएको बारेमा उनले थाहा पाए। अब उनले लोभ गर्नु गलत हो भनेर जाने। तर अझै पनि उनले आफ्नो छिमेकीको सम्पतिको चाहान गर्दथे। त्यो एउट पाप थियो। पापले धर्मी र पवित्र परमेश्वरको सामु मृत्युको योग्य बनायो। पावलले नवौं र दशौं आज्ञाहरुलाई एउटा उदाहरण स्वरुप प्रयोग गर्छन्, तर उनी कुनै पनि आज्ञाको प्रयोग गर्न सक्छन्। समर्पूण दश आज्ञा असल छन्। तिनले मूल्यवान थोकलाई रक्षा गर्छन्। पाँचौं आज्ञाले मानवीय जीवनको रक्षा गर्दछ। छैटौंले वैवाहिक रक्षा गर्दछ। सातौं आज्ञाले मानिसको सम्पत्तिको रक्षा गर्दछ। परमेश्वरको आज्ञा (

व्यवस्था) असल छन् । तर त्यसले पावलको प्रश्नतिर डोऱ्याउछ । जे असल छ त्यसले मेरो निम्ति मृत्यु ल्यायो त ?" र उनी उत्तर दिन्छन्, "कदापि होइन ।"
व्यवस्थाल के उपयोगी उद्देश्यको सेवा गरेको थियो ? उनी भन्छन्, "पापचाहिँ पापैको रुपमा देखिओस् ।" परमेश्वरको व्यवस्थाले मानिसलाई बताउदछ कि परमेश्वर तिनीहरुबाट के चाहानुहुन्छ । जब तिनीहरु परमेश्वरको आज्ञाले माग गरे अनुसार जब गर्न सक्दैनन् । तिनीहरुका कार्यहरु गलत छन् भनेर तिनीहरु महशुस गर्दछन् । तिनीहरु पाप गरिरहेका छन् र मृत्युका योग्य छन् । उसबाट परमेश्वरले जे आशा गर्नुभएको थियो र उसको आचरणसित तुलना गर्दै, उ कति धेरै खराब थियो भन्नेकुरा पावल हेर्न सक्छन् । व्यवस्थाद्वारा पाप "पुर्णरुपमा पाप पूर्ण" भयो । यसले उसलाई आज्ञा पालन गरेर स्वयम लाई बचाउन सक्दैन भन्ने देखायो । बरु व्यवस्थाले उसलाई उसको पाप र उसको पापको छुटकाराको लागि मुक्तिदाताको आवश्यकता देखायो ।

याद राख्नु पर्ने कुराहरु :
२३. जे ............ मानिसहरुमा आशा राख्नुहुन्छ, व्यवस्थाले हामीलाई देखाउछ ।
२४. नगर्नु पर्ने कुरा जो परमेश्वरले आशा राख्नु हुन्छ .......... हो जसको लागि पापीहरुले ........................ पर्छ ।
२५. व्यवस्था असल हो कारण यसले हाम्रा ................लाई र पापबाट छुटकाराको लागि हाम्रो ............ को आवश्यकता देखाउछ ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

पापसँग यूद्ध

(रोमी ७: १४–२० पढ्नुहोस्)
*किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु । म के गर्दछु, त्यो बुझ्दिनँ । किनकि म जे चाहन्छु, त्यो गर्दिनन । तर त्यही गर्दछु, जो म घृणा गर्दछु । गर्न नचाहेको म गर्दछु भने, व्यवस्था असल छ भनी म*

*सहमत हुन्छु । यसैले अब त्यो गर्ने म होइनँ, तर ममा वास गर्ने पाप हो । किनकि मलाई थाहा छ, कि ममा, अर्थात मेरो पाप–स्वभावमा केही असल कुराले वास गर्दैन । जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ । किनभने असल काम जो म गर्न चाहन्छु त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु । अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइन तर मभित्र वास गर्ने पाप हो ।*

परमेश्वरले के आशा राख्नुहुन्छ आज्ञाले हामीलाई भन्दछन् । ती आज्ञा असल र पवित्र छन् । तर मानिसहरु पवित्र छैनन् । तिनीहरु आज्ञा प्रति अनाज्ञाकारी छन् । पावल जस्तै तिनीहरु पापका दास छन् । प्रेरितसँगै तिनीहरुले भन्नुपर्छ, “मलाई थाहा छ, कि ममा, अर्थात मेरो पाप स्वभावमा केही असल कुराले वास गर्दैन । जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ ।” ती कुराहरुसँग हामी पनि सहमत छौँ, “असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, दुष्ट काम जो म गर्न चाहन्नँ, त्यही गर्ने गर्छु ।” किन यो यूद्ध पापसँग भइरहेछ ? किनभने विश्वासी जो विश्वासद्वारा खीष्टमा परमेश्वरको सन्तान हो, अझै पनि एउटा पाप पूर्ण स्वभावमा छ । हरेक दिन यो पापपूर्ण स्वभाव नियन्त्रण गर्न कोशिष कोशिष गर्छ ।

याद गर्नु पर्ने कुराहरु :

२६. एउटा विश्वासी परमेश्वरको सन्तानले जे .......... छ त्यो गर्न चाहन्छ ।

२७. एउटा विश्वासी परमेश्वरको सन्तान अझै पनि .......... स्वभावमा छ ।

२८. यो पापपूर्ण स्वभावले सधैं ............ पाउन कोशिष गर्दछ ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ७:२१–२५ पढ्नुहोस्)

*यसरी एउटा नियमले काम गरेको म पाउँछु । जब म भलो गर्न चाहन्छु तब दुष्टतालाई मेरो नजिकै उपस्थित पाउँछु । ,किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, तर मेरा*

*अङ्गहरुमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछ, र मेरा अङ्गहरुमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ। हाय, म कस्तो दुःखी मानिस ! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउँला ? येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै–परमेश्वरलाई धन्यवाद होस्।*

*त्यसैले म स्वयम आफ्नो मनले त परमेश्वरका व्यवस्थाको सेवा गर्दछु, तर मेरो पाप–स्वभावद्वारा चाहिँ म पापका व्यवस्थाको सेवा गर्दछु।*

एकपल्ट फेरि पद २१–२३ पढ्नुहोस्। रेखाङ्कीत शब्दहरुलाई ध्यान दिनुहोस्। ६पटक "व्यवस्था" भन्ने शब्दलाई पावलले प्रयोग गर्छन्। आपत्ती यो हो कि "व्यवस्था" ले सधै एकै समानको अर्थ दिदैन। हरेक घटनामा एउटा प्रतिस्थापक शब्द दिनुहोस् त्यसले यसको अर्थ के हो व्याख्या गर्छ र अर्थलाई स्पष्ट पार्छ।

२१ इसरी एउटा (नमूनाले) काम गरेको म पाउँछु। जब म भलो गर्न चाहन्छु, तब दुष्टतालाई मेरो नजिकै उपस्थित पाउँछु। २२ किनकि म मेरो अन्तस्करणमा परमेश्वरको (आज्ञाहरुमा) आनन्दित हुन्छु, २३ तर मेरा अङ्गहरुमा अर्को (बलले) मेरो मनमा रहेको ( नियन्त्रित बलसँग) मलाई बन्धनमा पार्दछ।

पवल यहाँ एउटा विश्वासीको "पूरानो आदम" र उसको नयाँ मानिस" जो प्राय गरेर भनिन्छ सोको बारेमा भनिरहेछन्। आदम बाट जो पापमा परे, सबै मानिसहरुले पापपूर्ण स्वभावलाई पैतृक सम्पत्तिको रुपमा पाए। यो दुष्ट स्वभाव, यो पुरानो आदम हरेक दिन, परमेश्वरको आज्ञा भंग गर्छ र परमेश्वर विरुद्ध विद्रोह गर्छ।

जब सुसमाचारद्वारा पवित्र आत्माले एउटा पापीको हृदय विश्वासको काम गर्नु हुन्छ, तब त्यो विश्वासी एउटा भिन्न व्यक्ति हुन्छ। उसँग अब "नयाँ मानिस" छ परमेश्वरले जे चाहनु हुन्छ धन्यबाद स्वरुप नयाँ मानिसले त्यो गर्न चाहन्छ। परमेश्वरको आज्ञामा उसले अन्तस्करणमा आनन्द पाउँछ।

तर समस्या छ। पावलको जीवनमा एउटा नमूना छ जो सबै उनले मन पराउदैनन्। जब पावलको नयाँ मानिस असल गर्न चाहन्छ, अर्को बल देखा पर्दछ, त्यो पुरानो आदम हो। यो पुरानो



*येशूले हाम्रा पापको मोल तिर्नको लागि कष्ट भोग्नुभयो र मर्नुभयो ।*
*उहाँलाई सिपाहीहरुले गिल्ला गरे ।*

आदमले विश्वासीमा नयाँ मानिसलाई असल गर्न बाट रोक्ने कोशिष गर्छ । नियन्त्रणको लागि भिडन्त चलिरहन्छ । वास्तवमा हरेक विश्वासीहरुको जीवनमा निरन्तर युद्ध चलिरहन्छछ । र नयाँ मानिसले सधैं जित्दैन । यो हामी हाम्रो जीवनमा देख्छौ । हामी असल गर्न चाहन्छौ हामी गर्दैनौ । जे खराब छ जो हामी गर्न चाहदैनौ, त्यही हामी गर्छौ यसले हामीलाई पावलसँग यसो भन्न पुऱ्याउछ, "हाय, म कस्तो दुःखी मानिस ।" हामीलाई पावलसँग सोध्न पुऱ्याउछ„" यस मृत्युको शरीरबाट मलाई कसले "छुटाउला ?"

यदि हामीले उद्धार पाउँन व्यवस्था पालन गरेको भए, यो आशाहीन हुने थियो हामी कहिल्यै पनि परमेश्वरको सामु धर्मी हुने थिएनौँ । तर परमेश्वरलाई धन्यवाद होस, हामीले आफै धार्मिकता कमाउदैनौ । ख्रीष्टले उहाँको सिद्ध जीवनद्वारा हाम्रो लागि यो गर्नु भयो । उहाँको निर्दोष मृत्युद्वारा उहाँले मेरो अर्धमको मूल्य चुकाउनु भयो । र सुसमाचार हो : ख्रीष्टले उहाँको धार्मिकता हामीलाई एउटा उपहार स्वरुप दिनुहुन्छ । उहाँको धार्मिकतबाारा ढाकिएर परमेश्वरलाई हामी पूर्णतया सिद्ध पवित्र देख्छौँ ।

याद गर्नु पर्ने कुराहरु :

२९. विश्वासमा आउन विश्वासीले विश्वासीलाई .............. दिन्छ ।

३०. यो नयाँ मानिसले ............... गर्न चाहन्छ ।

३१. हरेक विश्वासीसँग अझै पनि ...................... स्वभाव छ ।

३२. यो पापपूर्ण स्वभावलाई प्राय गरेर.................. भनिन्छ ।

३३. पुरानो आदमले सधैं .................. गर्न चाहन्छ ।

३४. हरेक दिन "नयाँ मानिस" र पुरानो आदम एकअर्कोसँग .............गर्छन ।

३५. जब हाम्रो पुरानो आदमले पापतिर डोऱ्याउछ, हामीले धार्मिकता को लागि ........... मा भरोसा राख्नु आवश्यक छ जसले परमेश्वरको समु हेर्न हामीलाई पवित्र बनाउनुहुन्छ ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

इसाईहरुको जीवन पवित्र आत्माले नियन्त्रण गर्नुहुन्छ (रोमी ८:१–१७)

(रोमी ८: १–२ पढ्नुहोस्)
*यसकारण अब ख्रीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन । पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ ।*

यो पूरा भागमा (रोमी ८:१–१७) अति महत्वपूर्ण हो "नियन्त्रण" शब्द । यदि तपाईले "नियन्त्रण" शब्दलाई "व्यवस्था" को सट्टामा राख्नुभयो भने पद २ को अर्थ स्पष्ट हुन्छ । २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ
हामीले पहिल्यै नै सुनेका छौ कि विश्वासीहरुको हृदयमा दुइवटा शक्तिले काम गर्छन भनेर । एउटा हाम्रो "पुरानो आदम" सँगै पापपूर्ण स्वभाव लिएर हामी जन्मेका थियौ । अर्को शक्ति "नयाँ मानिस" पवित्रआत्माद्वारा हामीमा सृर्जनु भएको जब उहाँले हामीमा विश्वास ल्याउनुभयो । परमेश्वर जेमा प्रसन्न हुनुहुन्छ त्यो नयाँ मानिसले गर्छ । दुवै शक्ति विश्वासीहरु भित्र सकृय छन् । वास्तवमा, तिनीहरु परस्पर युद्ध गर्छन् तर यो नयाँ मानिस हो पवित्रआत्माद्वारा निर्देशित भएको छ, जो परमेश्वरको बालक को नियन्त्रणमा छ ।

(रोमी ८:३,४ पढ्नुहोस्)
*पाप–स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरुपमा पापबलिझैं पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो ।*

यहाँ "व्यवस्था" शब्द सामान्य अर्थ "आज्ञा" धेरै हुन्छ । "लिखित व्यवस्था" ले सिनै पर्वतमा दुइवटा ढुङ्गाको पाटीमा लेखिएका दश आज्ञालाई देखाउछ । यी आज्ञाको भागलाई पापपूर्ण मानिसले कायम राख्न सक्दैन । त्यसैले व्यवस्थालाई "कमजोर" भनिएको छ । यसले

मानिसलाई बचाउन सक्दैन कारण परमेश्वरको माग गर्नु भए अनुसार तिनीहरुले आज्ञालाई पवित्र राख्न सक्दैनन् ।
जे व्यवस्थाले गर्न सकेन, परमेश्वर आफैले हाम्रो लागि गर्नुभयो । उहाँले आफ्नो पुत्रलाई मानवीय आमाको कोखमा जन्मिन पठाउनुभयो । येशू खीष्ट, साँचो परमेश्वर साँचो मानव पनि हुनुभयो । यसप्रकार, संसारको पापको लागि मूल्य चुकाउनलाई उहाँको आवश्यकता थियो कि उहाँ बलि हुनुभयो ।
"परमेश्वरले पापलाई आफ्नो पुत्रको मानवीय शरीरमा दण्ड दिनुभयो ।" खीष्टको मृत्युद्वारा पापको मूल्य चुकाइएको छ, अब त्यहाँ क्षमादान छ समपूर्ण पाप सधैंको लागि सुम्पिएको छ । पवित्र आत्माले मानिसहरुलाई विश्वास ल्याउनु हुन्छ । यो विश्वासद्वारा तिनीहरु ख्रीष्टले तिनीहरुको लागि कमाएको क्षमादान स्वीकार छन् । जहाँ पापको क्षमा हुन्छ त्यहाँ परमेश्वरसँग शान्ति हुन्छ र स्वर्गमा अनन्त जीवनको आशा निश्चित हुन्छ ।
यस्तो महान मूल्यरहीत उपहारको, विश्वासीहरु अब परमेश्वरलाई धन्यवाद दिन्छन् । तिनीहरु परमेश्वरको आज्ञा पालन गर्न चाहन्छन् । अब तिनीहरु पवित्र आत्माको नियन्त्रणमा छन्  न कि तिनको पापपूर्ण स्वभावमा ।

याद गर्नु पर्ने कुराहरु :
३६. एउटा पापी आज्ञाले (व्यवस्था) माग गरेका कुरालाई ............. गर्न सक्दैन ।
३७. एउटा पापी .................. पालन गरेर बचाइदैन यसैले पावल व्यवस्था ............. हो भन्छन् ।
३८. परमेश्वरले उहाँको आफ्नो पुत्रलाई पापको लागि एउटा .................. हुन मानिसको स्वरुपमा जन्मन पठाउनुभयो ।
३९. खीष्टको मृत्यु सारा संसारको पापको ................ हो ।
४०. क्षमा प्राप्त पापी ..................... को अधीन मुनि रहन्छ ।
४१. क्षमा प्राप्त पापी परमेश्वरलाई ...............दिनचाहन्छन् ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )



येशू जन्मनुभयो ।

(रोमी ८:५:–८ पढ्नुहोस्)
*किनकि पाप –स्वभावअनुसार चल्नेहरुले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चलेहरुले आत्माका कुरामा मन लगाउछन् । किनभने, पाप–स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो । किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो ।*

परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, नता त्यो कहिल्यै हुन सक्छ । पाप–स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् । पवित्रआत्माले मानिसहरुलाई विश्वासमा ल्याउनुहुन्छ र तिनीहरुलाई एउटा “नयाँ मानिस” दिनुहुन्छ । यो नयाँ मानिस विशेष छनौट बनाउन योग्य छ । पावल आफ्ना पाठकहरुलाई ठीक छनोट गर्न जोड दिछन् । उनी भन्छन्, “तिम्रो पापपूर्ण स्वभावको अधीन मुनि जजिओ” यदि त्यसो गऱ्यो भने खराब परिणाम ल्याउछ, ” पापपूर्ण स्वभाव भएको व्यक्तिको बाटोले मृत्युतिर डोऱ्याउछ ।”
बरु पावल आफ्ना पाठकहरुलाई उत्साह दिन्छन्, “पवित्रआत्माको अधीन मुनि जिओ” त्यसले महान आशिष ल्याउछ । आत्माद्वारा नियन्त्रित विचारले जीवन र शान्ति ल्याउछ ।”
कसरी यो जीवन र शान्ति हामी कहाँ आउछ ? पावल भन्छन् यो हामीमा वास गर्नुहुने पवित्रआत्माद्वारा आउछ ।

(रोमी ८:९–११ पढ्नुहोस्)
*यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, तिमीहरु पाप–स्वभावमा होइन, तर पवित्र आत्मा हुन्छौ । तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहन्न भनेता त्यो उहाँको हुँदैहोइन । यदि ख्रीष्ट तिमीहरुमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरुका शरीर मरेका भए तापनि तिमीहरुका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन् । तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरुमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरुका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ ।*

यी पदहरुले हामीलाई एउटा ठूलो रहस्यको परिचय दिन्छन् । धेरै ठाउँमा बाइबलले हामीलाई शिकाउछ कि त्यहाँ तीन व्यक्ति -पिता, पुत्र, र पवित्रआत्मा) एकमा परमेश्वर भनेर । बाइबलको परमेश्वर "त्रिएक" (तीनमा एक) हुनुहुन्छ । हामी गणितिय हिसाबले यसको व्याख्या गर्न सक्दैनौ, तर विश्वासमा हामी विश्वस्त छौ किनकि परमेश्वरको वचनले यो सिकाउछ ।

प्रेरित पावल पद ११ मा यी तीन अलग अलग व्यत्तिको संकेत गर्छन्, जब उनी लेख्छन्,

"येशूलाई मरेकाबाट जीवित पार्नु हुनेका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ ।" पवित्रआत्माले पिता र पुत्र साग एकसाथ सिद्धतामा काम गर्नुहुन्छ । यी पवित्रआत्मा विश्वासीहरुमा रहनुहुन्छ र उनीहरुलाई आत्मिक जीवन दिनुहुन्छ । त्यो "नयाँ मानिस" हो हामीले पहिल्यै नै छलफल गरि सकेका छौ ।

हरेक मानवजाति सँग आत्मा र शरीर छ । पापको कारण हाम्रो भौतिक शरीर मर्नेछ । तर त्यो ठीक पार्न सकिन्छ । यद्यपि हाम्रो शरीरहरु केशी समयको लागि चिहानमा रहनेछन्, पिता जसले आफ्नो पुत्रलाई बौरी उठाउनुभयो उहाँले नै हाम्रो शरीरको पुनरुत्थान गर्नुहुनेछ । न्यायको दिनमा उहाँले यसलाई (शरीर) हाम्रो आत्मासँग जोड्नुहुनेछ जुन पछि मर्नेछैन । पुर्नमिलनको शरीर आत्मासँग स्वर्गमा परमेश्वरसँग तब अनन्ततामा रहनेछन् ।

याद राख्नु पर्ने कुराहरु :

४२. बाइबलको परमेश्वर ................... परमेश्वर हो ।
यसको अर्थ त्यहाँ ................ व्यक्ति ............. परमेश्वर हो ।

४३. पवित्रआत्मा विश्वासीहरुमा ..................... हुन्छ र तिनीहरुलाई एउटा "नयाँ मानिस" दिनुहुन्छ ।

४४. न्यायको दिनमा परमेश्वर तिनीहरुलाई ........... हुनेछ जोहरु मरेकाछन् ।

४५. विश्वासीहरु स्वर्गमा परमेश्वरसँग सधैं ........... छन् ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

न्याको दिनपछि विश्वासीहरु स्वर्गमा परमेश्वरसँग रहनेछन् । तर त्यो भविष्यमा हो । त्यो समयसम्म हाम्रो संसारिक जीवनको अवधिमा पूरा गर्नलाई हाम्रो एउटा कर्तव्य छ ।

(रोमी ८:१२,१३ पढ्नुहोस्)
*इसैले त भाइ हो, पाप–स्वभावअनुसार जिउनलाई हामी पाप–स्वभावप्रति बाध्य छैनौँ । किनकि पाप–स्वभावअनुसार जिउँछौ भने, तिमीहरु मर्छौ, तर यदि पवित्रआत्माद्वारा शरीरका कार्यशरु तिमीहरुले निर्मूल पार्‍यौ भने, तिमीहरु जिउनेछौ ।*

शुरुदेखि नै तिनीहरुको जीवन विश्वासीहरु सधै पापपूर्ण स्वभावमा छन्, पुरानो आदमको स्वभावमा । यो पापपूर्ण स्वभावले हामीलाई पाप गर्नतिर डोर्‍याउन चाहन्छ । पवित्र आत्मा हामी भित्र वास गर्नु भएकोले पापपूर्ण इच्छाहरुलाई जो अझै हरेक दिन हामीमा आउछ त्यसलाई अब विरोध गर्न सकिन्छ । हामी त्यसलाई हाम्रो जीवनमा अधीन गर्न दिने शाहस दिदैनौ । त्यसले मृत्युतिर डोर्‍याउछ । यदि पवित्रआत्माले हामीलाई नेतृत वगर्नुहुन्छ भने खराब इच्छाले नियन्त्रण गर्ने छैन । पवित्र आत्माले हामीलाई कसरी डोर्‍याउनु (नेतृत्व) गर्नुहुन्छ ? उहाँले बाइबलको उहाँको वचनद्वारा यस्तो गर्नुहुन्छ । वास्तवमा यो उहाँ अहिले नै गरिरहनु भएको छ जस्तो तपाई पावलको प्रेरणात्मक पत्र रोमीहरुलाई पढ्नु हुन्छ । यसले तपाईलाई भन्छ कि हाम्रो मुक्तिको आवश्यकताको लागि ख्रीष्टले सबै कुरा गर्नु भएको छ भनेर । उहाँले विश्वासद्वारा स्वीकार गर्नलाई धार्मिकताको एउटा सित्तैको उपहार हामीलाई दिनुभएको छ । विना कृतज्ञाको समपूर्ण कार्य उहाँले हाम्रो लागि गर्नुभएको छ । अब हामी पाप गर्न छोडने छौ । जेमा परमेश्वर प्रसन्न हुनुहुन्छ त्यही हामीहरु गर्नेछौ ।

(रोमी ८:१४–१७ पढ्नुहोस्)
*किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् । किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिनीहरुले पाएका छैनौँ, तर तिमीहरुले धर्मपुत्र हुने आत्मा पाएका छौ । यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकार्छौं, त्योचाहिँ हामी परमेश्वरका सन्तान हौँ भनी पवित्र आत्माले*

*हाम्रो आत्मासँग गवाही दिनुभएको हो । र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे–उत्तराधिकारी । उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं ।*

एउटा प्रेमी परिवारमा केटाकेटीहरु तिनका आमाबुबालाई मन पर्ने काम गर्न चाहन्छन् । त्यही प्रकारको सत्यता हाम्रो आत्मिकी परिवारको हो । विश्वासीहरु तिनका स्वर्गीय बाबुका सन्तानहरु हुन् । पावल भन्छन्, "सबै जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परमेश्वरका सन्तान हुन् ।" पवित्रआत्मा हामी भित्र हामीसँग वास गर्नुहुन्छ, हामी हाम्रा स्वर्गीय बाबुको डर मान्नु पर्ने आवश्यकता छैन । हामी स्नेही भावले "अब्बा" भनेर उहाँलाई पुकार्न सक्छौ । हामी निश्चित भएर उहाँ कहाँ सहायता र अगुवाईको लागि अनुरोध गर्न जान सक्छौ । परमेश्वरको सन्तानको रुपमा हामीलाई अर्को ठूलो फाइदा छ । हामी हाम्रा स्वर्गीय बुबाको उत्तराधिकारी हौ । येशूसँग भएको समपूर्ण कुरा हामी पैतृक सम्पत्तिको रुपमा प्राप्त गर्नेछौ । यसको बारेमा सोच्नुहोस् । येशू परमेश्वरको पुत्र हुनुहुन्छ । हामी परमेश्वरका सन्तानहरु छौ । ( यसले हामीलाई येशू हाम्रो भाइ हुनु भएको बताउछ ) यसले येशू हाम्रो भाइ बनाउछ । येशूले खीष्ट प्राप्त गरेको समपूर्ण कुराहरु हामी बाड्नेछौ । तर हामीले यो जान्नु आवश्यक छ कि खीष्टले असल कुरा हामीसँग बाँड्नु हुनेछ, हामी पनि उहाँको कष्ट पिडामा सहभागी हुन्छौ ।

याद राख्नु पर्ने कुराहरु :

४६. .......... को विरुद्ध लड्नु हाम्रो कर्तव्य हो ।

४७. हाम्रो पापको विरुद्ध लडाईमा ........... ले हामीलाई सहायता गर्नुहुन्छ ।

४८. विश्वासीहरु .................. का सन्तानहरु हुन् ।

४९. परमेश्वरका सन्तानहरु ख्रिष्टका .................. हुन् ।

५०. खीष्टको भाइ भएर हामी खीष्टले प्राप्त गरेका सबै थोकहरु .............. छौ ।

(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

## वर्तमान कष्ट पछि भविष्यमा महिमा

(रोमी ८:१८–२२ पढ्नुहोस्)

*म विचार गर्दछु कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरु तुलना गर्न योग्य छैनन् । सृष्टि बडो उत्कण्ठाले परमेश्वरका पुत्रहरु प्रकट हुने कुराको प्रतीक्षा गर्छ । सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पर्नुभयो, यसै आशामा, कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ ।*

*हामी जान्दछौँ, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाक आर्तनाद गरिरहेछ ।*

परमेश्वरको सन्तानको रुपमा हामी ख्रीष्टका भाइहरु हौँ र उहाँ सँगै उत्तराधिकारी हौँ । उहाँले प्राप्त गरेका समपूर्ण थोकहरु हामी बाँडनेछौँ । अगाडि देखि नै खुशीका कुरा जसमा दुःख पनि समावेश छ । तर हामी एक्लै पिडामा छैनौ ।

पावल हामीलाई भन्छन् कि हाम्रो चारैतिरको प्राकृतिक संसार पनि पिडामा छ । जब आदम र हव्वा पापमा परे, परमेश्वरले सृर्जेको संसारलाई तिनीहरुले बिगारे । अहिले प्रकृति मान्छे पापको प्रभाव महशुस गर्छ । पापको बोझको कारण पहिले देखि नै मुक्त हुन खोजेको छ । पावलले भन्छन्, “सृष्टि बडो उत्कण्ठाले परमेश्वरका पुत्र प्रकट हुने कूसको प्रतीक्षा गर्छौ ।” न्यायको दिनमा परमेश्वरका सन्तानहरुले “सिद्ध र अन्तिम” महिमा प्राप्त गर्नेछन् । त्यपछि तिनीहरुको शरीर र आत्माको पुर्नमिलन हुनेछ र स्वर्गमा अनन्तसम्म जीउनेछन् । त्यो दिन प्रकृतिको लागि आशिषको दिन हुनेछ जुन अहिले पिडामा सुस्केरा हालिरहेको छ । लेखले यसको बारेमा विस्तृत जानकारी हामीलाई दिँदैनन्, तर उनी भन्छन् प्रकृतिको पिडा हटाउनलाई परमेश्वरसँग एउटा योजना छ ।

तर यहाँ मुख्य जोड प्रकृतिको लागि होईन । यो पिडा भोगिरहेका इसाईहरुको लागि आनन्ददाय भाग हो ।

याद गर्नु पर्ने कुराहरु :
५१. मानवजातिको पापको कारण प्रकृतिलाई.............. छ ।
५२. प्रकृतिको पिडा .................... मा समाप्त हुनेछ ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ८:२२ख–२३ पढ्नुहोस्)
*सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ । सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्रआत्माको पहिलो फल छ, सन्तानको रुपमा ग्रहण गरिनलाई, अर्थात हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र–भित्रै आर्तनाद गर्दछौं ।*

पापपूर्ण स्वभाव भएका मानिसहरुको हृदयमा विश्वासले काम गर्दैन । त्यो पवित्रआत्माको काम हो । किनभने हामी सँग विश्वास छ हामी जान्दछौं कि पवित्रआत्माले हाम्रो हृदयमा काम गर्नुहुन्छ । अब उहाँ हामीमा वास गर्नुहुन्छ र हामीलाई थप आशिष दिनुहुनेछ ।
दोस्रो सन्तान परमेश्वरको प्रतिज्ञा हो । येशूले आफ्ना बाह्र चेलाहरुलाई भन्नुभयो, "मेरा पिताको घरमा बस्ने धेरै ठाउँहरु छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्ने थिए र, कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न गईरहेछु अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौं । जहाँ म गईरहेछु, तिमीहरु त्यहाँ जाने बाटो चिन्छौ । (यूहन्न १४:२–४) त्यस्तो प्रकारको प्रतिज्ञाले परमेश्वरको परिवारको सदस्यताको अनुमति दिन्छ भनेर पावल भन्छन् कि "उहाँ - परमेश्वर) ले हाम्रो लागि राखेको समपूर्ण कुरा उहाँले हामीलाई दिनुहुनेछ । उहाँले हाम्रो शरीरको पुनरुत्थान गर्नुहुनेछ ।
याद गर्नुहोस् कि परमेश्वरको सन्तान भएको कारण हामी परमेश्वरको उत्तराधिकारी हौं । परमेश्वरले दिनुहुने समपूर्ण कुराको हामी हिस्सेदारी हुनेछौं । यहाँ दुइवटा ठूलो आशिषको बारेमा भनिएको छ । परमेश्वरले हामीलाई हाम्रो चिहानबाट बौरी उठाईद्वारा हामीलाई एउटा नयाँ जीवन दिनुहुनेछ । स्वर्गमा त्यो नयाँ जीवन एउटा शरीरमा भएर महिमित पर्वत हुनेछ । कस्तो प्रकारको

महिमित शरीर हुनेछ भनेर जान्नको लागि यो न्यायको दिन अनुभव गरिनेछ ।
मानिसहरुको पापको बोझको मुनि सृष्टि प्रसववेदनाको आर्तनाद गर्छ तर सृष्टि मात्रै होईन । अझ तमाम कठिनाई र दुःखको कारण मानिसहरु स्वयम आफै छन् । मानिसहरु पनि दुःखमा आर्तनाद गर्दछन् । यी कठिनाईको कारण विश्वासीहरु त्यो समयलाई हेरिराख्छन् जब परमेश्वरले समपूर्ण कुरा ठीक पार्नुहुनेछ ।

तर त्यो सिद्धता हुनेछ पूरा हुनेछ भनि हामी कसरी थाहा पाउछौँ । सर्वप्रथम, हामीसँग त्यस्तो सान्त्वना छ कारण पवित्र आत्मा हामीमा वास गर्नुहुन्छ । पावल भन्छन्, "यस्तो अग्रिम आशिषको लागि हामीसँग पवित्रआत्मा हुनुहुन्छ ।"

याद गर्नु पर्ने कुराहरु :
५३. सृष्टि जस्तै मानिसहरु पनि ................ बाट मुक्त हुनलाई अगाडि हेर्छन् ।
५४. यो पिडाबाट मुक्त हुनलाई ............ ..................... सम्म यसले समय लिन्छ ।
५५. एउटा सान्त्वना त्यो हो कि .................. को उपस्थिति तिनीहरुमा रहेर न्यायको दिनमा पिडाबाट मुक्त हुनेछन् ।
५६ दोस्रो सान्त्वना येशूले तिनीहरुको लागि ठाउँ तयार पार्न ........................ गर्नु भएको छ ।
५७. न्यायको दिनको एउटा आशिष त्यो हो कि मानिसहरु तिनीहरुका चिहानबाट ........... उठ्नेछन् ।
५८. अर्को आशिष त्यो हो कि विश्वासीहरु एउटा ............ शरीरसँग बौरी उठ्नेछन् ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ८:२४–२७ सम्म पढ्नुहोस्)
*किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं । अब देखिनेचाहिँ आशा त आशा नै होइन । किनकि देखेका कुराको आशा कसले गर्छ र ? तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतीक्षा गर्छौं ।*

*त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरुमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ । र मानिसहरुका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरुका निम्ति मध्यस्थता गर्नुहुन्छ ।*

"आशा" भन्ने शब्दले निरन्तर भविष्यतिर हेर्छ । यसले नदेखेको खथवा हामीसँग नभएको कुराको बारेमा भन्छ । यो दुइवटा तरिकाबाट बुझ्न सकिन्छ । एउटा इच्छा जो केहि कुरालाई पाउँन त्यसमा हामी निश्चित हुदैनौ यसको एउटा अर्थ यो हुन्छ । उदाहरणको लागि, बादल लागेको दिनमा हामी एउटा वनभोजको योजना बनाइरहेछौ । हामी भन्न सक्छौ "पानी नपर्ला भनेर"—तर हामी सबै मौसम सफ रहनमा निश्चित भने छैनौं ।
त्यहाँ हर्को प्रकारको आशा छ । जो धैर्यता पूर्वक केहि कुराको लागि पर्खनु पर्छ यो अहिले प्रप्त भएको छैना तर प्राप्त हुन निश्चित छ । त्यस्तो प्रकारको आशा परमेश्वरको प्रतिज्ञामा ती कुराहरु राखिएका छन् । यस्तो प्रकारको आशा आधारित हो । हामी यसलाई आत्मा विश्वास पनि भन्छौ । आशा परमेश्वरको प्रतिज्ञामा भरोसा । आत्मा विश्वासमा छ ।
ह्मम्रो नयाँ मानिसले परमेश्वरको प्रतिज्ञामा भरोसा राख्छ । हाम्रो पुरानो आदमले त्यसमा शंका उत्पन्न गराउछ । कहींले काँही हामीलाई सहायताको आवश्यकता पर्छ । पावल भन्छन्, "त्यसै गरि पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ ।" कहिले काँही हामीले कसरी प्रार्थना गर्नु पर्ने हो केको लागि प्रार्थना गर्नु पर्ने हामी जान्दैनौ । तब पवित्र आत्मा कार्य गर्नुहुन्छ । उहाँले हाम्रो कमजोर प्रार्थनालाई सुधारेर पिता कहाँ पुऱ्याउनुहुन्छ । आत्माको सहायताबाट, हाम्रो प्रार्थना सिद्ध प्रार्थना हुन्छ, हाम्रो स्वर्गीय पितालाई पूर्ण स्वीकार योग्य हुन्छ ।

याद गर्नु पर्ने कुराहरु :
५९. विश्वास (आशा) परमेश्वरको ................ मा ................. र .................. छ।
६०. जब हाम्रो प्रार्थना ..................... ...................... सामु स्वीकार योग्य छ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ८: २८–३० सम्म पढ्नुहोस्)
*हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ। जस–जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपसमान बनाउनलाई, धेरै भाइहरुमध्ये उहाँचाहिँ ज्येष्ट होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो। जस–जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरुलाई उहाँले बोलाउनु पनि भयो, र जस–जसलाई उहाँले बोलाउनुभयो, तिनीहरुलाई उहाँले धर्मी पनि ठहराउनुभयो, तिनीहरुलाई उहाँले महिमित पनि पार्नुभयो।*

एफिसीहरुलाई पत्र लेख्दै पावल भन्छन्, "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔ भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। (एफिसी१:४)।" हामी पहिल्यै नै जन्मिएका थियौँ–संसारको उत्पत्तिभन्दा पहिल्यै–हामी पापीहरुलाई बचाउन परमेश्वरले उहाँको आफ्नो पुत्रलाई संसारमा पठाउन योजना बनाउनुभएको थियो। यहाँ उनको रोमीहरुलाई पत्रमा, परमेश्वरको योजनाको वर्णन गर्दैनन्। उनी साधारणतया यसको हाम्रो जीवनमा प्रभाव बारे भन्छन्। उनी भन्छन्, "हामी जान्दछौ, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले मलाई नै गर्नु हुन्छ।"

ह्रम्रो लागि परमेश्वरको एउटा योजना छ। समपूर्ण कुरा उहाँको अधीन मुनि छ। अनन्तकाल देखिनै पापको छुट्काराको लागि संसारको मुक्तिदाताको रुपमा आफ्नो पुत्र पठाउन परमेश्वरले योजना बनाउनुभएको थियो। लगभग २००० वर्ष पहिले उहाँले तपाईको सट्टामा मर्न र कष्ट उठाउन येशूख्रीष्टलाई पठाउनु भयो।

अहिले  वर्तमान समयमा उहाँ त्यो सत्यतालाई विश्वनस गर्न तपाईलाई आमन्त्रण गर्दै हुनुहुन्छ। भविष्यमा उहाँले तपाईलाई स्वर्गमा महिमित पार्नु हुनेछ। त्यस्तो प्रकारको महिमित प्रतिज्ञाले पावललाई एउटा गम्भिर प्रश्न सोध्न अगुवाई गर्छ।

याद गर्नु पर्ने कुराहरु :
६१. परमेश्परले ............... लेखिनै हाम्रो मुक्तिको योजना बनाउनु भएको थियो।
६२. वर्तमान समयमा परमेश्वरले हामीलाई ............ गर्न आमन्त्रण गर्नुहुन्छ।
६३. भविष्यमा परमेश्वरले ....................  ....................
.................... पार्नुहुनेछ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ८:३१–३४सम्म पढनुहोस्)
*हामीले यसमा के भन्ने त ? यदि परमेश्वर हामी तर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ ? जसले आफ्नो निज पुत्रलाई बाँकी राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो , के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ? परमेश्वरका चुनिएकाहरुका विरुद्धमा कसले अभियोग लाउनेछ ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, दण्डको आज्ञा दिने को हो ? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरुबाट जीवित पारिनुभयो, र परमेश्वरका दाहिने बाहुलितर्फ हुनुहुन्छ , र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ।*

प्रश्न एक : यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने हाम्रो विरुद्ध को हुन्छ ? *उत्तर :* कोही हुँदैन । परमेश्वरले आफ्नै निज पुत्रलाई बाँकी राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबैथोक पनि उहाँकै साथमा दिनु हुने छैन र ?
प्रश्न दुइ : परमेश्वर चुनिएकाहरुका विरुद्धमा कसले अभियोग लाउनेछ ?
*उत्तर* कसैले पनि लाउदैन ।
प्रश्न तीन : दण्डको आज्ञा दिने को हो ?
*उत्तर* कोही पनि छैन ।

ख्रीष्ट मर्नुभयो तर जीवनमा पुनरुत्थान हुनुभयो । अहिले उहाँ परमेश्वरसँग रहनुहुन्छ र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।

याद गर्नु पर्ने कुराहरु :
६४. परमेश्वर हामीतर्फ हुनुहुन्छ भने ............ हाम्रो विरुद्धमा खडा हुन सक्दैन ।
(पे. नं. १०१ मा उत्तर हेर्नुहोस् )

(रोमी ८:३५–३९ सम्म पढ्नुहोस्)
*कसले हामीलाई ख्रीष्टको प्रेम बाट अलग गर्ने ? के सङ्कष्टले अथवा दु:खले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले ? यस्तो लेखिएको छ,*
*"तपाईको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेडाहरुजस्तै हामीहरु गनिएका छौं ।"*
*होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरु भन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरुले वा प्रधानताले, वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले, वा शक्तिहरुले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।*

चौथो प्रश्न : कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने ?
यो प्रश्नको उत्तरको लागि पावलले सातवटा दुस्कर्मको सूची बनाएका छन् (सङ्कष्ट/ दु:ख /खेदो /अनिकाल /नग्नता / खतरा/ तरवार ) यी सबै कुरा गम्भिर हुन् । तिनीहरु मुख्य समस्याका कारक हुन । तर तिनीहरुले विश्वासीहरुलाई ख्रीष्टबाट अलग पार्न सक्दैनन् ।
पद ३८र३९ मा हेर्नुहोस् पावल त्यहि बुँदा माथि जोड दिँदै १० वटा अरु ज्यादा कुराद्वारा थप्दैछन् । कुनै पनि कुराले विश्वासीहरुलाई ख्रीष्टबाट अलग पार्न सक्दैन । सृष्टिमा भएका कुनै पनि कुराले त्यो गर्न सक्दैन ।

यो महान र आनन्द सत्यता अनुसार पावल भन्न सक्छन्, "म बिलकुल निश्चित छु" त्यो विश्वासको जाहेरी हो । याद गर्नुहोस् विश्वास परमेश्वरको प्रतिज्ञामा भरोसा र विश्वस्त हुनु पर्ने कुरा हो । विश्वास एउटा असल कार्य जसले हामीलाई केहि कुरा आर्जन गर्छ त्यो होइन । यो हाम्रो मुक्तिको कारण होइन । विश्वास परमेश्वरले हाम्रो लागि जे गर्नुभएको छ केवल सो प्राप्त गर्छ । पावल आफ्नो विवरणलाई बन्द गर्दै त्यो सत्यताको बारेमा सिकाउछन्, "कुनै पनि कुराले परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्ने छैन जे हाम्रो प्रभु येशूख्रीष्टले गर्नुभएको छ त्यसको कारण ।" हाम्रो जीवनमा सधैँ दुःख हुनेछ , तर ख्रीष्टमा परमेश्वरको प्रेमले हामीलाई वर्तमान समस्यालाई समाधानर्थ बल दिन्छ र यसले हामीलाई भविष्यमको महिमाको आश्वास्त पार्छ ।

याद गर्नु पर्ने कुराहरु –उत्तरहरु

१.विश्वास, २. ख्रीष्ट, ३.मृतक, ४. नयाँजीवन, ५. लागि, लाई, ६. मृतक, ७. पाप, खराब कुराहरु, खुशी/आनन्द, ८. व्यवस्था, बचाइएका, ९. उपहार। १०. एउटा नयाँ जीवनमा जीउनु, ११. बप्तिस्मा, परमेश्वरको वचन/बाइबल, १२. मालिक, १३. पाप, १४. पापमा मरिरहेका, १५. असल, खुशी, १६. जीवित, १७. मरेका छन्, १८. व्यवस्था, १९. व्यवस्था, २०. मरेको, २१. व्यवस्था, २२. आत्मा, २३. परमेश्वर २४. पाप, मर्नु, २५. पाप, मुक्तिदाता, २६. असल, २७. पापपूर्ण, २८. नियन्त्रण पाउनु, २९. नयाँ मानिस, ३०. असल थोक, कुरा, ३१. पापपूर्ण, ३२. पुरानो आदम, ३३. खराब कुरा, वस्तु, ३४. लडाई, युद्ध, ३५. ख्रीष्ट, ३६. कायम राख्नु, पालन गर्नु, ३७. व्यवस्था, कमजोर, ३८. वलि, ३९. क्षमादान, ४०. आत्मा, ४१. धन्यवाद, ४२. त्रिएक, तीन भएका, ४३. रहनु, ४४. बौरी उठाउनु, ४५. रहनु, ४६. पाप, ४७. पवित्रआत्मा, ४८. परमेश्वर, ४९. भाइहरु, ५०. बाड्नु, हिस्सा लगाउनु, ५१. कष्ट, पिडा, ५२. न्याय दिन, ५३. पिडा, ५४. न्याय दिन, ५५. पवित्र आत्मा, ५६. प्रतिज्ञा, ५७. उठाउनु, ५८. महिमित पारिएको, ५९. भरोसा, आत्मविश्वास, प्रतिज्ञा, ६०. पवित्रआत्मा, स्वर्गीया पिता, बुबा, ६१. अनन्तता, ६२. विश्वास, ६३. तपाईलाई स्वर्गमा महिमित, ६४. कोही पनि नाई ।

भाग–४

## कृपया याद गर्नु पर्ने कुराहरुलाई पुनरावलोकन गर्नुहोस्

१. बप्तिस्माद्वारा पवित्रआत्माले बप्तिस्मा पाएको व्यक्तिको हृदयमा ...................... को काम गर्नुहुन्छ । बप्तिस्माले हामीलाई ........................ जोडदछ ।

२. हाम्रो बप्तिस्मामा हामी ख्रीष्टसँगै ............. मरेका थियौ । अब हामी ............ त्याग्ने कोशिष गर्नेछौर परमेश्वर जेमा .......... हुनु हुन्छ त्यो गर्न कोशिष गर्नेछौं ।

३. जे ........... मानिसहरुमा आशा राख्नुहुन्छ व्यवस्थाले हामीलाई देखाउछ ।

४. व्यवस्था असल हो कारण यसले हाम्रा ........लाई देखाउछ र पापबाट छुटकाराको लागि हाम्रो.................... को आवश्यकता देखाउछ ।

५. विश्वासमा आउन विश्वासले विश्वासीहरुलाई ............... दिन्छ । त्यो नयाँ मानिसले ............ गर्न चाहन्छ ।

६. हरेक विश्वासीसँग अझै पनि .............. स्वभाव छ । यो पापपूर्ण स्वभावलाई प्राय गरेर हाम्रो ............ भनिन्छ ।

७. हरेक दिन "नयाँ मानिस" र पुरानो आदम एक अर्कोसँग ............गर्छन् ।

८. परमेश्वरले उहाँको आफ्नो पुत्रलाई पापको लागि एउटा ............. हुन मानिसको स्वरुपमा जन्मन पठाउनुभयो ।

९. ख्रीष्टको मृत्यु सारा संसारको पापको .................. हो ।

१०. बाइबलको परमेश्वर ...................... परमेश्वर हो । यसको अर्थ त्यहाँ ............. व्यक्ति ........ मा परमेश्वर हो ।

११. न्यायको दिनमा परमेश्वर तिनीहरुलाई ............ हुनेछ, जोहरु मरेकाछन् । विश्वासीहरु स्वर्गमा परमेश्वरसँग सधैं ......... मा हुनेछन् ।

१२. विश्वास परमेश्वरको .............. मा .................. र .................. छ ।

१३. जब हाम्रो प्रार्थनाको जीवन कमजोर हुन्छ ............ ले हामीलाई सहयोग गर्नुहुन्छ । यस्तो प्रकारको प्रार्थना ................ को समु स्वीकार योग्य छ ।

१४. परमेश्वरले ................... देखि नै हाम्रो मुक्तिको योजना बनाउनुभएको थियो ।

१५. वर्तमान समयमा परमेश्वरले हामीलाई .......... गर्न आमन्त्रण गर्नु हुन्छ ।

१६. भविष्यमा परमेश्वरले ........... पार्नु हुनेछ ।

१७. परमेश्वर हामी तर्फ हुनुहुन्छ भने .......... हाम्रो विरुद्धमा खडा हुन सक्दैनन् ।

(पे. नं. २०९ मा उत्तर हेर्नुहोस्)



# विश्वासद्वारा धर्मी

भाग –५:

यहूदीहरु र अन्यजातिहरुसँग व्यवहारमा परमेश्वरको न्याय र दया ।

*रोमी ९ १–११ ३६*

भाग पाँचः
यहूदीहरु अन्यजातिहरुसँग व्यवहारमा परमेश्वरको न्याय र दया ।

यहूदीहरु र अन्यजातिहरुसँग व्यवहारमा परमेश्वरको न्याय र दया (रोमी ९:१–११:३६)

येशूलाई नभेटेसम्म पावल एउटा कट्टरपन्थी यहूदी गुरु थिए । दमस्कसको बाटोमा एउटा इसाई सेवकको रुपमा उनको बोलावट भएको थियो । यसले उनलाई उनका यहूदी मित्रको विरुद्धमा खडा भएको जस्तो देखिन्छ । पावल बडो जोरदारसँग यो कुरा इन्कार गर्दछन् । उनी आफ्ना यहूदी मित्रलाई अझै ज्यादा ख्रीष्टमा विश्वासद्वारा मुक्ति प्राप्त गर्न चाहन्छन् । यद्यपि अझै पनि उनी यदि उनीहरुलाई सहायता हुन्थ्यो भने आफ्नो मुक्तिलाई परित्याग गर्ने इच्छा राख्ने थिए होला ।

(रोमी ९:१–३ सम्म पढ्नुहोस्)
*म ख्रीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैनँ । मेरो विवेकले पवित्र आत्मामा मलाई गवाही दिन्छ । मेरो हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ । म त यहाँसम्म पनि चाहन सक्थें कि मेरा भाइहरु र मेरा जातिको नाताले मेरा कुटुम्बहरुका खातिर म नै श्रापित होऊँ, र ख्रीष्टबाट परित्यक्त होऊँ !*

पवल याद गराउछन् कि शताब्दीयौं देखि परमेश्वरले आफ्ना चुनेका मानिस यहूदीहरुलाई धेरै फाइदा दिनुभयो । जसमा यी समावेश छन् : पुत्र हुने अधिकार, विशेष करार, मोशाद्वारा व्यवस्था प्रदान, मन्दिरको आराधना । तर सबभन्दा ठूलो उपहार त्यो प्रतिज्ञा थियो संसारको उद्धारकर्ता तिनीहरुको वंशबाट जन्मिनु हुने थियो ।

(रोमी ९:४,५ पढ्नुहोस्)
*तिनीहरु इस्राएलीहरु हुन्, अनि पुत्र हुने अधिकार, महिमाको दर्शन, करार व्यवस्थाको प्रदान, मन्दिरको आराधना र प्रतिज्ञाहरु तिनीहरुका*



*मोसाले काँसाको सर्पलाई येशूको चित्रणको रुपमा उचाले।*

*आफ्नै हुन् । पूर्वजहरु यिनीहरुका नै हुन्, र ख्रीष्ट पनि शरीर अनुसार तिनीहरुकै वंशका हुनुहुन्छ ।, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस् । आमिन् ।*

रोमीहरुलाई पत्र लेखिरहेको पावलको समयमा प्राय गरेर उहूदीहरु ( इस्राएल पनि  भनिन्छ) उनको सन्देशलाई इन्कार गरिरहेका थिए । पावल जोड दिन्छन् कि यो परमेश्वरको दोष होइन । परमेश्वरको वचन फेल भएको छैन । उहाँका प्रतिज्ञाहरु अझै उत्तम छन् । दोष इस्राएलीहरुको अविश्वासमा पर्छ । तिनीहरु प्रतिज्ञा गरिएको पुत्रलाई विश्वासमा हेर्दैनन् । त्यसले पावललाई यो भन्न्मा अग्रसरता ल्याउछ, "इस्रएलको परिवारका वंश सबै जो वास्तवमा इस्राएली होइनन्" अर्को शब्दमा अब्राहमको शरीरिक सम्बन्ध बाट जन्मेका सन्तानहरु सबै परमेश्वरको सन्तान होइनन् ।
अब्राहाम र उनकी सेविका केटी बाट एउटा छोरो इस्माएल थियो । तर उ परमेश्वरले प्रतिज्ञा गरेको पुत्र थिएन । परमेश्वरले प्रतिज्ञा गरेको पुत्र अझै अब्राहाम र उनकी श्रीमती साराबाट जन्मिनु बाँकी नै थियो । त्यो पुत्र इसहाक थियो । इसहाक र इस्माएल दुवै अब्राहामका सन्तान थिए । तर परमेश्वरले इसाहकलाई प्रतिज्ञा पूरा गर्नलाई चुन्नुभयो ।

(रोमी ९:६–९ सम्म पढ्नुहोस्)
*तर परमेश्वरको वचन विफल भएको होइन । किनकि इस्राएलबाट जन्मेका सबै इस्राए होइनन्, नता अब्राहामका सन्तान हुँदैमा सबै तिनका छोराछोरी हुन् । तर धर्मशास्त्रमा भनेअनुसार, "इसहाकबाट नै तिनीहरुको सन्तान गनिनेछ ।"  (उत्पत्ति २१:१२) यसको अर्थ, शरीरबाट जन्मेकाहरु परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरु नै अब्राहामका सन्तान हुन् । त्यस प्रतिज्ञाले यसो भन्दछ, "तोकिएको समयमा म फर्केर आउनेछु, र साराको एउटा छोरो हुनेछ ।"  (उत्पत्ति १८:१०,१४)*

यो पुत्रद्वारा पावल जोर दिन्छन् कि उद्धार अनुग्रहद्वारा छ । "अनुग्रह" को अर्थ यो परमेश्वरबाट दिइएको सित्तैको छनौटको उपहार हो ।



नोकरले रिबेकालाई इसाहाक कहाँ ल्याउँछ ।

यसमा कुनै मानवीय फाइदा समलग्न गरिएको छैन । यो यस उसले छैन कारण एउटा व्यक्तिले परमेश्वरको क्षमा केहि असल कार्य गरेको छ । यो सत्यतालाई उनले इसहाक र उनकी श्रीमती रेबीकाको जीवनको घटनासँग उदाहरण दिएका छन् ।
यी धर्मी जोडी जुम्ल्याहाको आशामा थिए । तिनीहरु जन्मिनु भन्दा पहिले परमेश्वरले आमालाई सुसुचित गर्नुभयो, "जेठो छोराले कान्छो चाहिँको सेवा गर्नेछ ।" त्यो एउटा असाधारण प्रकारको प्रबन्ध तियो । यहूदीप्रथा अनुसार, पहिले जन्मेकोले साधारणतया उसको केहि फाइदा थियो । यो खास परिस्थितिमा अब्राहाम र इसहाकलाई पहिले नै प्रतिज्ञा गरिएको मुक्तिदाताको रेखातिर समाविष्ट गर्न लगिरहेको छ । यहाँ उसको जेठो दाजु एसाव भन्दा बरु कान्छो जुम्ल्याहा याकूबलाई परमेश्वरले एउटा विशेष सुसमाचार दिन छान्नुभएको छ । त्यो निर्णय स्पष्टतया परमेश्वरको इच्छामा निहित थियो न कि मानव कार्यमा ।
पावल यसलाई उनको विवरणको सहायताको प्रयोगको लागि लिन्छन्, "यो हाम्रो चाहना र गराईमा भरपर्दैन । यो परमेश्वरको दया -अनुग्रह) मा भर पर्दछ ।"

(रोमी ९:११–१६ सम्म पढनुहोस्)
*र जुम्ल्याहा बालकहरु जन्मनु अघिबाटै, तिनीहरुले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार परमेश्वरका चुनाउको उद्देश्य ठहरिओस् भनेर रिबेकालाई यसै भनिएको थियो, "जेठाले कान्छाको सेव ागर्नेछ । (उत्पत्ति २५:२३)जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें ।" (मलाकि १:२,३)*
*ऋब हामी के भनौं ? के परमेश्वरमा अन्याय छ त ? कदापि होइन ! उहाँ मोशालाई भन्नुहुन्छ, "जसमाथि म कृप ागर्न चाहन्छु त्यसलाई म कृप ागर्नेछु, र जसलाई म टिठायाउन चाहन्छु त्यसलाई म टिठाउनेछु ।" (प्रस्थान ३३:१९) यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ ।*

परमेश्वर जसलाई चाहनुहुन्छ त्यसलाई आफ्नो दया देखाउने अधिकार छ , कसैमाथिको दया हटाउने अधिकार पनि छ । मानिसहरुको धर्तीको जीवन प्राय गरेर “अनुग्रहको समय” भनेर भनिन्छ । यदि अविश्वासीहरु जिद्धी गरेर परमेश्वर प्रति अनाज्ञाकारी र उहाँको प्रतिज्ञाप्रति शंकालु भ एभने, परमेश्वर उनीहरुलाई हस्तक्षेप गर्नुहुन्न । तर उहाँले तिनीहरुको अनुग्रहको समयलाई आफ्नो अनुग्रह (दया) तिनीहरुबाट हटाएर समाप्त गर्नु हुन्छ । मिश्री शासक फारोलाई भए जस्तै हो ।

जब परमेश्वरले मोशालाई मिश्रमा यहूदी जातिलाई दासत्व्बाट छुटकारा दिनको लागि फारो कहाँ सोध्न पठाउनुभयो, फारोले तुरुन्तै हृदय कठोर पा¥यो र सो कुरा इन्कार ग¥यो । जब फारो परमेश्वरको विरुद्ध विद्रोह गरिनै रह्यो, तब परमेश्वरले अन्तमा फारोको हृदय कठोर पार्नुभएको थियो । फारोको अनुग्रहको समयको अन्तद्वारा परमेश्वरले आफ्नो शक्ति र पवित्रता प्रकट गर्नुभयो । एउटा पवित्र परमेश्वरसँग पछुताउने पापीहरुलाई दया देखाउनलाई र हठी अविश्वासीहरुबाट उहाँको दया हटाएर र शक्ति देखाउन दुवै अधिकार छ ।

(रोमी ९:१७–१८ पढ्नुहोस्)
*कि धर्मशास्त्रले फारोलाई भन्छ, “म मेरो शक्ति तँमा देखाऊँ, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस् भन्ने अभिप्रायले मैले तँलाई खडा गरें । (प्रस्थान ९:१६) यसकारण उहाँले इच्छा गर्नुभएकाहरुलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा गर्नुभएकाहरुको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ ।*

पूर्ण उत्तर हो, “परिस्थिति एउटा कुमाले र उसले बनाइरहेको माटोको भाँडोसँग समानन्तर छ । माटोको भाँडोले कुमालेसँग कस्तो प्रकारको भाँडो बनाइने भनेर भन्न सक्दैन । र एउटा आत्मिकी तहमा प्राणीले सृष्टिकर्तालाई नियन्त्रण गर्न सक्दैन ।

उनको आफ्नो दुइवटा प्रश्नलाई पावल अब अनुसरण गर्छन् । पद २२ मा उनी सोध्दछन्, “यदि परमेश्वरले आफ्नो कोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको

क्रोधका पात्रहरुलाई के अत्यन्त धैर्य साथ सहनु भएको छ ?" वास्तवमा उत्तर हो, "छ भने के भयो त ?"

पद २३ मा एउटा समानन्तर प्रश्न सोध्दछन्, "के महिमाको निम्ति अघिबाटै तयार पार्नु भएको उहाँका कृपा पात्रहरुलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई यो गल्ती गर्नुभयो ?" फेरि उत्तर यो हो, "प्रकट गर्नुभयो त के भयो ?" त्यहाँ कुनै गल्ती छैन ।

(रोमी ९:१९–२३ सम्म पढ्नुहोस्)

*तब तिमी मलाई भन्नेछौ, "परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ ?" तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको ?" भन्छ र ? (यशैया २९:१६) के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँडो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र ?*

*यदि परमेश्वरले आफ्नो क्रोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरुलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त ? यदि महिमाको निम्ति अघिबाटै तयार पार्नुभएको उहाँका कृपा–पात्रहरुलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो–*

परमेश्वर जससँग प्रसन्न हुनुहुन्छ उसलाई दया देखाउन क्तिुहुन्छ भन्ने कुरा पावलले स्थापित गरेको छ । तब पावल आफ्ना पाठकहरुलाई घोषण गर्छन्, "हामी ती मानिसहरु हौँ जसलाई परमेश्वरले कृपा देखाउनुभएको छ । उहाँले हामीलाई चुन्नुभयो र हामी सबै यशूदी होइनौ । हामीमध्ये धेरै अन्यजाति हौँ ।

मण्डलीमा अन्यजाति हुनुमा कुनै आश्चर्य कुरा हुने छैन । धेरै वर्ष पहिले हेसे अगमवक्तद्वारा परमेश्वरले त्यो अगमवाणी गराउनुभएको थियो । अन्यजाति जो औपचारिक रुपमा परमेश्वरले नचुनेका मानिसहरु थिए, अहिले नयाँ नियम मण्डलीमा उहाँको दयाको पात्र छन् ।

अर्को तर्फ, पुरानो नियमका चुनिएका जाति, यहूदी मानिसहरुले धेरैले परमेश्वरको दयालाई इन्कार गरेका छन् । तिनीहरु

परमेश्वरको उद्धारबाट टाढा छन् । यसलाई पनि धेरै वर्ष पहिले यशैया अगमवक्ताले ठीक प्रकारले भविष्यवाणी गरेका थिए । उनले भनेका थिए "इस्राएल समुद्रको बालुवा झैं भएता पनि । तर तिनीहरुमध्ये केहि मौ बचाइनेछन् ।"

(रोमी ९:२४–२९ सम्म पढ्नुहोस्)

*अर्थात हामी, जसलाई यहूदीहरुबाट मात्र होइन, तर अन्यजातिहरुबाट पनि उहाँले बोलाउनुभएको छ भने, के भयो त ? जस्तो होशेको पुस्तकमा पनि उहाँ भन्नुहुन्छ,*

*"जुनहरु मेरा मानिसहरु थिएनन्,*
*तिनीहरुलाई म 'मेरा प्रजा'*
*तुल्याउनेछु ।*
*र जसलाई मैले प्रेम गरेको थिइनँ,*
*त्यसलाई म 'मेरा प्रिय' भन्नेछु ।" (होसे २:२३)*
*"अनि जहाँ तिमीहरु मेरा प्रजा*
*होइनौ ।'*
*भनी तिनीहरुलाई भनिएको थियो,*
*त्यहीँ तिनीहरु 'जीवित परमेश्वरका*
*सन्तान' कहलाइनेछन् ।" (होसे १:१०)*
*इस्राएलको बारेमा यशैया घोषणा*
*गर्छन्,*
*"इस्राएलका सन्तानको संख्य समुद्रको*
*बालुवा जत्तिकै भए पनि,*
*बाँकी रहेकाहरुको मात्र उद्धार हुनेछ ।*
*किनकि प्रभुले पृथ्वीमा उहाँका*
*पूर्ण गर्नुहुनेछ ।" (यशैया १०:२२,२३)*
*यशैयाले यो भविष्यवाणी गरेका*
*छन्,*

*"सेनाहरुका परमेश्वरले हाम्रा निम्ति*
*सन्तान नछोड्नुभएको भए*
*हामी सदोमजस्तै हुनेथियौँ,*
*र गमोरासमान बन्नेथियौँ ।" (यशैया १:९)*

यो ठूलो परिवर्तनको के कारण हो ? जब कि अन्यजातिहरु पपमा हराएका र मृत्युमा विनाश थिए, परमेश्वर तिनीहरु कहाँ कृपा साथ आउनुभयो । तिनीहरु मुक्ति -उद्दार) खोजिरहेका थिएनन्, तर परमेश्वर तिनीहरु कहाँ सित्तैको क्षमाको र ख्रीष्टमा जीवनको सन्देश ल्याउनु भयो । अन्यजातिले त्यो सन्देश माथि विश्वास गरे । विश्वासद्वारा तिनीहरुले यसलाई स्वीकारे र परमेश्वरका सन्तान र अनन्त जीवनका उत्तराधिकारी भए ।
ॠर्को तर्फ, धेरै ज्यादा यहूदीहरु बचाइनको लागि एउटा मार्ग सकृय रुपले हेरिरहेका थिए । तिनीहरु व्यवस्थालाई हेरिरहेका थिए कि त्यसले तिनीहरुलाई परमेश्वरको सामु धर्मी ठहराउनेछ भनि सोच्दथे । तर तिनीहरुले त्यो पाउन सकेका थिएनन् । किन पाउन सकेनन् ? किनभने विश्वासद्वारा धार्मिकताको लागि तिनीहरुले हेरेका थिएनन् । तिनीहरुले यसलाई कार्यद्वारा प्राप्त गर्ने कोशिष गरेका थिए । ख्रीष्टद्वारा तिनीहरुको लागि आर्जन गरेको धार्मिकता माथि तिनीहरुको आफ्नो धार्मिकताले, तिनीहरु परमेश्वरको कृपालाई इन्कार गरे । तिनीहरुको मार्गमा एउटा चट्टान जस्तै ख्रीष्टमाथि हठी भए ।

(रोमी ९:३०–३३ सम्म पढनुहोस्)
*ॠब हामी के भनौं ? धार्मिकताको पछि नलाग्ने अन्यजातिहरुले धार्मिकता प्राप्त गरेका छन्, अर्थात विश्वासद्वारा पाइने धार्मिकता । तर व्यवस्थामाथि आधारित भएको धार्मिकताको पछि लाग्ने त्यस इस्राएलले त्यो व्यवस्था पूरा गर्न सकेन । किन सकेन ? किनकि धार्मिकता कर्महरुमाथि आधारित छ भन्ठानेर तिनीहरुले विश्वासद्वारा धार्मिकता खोजेनन् । तिनीहरु ठेस लाग्ने ढुङ्गामा ठक्कर खाएर लडेका छन् । जस्तो लेखिएको छ,*
*"हेर, म सियोनमा एउटा ढुङ्गा*
*राख्तछु,*
*ज्समा मानिसहरुलाई ठेस लाग्छ,*
*एउटा चट्टान, जसले तिनीहरुलाई*
*ल्डाउँछ,*
*तर उहाँमा भरोसा राख्ने कोही शर्ममा पारिनेछैन ।" (यशैया ८:१४, २८:१६)*



ज्योतिषीहरुले येशूको आराधना गरे ।

याद गर्नु पर्ने कुराहरु :

१. पावल एउटा यहूदी हुन् जो उनका यहूदी मित्रहरुको बारे धेरै सम्बन्धित छन् जुनहरु ................ राख्दैनन् ।

२. परमेश्वर जसलाई उहाँ चाहनुहुन्छ ..........देखाउन सक्नुहुन्छ ।

३. पुरानो नियमको समय परमेश्वरले ..............लाई .....................   ............... को छनौट द्वारा उहाँको कृपा देखाउनु भयो ।

४. नयाँ नियमको समयमा परमेश्वर एउटा विशेष तरिकाले ........लाई उहाँको कृपा देखाउनुभएको छ ।

५. अन्यजातिहरु ............. द्वारा परमेश्वरका सन्तान भएका छन् ।

६. परमेश्वरको प्रतिज्ञाहरु यहूदीजातिहरुलाई अझै उत्तम छन् । तर धेरै यहूदीहरु मुक्ति (उद्धार)लाई गुमाइरहेका छन् किनभने तिनीहरु यसलाई ......... गर्न चाहन्छन् तिनीहरुको ..................द्वारा, बरु परमेश्वरबाटको ........... भन्दा पनि ।

(पे. नं. १३४  मा उत्तर जाँच्नुहोस्)

## रोमी १०

अध्याय १० धेरै जसो अध्याय जस्तै शुरु हुन्छ । शुरु गरिने पदहरुमा प्रेरित उनको गहिरो दुःख व्यक्त गर्दछन् कि धेरै जसो उनका गाउँवासी मुक्ति गुमाईरहेका छन् । यी यहूदी मानिस परमेश्वरको जो परमेश्वरको सेव ागर्ने उत्सुक छन् । तर तिनीहरु गलत बाटोको बारेमा गईरहेका छन् । तिनीहरु परमेश्वरको सामु मात्र धर्मी हुन व्यवस्था कायम राख्ने कोशिष गरिरहेका छन् । तिनीहरु उद्धार कार्यद्वारा कमाउन चाहन्छन् जे परमेश्वरले आशम गर्नुहुन्छ । र यो सत्य हो, मोशा भन्ने गर्छन, “जसले त्यो गर्छ त्यसैद्वारा ऊ जीउने छ ।” समस्या यो हो कि मानिस पापपूर्ण जन्मेका छन् । तिनीहरुले व्यवस्थालाई सिद्ध कायम राख्न सक्दैनन्, जस्तो एउटा पवित्र परमेश्वरले माग गर्नुहुन्छ । बरु उहाँको स्वीकृति भन्दा परमेश्वरको क्रोध तिनीहरुको अपूर्ण व्यवस्थाद्वारा कमाउछन् ।

परमेश्वरको व्यवस्था पालन गर्न सकिन्छ, तर कृतज्ञा पूर्वक त्यो गर्नलाई त्यहाँ उनको उपाय छ । त्यो उपाय हो पापीहरुको बदलामा कसैले त्यो व्यवस्था पालन गरेको छ । र ख्रीष्टले जे गर्नुभयो ठीक त्यहि हो । उहाँले हाम्रो लागि व्यवस्था पूरा गर्नुभयो । विश्वासद्वारा

उहाँको धार्मिकतालाई स्वीकारेर अब हामी हाम्रो परमेश्वरको सामु पूर्णतया धर्मी देखिन्छौ । धर्मीले व्यवस्था पालन गरेको जस्तै हामी देख्छौ र

(रोमी १०:१–४ सम्म पढ्नुहोस्)
*भाइ हो, मेरो आफ्नो हृदयको इच्छा र तिनीहरुका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरुले उद्धार पाऊन । म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरुको जोश त छ, तर यो जोश ज्ञानअनुसार छैन । किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर तिनीहरुको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरु परमेश्वरका धार्मिकताको अधीनमा रहेनन् । किनभने विश्वास गर्ने धर्मी ठहरिओस् । भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ ।*

परमेश्वरको व्यवस्थाले जे परमेश्वरले गर्न चाहनुहुन्छ सो हामीलाई भन्छ । परमेश्वरका सन्तानले जेमा तिनीहरुका स्वर्गीय पिता प्रसन्न हुनुहुन्छ त्यहि गर्न चाहन्छन् । तर पावलले संकेत गरे जस्तै, जे परमेश्वरले माग गर्नुहुन्छ त्यो प्रकार गर्नलाई अब यो नै उसको विश्वासद्वारा शुरु हुन आवश्य क छ । विश्वास हुनलाई हाम्रो अङ्गले केहि प्रकारको कडा कार्यको माग गर्दैन । यसले हामीलाई ख्रीष्ट स्वर्गबाट तल ल्याउनेलाई माग गर्दैन । उहाँलाई चिहानबाट बौरी उठाउनलाई हामीसँग केहि हुदैन । त्यो भन्दा ज्यादा सजिलो हो । विश्वास सुनाइबाट र परमेश्वरको वचन स्वीकारबाट आउछ ।

वचन सहजै उपलब्ध छ । पावल पुरानो नियमको किताब व्यवस्था विवरण बाट उध्दृत गर्छन, उनी भन्छन्, “वचन तिम्रो नजिकै छ, यो तिम्रो मुखमा र हृदयमा छ ।” तब उनी थप्छन्, “त्यसको अर्थ वचन जो हामी प्रचार गर्दछौ ।”

आज देखिनै जे पावलले यो पत्रमा रोमीहरुलाई “प्रचारेको छ” तपाई पढीरहनु भएको छ । आज देखिनै पवित्र आत्मा तपाईलाई तपाईको विश्वास त्यो बचाइने सन्देशमा राख्न आमन्त्रण गर्नुहुन्छ ।

(रोमी १०:५–८  सम्म पढनुहोस्)
*मेशा लेख्छन्, "व्यवस्थामा आधारित भएको धार्मिकता पालन गर्ने मानिस त्यसैबाट जिउनेछ।" (लेवी १८:५हेर्नुहोस) तर विश्वासमाथि आधारित भएको धार्मिकताले यसो भन्छ, "मन–मनमा यसो नभन, 'स्वर्गमा को उक्लने ?' -अर्थात खीष्टलाई तल ल्याउनलाई),(व्यवस्था ३०:१२ हेर्नुहोस) वा आफ्नो मनमा यसो पनि नभन, 'पातालमा को ओर्लने ?'" -अर्थात मरेकाहरुबाट ख्रीष्टलाई माथि ल्याउनलाई )। तर यसले के भन्छ ? "वचन तिम्रो  नजीकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा," अर्थात विश्वासको वचन, जो हामी प्रचार गर्दछौँ। (व्यवस्था ३०:१४)*

व्चनद्वारा पवित्रआत्मा काम गर्नुहुन्छ। परमेश्वरको वचन (बाइबल) एउटा व्यक्तिलाई परिवर्तन ल्याउने शक्ति छ। यसले दुइवटा कुराहरुलाई प्रभावित गर्छ एउटा व्यक्तिको हृदय र मुखलाई। "हृदय देखिनै तिमी विश्वास गर्छौ" त्यो ठूलो परिवर्तन हो। परमेश्वरको वचनले एउटा व्यक्तिलाई विश्वासी बनाउछ। यसले उसलाई परमेश्वरको प्रतिज्ञामा विश्वास गर्न अगुवाई गर्छ। यसले उसलाई खीष्टको धार्मिकतामा भरोसा राख्न विश्वास पार्छ र उसको आफ्नो भरोसामा होइन।

हामी  कसैको हृदय हेर्न सक्दैनौ र विश्वासलाई हेर्न सक्छौ, तर विश्वास आफै एउटा भिन्न प्रकारले देखिन्छ, पावल भन्छन्, "तिम्रो मुखले येशू प्रभु हो भनि भन्छौ," जब एउटा विश्वासीको हृदयले ख्रीष्टमा भरोसा राख्छ, तब उसको मुखले भन्छ, "येशू मेरो मुक्तिदाता हुनुहुन्छ" भनेर। येशूलाई "प्रभु" भनेर पुकार्दै भनिरहेछ, "म उहाँमा मेरो मुक्ति (उद्धार) को लागि भरोसा गर्छु।"

फेरि याद गर्नुहोस्, विश्वास गर्नु एउटा कार्य होइन। यो एउटा विश्वासीले गर्ने केहि कुरा होइन। यो परमेश्वरको कृपामा भरोसा र आत्म विश्वास हो। परमेश्वरले हामीलाई जे सित्तैको उपहार स्वरुप दिनुहुन्छ सो मात्र स्वीकार्नु हो।

(रोमी १०:९–११ सम्म पढ्नुहोस्)
*किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यो, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनछ । किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ । धर्मशास्त्र भन्छ, "उहाँमाथि भरोसा राख्ने काही लाजमा पर्नेछैन । (यशैया २८:१६)*

उद्धारको एउटै मात्र योजना छ । त्यो हो ख्रीष्टमा विश्वासद्वारा । किनभने त्यही कारणबाट पावल भन्न सक्छन् एउटा व्यक्ति यहूली होस् अथवा अन्यजाति  जब कि यसले केही फरक पार्दैन । त्यहि मुक्तिको योजनाले सबैको लागि काम गर्दछ किनभने जसले उहाँलाई पुर्काछ हरेकलाई उहाले प्रचुर मात्रामा आशिष दिनुहुन्छ ।

"प्रभुलाई पुकार्नु" एउटा महत्वपूर्ण धारणा हो । यो भन्न्लाई अर्को तरिका छ: उसको हृदयमा उसँग जेछ एउटा विश्वासीले मुखद्वारा विश्वास व्यक्त गर्दछ ।

त्यस्तो प्रकारको पुकार प्रभुमा केले सम्भव तुल्याउछ ? पावलले पाइलाको सूची समाविष्ट गरेको छ । प्रभुमा एउटा व्यक्तिले पुकार्न सक्नु भन्दा पहिले, उसले परमेश्वरको वचन अवस्यनै सुनेको हुनुपर्छ । परमेश्वरको वचन सुन्नलाई कसैले उसलाई "प्रचार" गरेको थियो । वचन प्रचार गर्न जानु भन्दा पहिले, प्रचारक पठाइएको थियो । पठाउने काम परमेश्वरले गर्नुहुन्छ ।

सुसमाचारको सन्देश वाहकको काम गर्ने महत्वपूर्ण सेवाको बारेमा पावल कुरा गरिरहेका छन् जब तिनी परमेश्वरको वचन हामीलाई सुनाउछन् । हामीले शिक्षक प्रचार र धर्मगुरुहरु जसले हामीकहाँ परमेश्वरको वचन ल्याउछन् तिनीहरुलाई आदर र सम्मान गर्नुपर्छ । त्यसपछि यशैया अगमवक्ताले भनेका वचनसँग हामी सहमत हुन्छौं । "सुसमाचार ल्याउनका खुट्टा कति राम्रा !"

(रोमी १०:१२–१५ सम्म पढनुहोस्)
*िकनकि यहूदी र अन्यजातिमा केही भेद छैन । उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ , उहाँलाई पुकार्नेहरु सबैलाई आफ्नो प्रशस्त*

*आशिष दिनुहुन्छ । किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।" (योयल २:३२)*
*तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने ? र प्रचारकविना तिनीहरुले कसरी सुन्ने ? र कसैले नपठाईकन मानिसहरुले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर !" (यशैया ५२:७)*

पुरानो नियमको शुरुदेखि नै परमेश्वरले आफ्ना चुनिएका मानिसहरु इस्राएल कहाँ अगमवक्ताहरु (प्रचारकहरु) पठाउनुभयो । तिनीहरुको जातिमा जन्मिनु हुने प्रतिज्ञा गरिएको पुत्रमा विश्वास गर्न तिनीहरुलाई बारम्बार उहाँले निमन्त्रणा गर्नुभयो ।

इस्राएलले सन्देश सुन्यो, तर विश्वास गरेन । जब अधिक यहूदीजातिले ख्रीष्टलाई जीवितहरुको मुक्तिदाताको वरुपमा इन्कारे, परमेश्वरले उहाँको कृपामा मुक्तिको सन्देश लिनुभयो र अन्यजातिहरुलाई दिनुभयो । धेरै अन्यजातिहरुले उहाँको सन्देशलाई स्वीकारे । नयाँ नियम इसाई मण्डली वृहत रुपमा अन्यजाति मण्डली भयो ।

तर परमेश्वर इस्राएललाई बिर्सनुभएको थिएन । मोशाले हामीलाई परमेश्वरको योजना बताउछन् । परमेश्वर भन्नु हुन्छ, "एउटा जाति नै नभएका मानिसहरुद्वारा म तिनीहरुलाई डाही बनाउछु ।" "ती मानिस जुनहरु एउटा जाति नै होइनन् ।" तिनीहरु नै अन्यजातिहरु हुन् । परमेश्वरले सबै मुक्तिको आशिष तिनीहरुमाथि खन्याउनुभयो । परमेश्वरको संकल्प यो थियो कि जब सबै आशिष अन्यजाति कहाँ गइरहेको यहूदीजातिहरुले देखे यहूदी जातिहरु डाही हुन्थे । विना "डाही" आशापूर्वक तिनीहरु अन्यजातिहरुसँग ख्रीष्टद्वारा आर्जेको मुक्तिमा समावेश हुनु थियो ।

के यो योजनाले काम गरेको थियो ? यसले अन्यजातिहरुमा काम गर्‍यो । परमेश्वरले भनेको कुरालाई यशैया उध्दृत गर्छन्," मालाई नसोध्नेहरुलाई मैले स्वयम प्रकट गरे । जसले मलाई खोजेनन्, तिनीहरुले मलाई भेट्टाए ।"



पावल र बारनाबासले परमेश्वरको बचन प्रचार गरे।

योजनाले यहूदीहरुमा काम सफल भएको थियो । तिनीहरुलाई परमेश्वरले भन्नु भएको छ, “मैले मेरो हात दिनभरि नै एउटा अटेरी प्रजाको अगि फैलाएँ, जो आफ्नै कल्पनामा यस्तो बाटोमा हिड्छन् ।”

(रोमी १०:१६–२१ सम्म पढ्नुहोस्)
*तर तिनीहरु सबैले सुसमाचार पालन गरेका छैनन्, किनकि यशैया भन्छन्, “हे प्रभु, हामीबाट सुनेका कुरा कसले विश्वास गरेको छ ? (यशैया ५३:१) जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ । तर म सोध्दछु, “के तिनीहरुले सुनेका छैनन् ?” निश्चय नै तिनीहरुले सुनेका छन्, किनकि*
*“तिनीहरुको आवाज सारा पृथ्वीभरि*
*पुगेको छ,*
*र तिनीहरुका वचन संसारको पल्लो छेउसम्म पुगेका छन् ।”*
*(भजनसंग्रह १९:४)*
*म फेरि सोध्छु, “के इस्राएलले बुझेन ?”*
*सर्वप्रथम मोशाले भन्छन्,*
*”जो एक जाति नै होइन,*
*म तिमीहरुलाई तिनीहरुप्रति डाही तुल्याउनेछु, एउटा मूर्ख जातिद्वारा म तिमीहरुलाई क्रुद्ध तुल्याउनेछु ।” (व्यवस्था ३२:२१)*
*तब यशैयाले साहसपूर्वक भन्दछन्, “मलाई नखोज्नेहरुले मलाई भेट्टाएका छन्, जसले मेरो खोजी गरेनन् तिनीहरुका माझमा मैले आफैलाई प्रकट गरेको छु ।” (यशैया ६५:१) तर इस्राएलको विषयमा तिनी भन्छन्, “दिनभरि नै अटेरी र विरोधी मानिसहरुप्रति मैले मेरो हात पसारेको छु ।” (यशैया ६५:२)*

याद गर्नु पर्ने कुराहरु:
७. मुक्तिको योजना केवल .......... मात्र छ ।
८. यो मुक्तिको योजनाले दुइटै ............ र ............ लागि काम गर्छ ।
९. विश्वासमा आउनको लागि एउटा व्यक्तिले अवस्य ............. ................. सुन्नु आवश्यक छ ।

१०. उहाँको वचन प्रचारको लागि ............... ले प्रचारकहरुलाई पठाउनुहुन्छ ।
११. नयाँ नियमको समयमा ............लाई डाही तुल्याउन परमेश्वरले आशा गर्नुभयो कि यहूदीहरुले उहाँको मुक्तिलाई स्वीकार गरुन् ।
१२. धेरै .................ले ख्रीष्ट तिनीहरुको मुक्तिदाताको रुपमा स्वीकारे । केहि मात्र .................ले ख्रीष्टलाई स्वीकारे ।
(पे. नं. १३४ मा उत्तर जाँच्नुहोस्)

रोमी ११
पवलले बारम्बार आफ्नो दःख व्यक्त गरेका छन् त्यो वास्तविकता माथि कि यहूदीजातिले येशू ख्रीष्टलाई तिनीहरुको मुक्तिदाताको रुपममा तिनीहरुले इन्कार गरेको छ । तिनीहरु स्वर्गीय मार्ग छैनन् यस्तो किन भयो भनेर आफ्नो दुःखमा उनी आश्चर्यचकित छन् । उनी सोच्छन्, “के परमेश्वरले आफ्ना मानिसलाई परित्याग गर्नुभएको छ त ?” पावल आफ्नो प्रश्नको यसो भन्दै दिन्छन्, “कदापि होइन ।” त्यो नकारात्मक उत्तरको उनी दुइवटा कारण दिन्छन् ।
 प्रथम, पावल आफैलाई एउटा प्रदर्शनको रुपमा दिदैछन् । उनी एउटा यहूदी हुन् । यदि परमेश्वरले अघिसम्म यहूदीजातिलाई बचाउने कार्य गर्नुभएको थिएन भने तब पावल बचाइने थिएनन् । तर परमेश्वरले उनलाई केवल उद्धारको लागि मात्रै नचुनेर यहाँसम्म कि परमेश्वरले उनलाई एउटा प्रेरितको रुपमा नियुक्त गर्नुभयो । सुसमाचार प्रचार गर्नलाई उनमाथि विश्वास राख्यो । स्पष्टतया परमेश्वर अझै पनि यहूदीहरुलाई स्वीकार्नु हुन्छ ।
परमेश्वरले यहूदी जातिलाई त्याग्नु भएको छैन भन्दै पावल दोस्रो कारण दिन्छन् । एउटालाई हेर्न सक्नु भन्दा इस्राएलमा धेरै विश्वासीहरु छन् । अगमवक्ता एलिसाको दिन को जस्तै परिस्थिति त्यस्तै छ । किनभने उसले एलिसा मानिसको हृदयको विश्वास हेर्न सक्दैन एलिसाले सोचेकि इस्राएलमा कुनै पनि विश्वासी बाँकीरहेको छैन । परमेश्वरले उनलाई भन्नुभएको थियो, “मैले मेरो लागि ७००० मानिस राखेको छु ।”

पहिले देखि नै विश्वास हृदयमा नदेखिइने कुरा हो । पावल उनको आफ्नो समयका यहूदीहरुको बारेमा भन्न सक्छन्, "केहि आज पनि विश्वास योग्य छन् । तिनीहरु परमेश्वरबाट चुनिएका छन् ।"

(रोमी ११:१–६ सम्म पढ्नुहोस्)
*यसकारण म सोध्दछु, "के परमेश्वरले आफ्ना मानिसलाई परित्याग गर्नुभएको छ त ?" कदापि होइन ! निकि म पनि त अब्राहामको सन्तान, बेन्यामीनका कुलको एक इस्राएली हुँ । परमेश्वरले पहिले देखि नै चिन्नुभएका आफ्ना मानिसलाई बहिष्कार गर्नुभएन । के एलियाको विषयमा पवित्र–शास्त्रले भनेको कुरा तिमीहरु जान्दैनौ ? उनले इस्राएलको विरुद्धमा परमेश्वरसँग कसरी बिन्ती गर्दछन्, "हे प्रभु, तिनीहरुले तपाईका अगमवक्ताहरुलाई मारेका छन्, तपाईका वेदीहरु भत्काइदिएका छन् र म मात्र एकलै छोडिएको छु, र तिनीहरु मेरो प्राणको खोजीमा छन् ," (१राजा१९:१०,१४) तर उनलाई परमेश्वरको उत्तर के छ ? "बालको सामने घुँडा नटेक्ने सात हजार मानिसहरु मैले आफ्नो निम्ति राखेको छु ।" (१राजा १९:१८) यसै गरी यस वर्तमान समयमा पनि अनसग्रहद्वारा चुनिएकाहरुको एक बाँकी भाग छ । तर अनुग्रहहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्र अझ अनुग्रह नै रहनेथिएन ।*

पावल निर्ष्कश निकाल्छ कि, यद्यपि तिनीहरुको विश्वास अदृष्य छ तैपनि केहि यहूदीहरु अझै विश्वासी छन् । उनी यसमा निश्चित हुन सक्छन् किनभने तिनीहरु परमेश्वरको अनुग्रहद्वारा चुनिएका छन् । तर यस्तो प्रकारको विवरणले सजिलैसँग तार्किक प्रश्न खडा गर्न सक्छ: यदि परमेश्वरले केहिलाई बचाउन चुन्नुभयो भने, अरुको चाहिँ के हुने ? के त्यहाँ केहि कमजोर आत्माहरु छन जो कहिले परिवर्तनका लागि थिएनन् ? हामी सावधान हुनु आवश्यक छ कसरी यो प्रश्नको उत्तर दिन्छौ, यद्यपि यहाँ पावलको कथन पद ७ मा सावधानीपूर्वक पढ्न जरुरी छ ।

पावल परमेश्वरको छनौटको कुरालाई प्रश्नसँगै सम्बोधन गर्छन, "अब हामी के भनौं ?" उनी उत्तर उपलब्ध गराउछन्, "इस्राएलले जे खोजेको थियो त्यो पाउन असफल भयो । तर चुनिएकाहरुले त्यो प्राप्त गरे । अरु सबैचाहिँ कठोर बने ।"

वचनलले स्पष्ट भन्छ कि परमेश्वरले सबै मानिसहरुलाई बचाउनलाई चाहनुहुन्छ। येशूलाई ठीक रुपमा परमेश्वरको थुमा भनेर भनिएको थियो जसले संसारको पापलाई उठाउनुहुन्छ। रोमीहरुलाई पत्रको अध्याय १० पद २१ म फिर्ता जानुहोस्। त्यहाँ परमेश्वरले भनिरहेको सुन्छौ, "दिभरि नै अटेरी र विरोधी मानिसहरुप्रति मैले मेरो हात पसारेको छु।" प्रष्ट रुपमा परमेश्वर इस्राएललाई बचाउन निमन्त्रणा गरिरहनुभएको छ। परमेश्वरले इस्राएललाई परित्याग गर्नु भएको छैन। तिनीहरु उहाँलाई इन्कार गरिरहेका छन्।

पावलले पहिले नै मोशाको समयमा मिश्रमा राजा फारोलाई संकेत गरेका छन्। जब उसले परमेश्वरका मानिसलाई जान दिन इन्कार गऱ्यो र पटक पटक उसले आफ्नो हृदय कठोर पाऱ्यो, यसको परिणाम स्वरुप समय आयो जब परमेश्वरले फारोको हृदय कठोर पार्नुभयो।

त्यसै प्रकारले जब इस्राएलले परमेश्वरको अनुग्रहको प्रतिज्ञा विश्वास गर्नलाई इनकार गऱ्यो र उहाँको निमन्त्रण स्वीकारेन, यसको परिणाम त्यो समय आयो तिनीहरुले अगाडि विश्वास गर्न सकेन। त्यो दुःखीत बयानलाई पावल पुरानो नियमको अध्यायबाट वर्णन गर्छन कि विद्रोही -अटेरी) अविश्वासीबाट परमेश्वरले उहाँको अनुग्र हटाउनुभयो। वचनले यस्तो चित्रण गर्छ, जस्तै मन अध्यारो भएकोले तिनीहरु आत्मिकी सत्यतालाई बुझ्न सक्दैनन्, आँखाहरुले देख्न सक्दैनन् र कानहरुले सुन्दैनन्।

परमेश्वर प्रेमी र दयालु परमेश्वर हुनुहुन्छ, तर उहाँ सत्य र पवित्र हुनुहुन्छ। उहाँ पश्चात्तापी पापीहरुलाई उद्धार पूर्वक क्षमा दिनुहुन्छ। उहाँ अटेरी र अविश्वासी पापीहरुलाई जसले उहाँको अनुग्रहलाई इन्कार गर्दछ धेरै सजाय दिनुहुन्छ।

(रोमी ११:७–१० सम्म पढ्नुहोस्)

*त्ब के ? इस्राएलले जे खोजेको थियो त्यो पाउन असफल भयो। तर चुनिएकाहरुले त्यो प्राप्त गरे। अरु सबै–चाहिँ कठोर बने, जस्तो लेखिएको छः*

*"परमेश्वरले तिनीहरुलाई चेतनाहीन आत्मा दिनुभएको छ।*

*यस्ता आँखा दिनुभएको छ जसले नदेखून र यस्ता कान जसले नसुनून्, र आजको दिनसम्म पनि तिनीहरु यस्तै छन्", (व्यवस्था १९:४,यशैया २९:१०) र दाऊद भन्छन्, तिनीहरुको भोज पासो र धराप बनोस्, एउटा भड्खालो र तिनीहरुलाई बदला दिने कुरो होस् । तिनीहरुका आँखा नदेख्नलाई धमिला होऊन्, र तिनीहरुका ढाड सधैँ कुप्रा भइरहून ।" (भजनसंग्रह६९:२२,२३)*

पुरानो नियमको खण्डले इस्राएलको लागि एउटा शितल तस्विर रंगाएको जस्तो चित्रण गरेको छ । तिनीहरुको दिमागले आत्मिकी कुरा बुझ्दैन । तिनीहरुका आँखाले देख्दैनन्, तिनीहरुका कानले सुन्दैनन् , हो तिनीहरु यस्तै छन्, वास्तवमा वर्तमान परिस्थितिबाट एउटा धेरै सकारात्मक आएको ऊ देख्छ ।

खीष्टमा विश्वासद्वारा मुक्तिको परमेश्वरको सन्देश जब इस्राएलीहरुले इन्कारे, परमेश्वरले तिनीहरुबाट लिएर अन्यजाति यो दिए । पावल पद ११ र १२ मा भन्छन्, "किनभने इस्राएलको अपराधद्वारा अन्यजातिहरुमा मुक्ति आएको छ ............ तिनीहरुको अपराध संसारको निम्ति सम्पत्ति र तिनीहरुको असफलता चाहिँ अन्यजातिहरुका निम्ति सम्पत्ति भयो ।"

पावल एउटा प्रेरित हुन "गैर यहूदी" (अन्यजाति) "सम्पत्ति" ल्याइरहेछन् । जति सम्भव छ उति कठोर परिश्रम गर्छन् । तिनीहरुका अन्यजातिहरुलाई छिमेकीहरुको जो सबै "सम्पत्ति" प्राप्त गरिरहेका छन् कि परमेश्वर विश्वासीहरुलाई खीष्टमा दिनुहुन्छ यसले यहूदीहरुलाई डाही तुल्याउन प्रभनप पार्न सक्छ । पावल आफ्ना अन्यजाति पाठकहरुलाई भन्छन्, "यस आशामा कि मेरो आफ्नै यहूदी जातिलाई डाही बनाउन सकूँ र तीमध्ये कसै–कसैलाई बचाउन सकूँ ।"

पावल उनका यहूदी मित्रहरुको बारेमा वियुद्धतापूर्वक सम्बन्धीत छन् । उनी विनम्रता पूर्वक आशा गर्दछन् कि यो प्रयासले यहूलीलाई इसाई मण्डली भित्र आउन काम गर्ला । तर उनी तिनीहरुमध्ये सबैलाई जित्ने आशा चाहिँ गर्दैनन् । उनको आशा हो कि सायद उनी तिनीहरुमध्यो केहिलाई बचाउन सक्छन् ।

(रोमी ११:११–१५ सम्म पढ्नुहोस्)

*यसकारण म सोध्छु, "के लोट्नलाई तिनीहरुले ठक्कर खाएका हुन् ?" कदापि होइन ! तर इस्राएलको अपराधद्वारा अन्यजातिहरुमा मुक्ति आएको छ, ताकि इस्राएल पनि मुक्तिको निम्ति डाही बनोस् । अब यदि तिनीहरुको अपराध संसारको तिम्ति सम्पत्ति र तिनीहरुको असफलताचाहिँ अन्यजातिहरुका निम्ति सम्पत्ति हुने हो भनेता तिनीहरुको पूर्ण समावेश झन् कति अर्थपूर्ण होला !*

*अब तिमी अन्यजातिहरुलाई भनिरहेछु । अन्यजातिहरुको प्रेरित भएको हुनाले म मेरो सेवालाई महत्व दिँन्दछु, यस आशामा कि मेरो आफ्नै यहूदी जातिलाई डाही बनाउन सकूँ र तीमध्ये कसै–कसैलाई बचाउन सकूँ । किनकि यदि तिनीहरुको बहिष्कार हुँदा संसारको निम्ति मिलाप भयो भने, के तिनीहरुको पुनः ग्रहण मृत्युबाट जीवन पाएको समान होइन र ?*

किनभने इस्राएल साधारणतया इसाई सन्देश स्वीकार्न इन्कार गर्दछ, परमेश्वरले यसलाई लिएर अन्यजातिलाई दिनुभयो । तिनीहरुमध्ये धेरैजसो विश्वासमा आए । इसाई मण्डलीमा बहुमत भएर, अन्यजातिहरु सजिलै सँग घमण्डी हुनसके । तिनीहरु सोच्न सक्थे तिनीहरु अब परमेश्वरका चुनिएका व्यक्ति हुन र इस्राएल समावेश नगरिएका मानिस हुन भनेर ।

रोमीहरु ज्सले पावलको पत्र प्राप्त गरेका थिए तिनीहरु एउटा मिश्रित समूह थिए । तिनीहरुमध्ये धेरैजसो अन्यजाति थिए तर तिनीहरुमध्ये केहि यहूदी थिए । यो पत्रको यस खण्डमा पावल सिधै अन्यजाति पाठकहरुसँग बोलिरहेका छन् । पहिलेका तीन पदहरु इाद गर्नुहोस् (पद १३) पावल वर्णन गर्छन्, "अब तिमी अन्यजातिहरुलाई भनिरहेछु ।"

किनभने जब इस्राएलले धेरै जसो गुमायो अन्यजातिहरुले सुसमाचार प्राप्त गरे यसले अन्यजातिलाई घमण्ड गर्ने कुनै कारण छैन । पावल जैतुनको बगैचाबाट एउटा उदाहरण लिदै त्यसद्वारा परिस्थितिको वर्णन गर्छन् ।

फलको रुखबाट एउटा फलको बारीको हाँगा स्वस्थ राम्रो फलको रुखको हाँगा "कलमी" गर्न सकिन्छ । पावलले अन्यजातिलाई "जङ्गली" जैतूनको हाँगासँग तुलना गर्छन । इस्राएल एउटा खेति

योग्य अथवा “पालतु” जैतूनको रुख हो । उहाँले इस्राएललाई शुरुमा दिएको पुरानो नियमको प्रतिज्ञामा रहेर असल जरो भएको अर्थात स्वस्थय राम्रो फल भएको रुखमा “जङगली” हाँगालाई “कलमी” बाँधे जस्तै परमेश्वरले अन्यजातिलाई नयाँ नियमको मण्डली भित्र लिइ रहनुभएको छ ।

पावल आफ्ना अन्यजाति पाठकहरुलाई चेतावनी दिन्छन्, “तिमीहरुले घमण्ड गर्ने कुनै कारण छैन । हाँगाहरुले जरोलाई थाम्दैन । जरोले हाँगाहरुलाई जीवन दिन्छ ।” याद गर्नुहोस् त्यहि विचार येशूले याकूबको इनारमा सामरी स्त्रीलाई भनिरहनुभएको छ, “मुक्ति चाहिँ यहूदीहरुबाट आउँछ” (यूहन्ना ४:२२) ।

(रोमी ११:१६–१८ पढ्नुहोस्)

*इदि मुछेको पीठोको एक अंश प्रथम–भेटीको रुपमा अर्पण गरिएको छ भने, समस्त ढिका पवित्र हुन्छ । यदि जरा पवित्र छ भने हाँगाहरु पनि पवित्र हुन्छन् ।*

*तर यदि कुनै हाँगाहरु काटिए र असल जैतूनको जराको रस–भण्डारमा सहभागी हुनलाई तिमी एक जङ्गली जैतून भएर पनि तिनीहरुको ठाउँमा कलमी बाँधियौ भने, ती हाँगाहरुका सामु घमण्ड नगर । यदि घमण्ड नै गर्नु हो भने, यो याल राख, कि जरालाई थाम्ने तिमी होइनौ, तर जराले पो तिमीलाई थाम्छ ।*

यहाँ पत्रको लेखक अन्यजाति पाठकबाट एउटा विरोधको आशा राख्छन्, “तिमी भन्ने छौ, ‘कलमी बाँधिन सकूँ भनेर नै हाँगाहरु काटिएका थिए”’ पावल यो भनाइमा सहमत छन्, तर उनी एउटा महत्वपूर्ण सत्यतालाई दोहऱ्याउन यो प्रयोग गर्छन ? परमेश्वरको अन्यजातिलाई छनौट तिनीहरुमा कुनै असल कुरा -फाइदा) भएको कारणले होइन । यो शुद्धतया परमेश्वरको अनुग्रहद्वारा हो ! विश्वासद्वारा यो एउटा सित्तैको उपहार हो ।

तर यी सबैबाट सिक्न त्यहाँ दोस्रो पाठ छ । उहाँको धारणामा मानिसले स्वीकार्ने मुक्तिको परमेश्वर कति गम्भिर हुनुहुन्छ इस्राएलको हामीको कारण कठोर अविशेस (अंग) हो । परमेश्वरले ख्रीष्टमा विश्वासद्वारा मुक्ति दिनुहुन्छ । मुक्तिदातालाई इन्कार गरेको परिणाम अविश्वासीको लागि धेरै दण्ड हो ।

(रोमी ११:१९–२२ सम्म पढ्नुहोस्)
*तिमी भन्नेछौ, "म कलमी बाँधिन सकूँ भनेर नै हाँगाहरु भाँटिएका थिए ।" ठीक हो, तिनीहरुको अविश्वासले गर्दा नै हाँगाहरु भाँटिएका हुन् । तिमीहरुचाहिँ तिम्रो विश्वासले मात्र खडा छौ । घमण्ड नगर, तर श्रद्धापूर्ण भय राख । किनभने यदि परमेश्वरले स्वाभाविक हाँगाहरुलाई बाँकी राख्नुभएन भनेता तिमीहरुलाई पनि बाँकी राख्नुहुनेछैन ।*

*यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख– पतन भएकाहरुमाथि कडा व्यवहार, तर उहाँकै दयामुनि रहिरह्यौ भने तिमीलाई परमेश्वरको दया देखाइनेछ, नत्रता तिमी पनि काटिनेछौ ।*

परमेश्वर अविश्वासीहरुको जसले ख्रीष्ट इन्कार गर्न चुन्यो तिनीहरुको एउटा कठोर न्यायधिश हुनुहुन्छ । यसको मतलव यो होइन कि परमेश्वर तिनीहरुलाई गुमाएको चाहनुहुन्छ । यदि तिनीहरु विश्वासमा आए भने, तिनीहरु फेरि परमेश्वरको "रुख" मा "कलमी" हुन सक्छन् । वास्तवमा माननीय स्वरुप जस्तै भनिरहेछु यो अन्यजातिभन्दा यहूदीहरुमा कलमी हुन सबभन्दा सजिलो हुनसक्छ ।

पावल व्याख्या गर्छन एउटा साधारण तरिका कलमी बाँध्नको लागि एउटा असल "पालतु" हाँगालाई कलमी गर्नु । तर तपाई हेर्नुहुन्छ परमेश्वरले यहाँ के गर्नुभएको छ । उहाँले "जङ्गली" हाँगा ( अन्यजाति) लिनुभएको छ र तिनीहरुलाई उहाँको मण्डली भित्र ल्याउनुभयो । यदि परमेश्वरले सामान्य रुपले "जङ्गली" हाँगाहरु जे अनुउत्पादीत हुन त्यसको काम गर्न सक्नुहुन्छ भने, निश्चय नै "स्वभावीक" हाँगाहरु (यहूदीहरु) फिर्ता मिलाउन सक्नुहुन्छ ।

(रोमी ११:२३,२४ पढ्नुहोस्)
*तिनीहरु पनि अविश्वासमा ढीट भएर बसेनन् भनेता कलमी बाँधिनेछन् । किनभने परमेश्वरले तिनीहरुलाई फेरि पनि कलमी बाँध्न सक्नुहुन्छ । किनभने यदि तिमी प्राकृतिक जङ्गली जैतून भएर पनि काटियौ र प्रकृतिको विरुद्ध एउटा असल जैतूनको बोटमा कलमी बाँधियौ भनेता यी प्राकृतिक हाँगाहरु आफ्नै निज जैतूनकै रुखमा झन् कति बढी कलमी बाँधिएलान् ।*

यो अर्को भागमा पावल आफ्ना अन्यजाति पाठकहरुलाई भन्छन् कि उनी एउटा "रहस्य" को बारेमा तिनीहरुलाई भनिरहेछन् । यसले तिनीहरुलाई घमण्ड हुनबाट जोगाउछ ।

जब पावल "रहस्य" को धारणा प्रयोग गर्छन्, यसको अर्थ कुनैथोकको रहस्यात्मक अथवा अनौठो भन्ने होइन । बरु, यो सत्य हो कि व्याख्या गरिनु जरुरी छ ताकि यो ठीकसँग बुझ्न सकिनेछ । त्यहाँ एउटा अवस्था छ कि पावल आफ्ना अन्यजाति पाठकहरुले यसलाई राम्रोसँग बुझेको चाहन्छन् । यद्यपि "इस्राएलको भागले परमेश्वरको आज्ञालाई इन्कार गरेको छ", परमेश्वरले इस्राएललाई दिनुभएको छैन । तिनीहरुमध्ये केहि बचाइनेछन् । अन्यजाति मात्रै परमेश्वरको अनुग्रहको उद्देश्य होइनन् ।

पावलले धेरै प्रष्ट रुपमा इस्राएलको विश्वासको समस्याको वर्णन गरेका छन् । उदाहरणको लागि, अध्याय ९ पद मा यशैया को भनाईलाई उध्दृत गरेको छ, "इस्राएलका सन्तानको संख्या समुद्रका बालुवा जतिकै भए पनि बाँकिरहेकाहरुको मात्र उद्धार हुनेछ ।" त्यहि अध्यायको अघिल्लो (पद ६) मा उनले वर्णन गरेका छन्," "इस्राएलबाट जन्मेका सबै इस्राएली होइनन् ।" ठीक जस्तै कोही एउटा इस्राएली हो, अब्राहामको शरीरिक सन्तान, यसको मतलव ऊ आत्मिकी एउटा स्वर्गको बाटोमा ऊ परमेश्वरको सन्तान होइन ।

शरीरबाटका सबै इस्राएलीहरु आत्मिकी इस्राएल होइनन् तर ती इस्राएलीहरु जे आत्मिकी इस्राएल हुन निश्चित रुपले बचाइनेछन् । यहाँ पद २६ मा भन्नलाई त्यसले पावललाई अनुमति दिन्छ, "यसरी सारा इस्राएलको (आत्मिकी) उद्धार हुनेछ ।"

(रोमी ११:२५–२७ सम्म पढ्नुहोस्)

*भाइ हो, आफ्नै अभिमानमा तिमीहरु बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरु यो रहस्य बुझ भन्ने म चाहन्छु कि अन्यजातिहरुको संख्या पूर्ण नभएसम्म इस्राएलीहरुको एक अंशमा बठोरता आएको छ ।*
*यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छ :*
*"उद्धारक सियोनबाट आउनुहुनेछ,*
*उहाँले याकूबबाट अर्धम हटाउनुहुनेछ ।"*
*"अनि तिनीहरुसँग मेरो करार यही हुनेछ,*

*जब म तिनीहरुका पाप हरण गर्नेछु ।" (यशैया ५९:२०,२१ यर्मिया ३१:३३,३४ )*

अब पावल अझै सिधै रुपमा जो पहिले वर्णन गरिएको थियो रहस्यको बारेमा भन्छन् । दिमागमा राख्नुहोस् कि बाइबलिया भाषामा एउटा "रहस्य" केहि थोक हो त्यो मानिसलाई हेर्न र बुझ्नको लागि व्याख्या गरिनलाई उल्लेखनी कुरा पावलले यहाँ आफ्ना पाठकहरुलाई व्याख्या गरेको हो कसरी परमेश्वरले दुइवटा खराब कुरा सँगसँगै काम गर्नलाई प्रयोग गर्नुभएको छ दुवै समूहको लागि ठूलो आशिष ल्याउनको निम्ति ।

पुरानो नियमको समयमा इस्राएलीहरु परमेश्वरका चुनिएका मानिस थिए । परमेश्वरले तिनीहरुलाई विशेष आशिष र प्रतिज्ञा दिनुभएको थियो, एउटा मुक्तिदाताको प्रतिज्ञा समावेश भएको । तर जब ती मुक्तिदाता जन्मिनुभयो, तिनीहरुले उहाँलाई र उहाँले भनेको सन्देशलाई इन्कार गरे । त्यसकारण परमेश्वरले तिनीहरुबाट सन्देश फिर्ता लिनुभयो । यो इस्राएलको लागि भयङ्कर हानी थियो !

पुरानो नियमका अन्यजातिहरु चुनिएका मानिसहरु थिएनन् । तिनीहरु दुष्ट (खराब) मानिसहरु थिए । तिनीहरु हरेक प्रकारका पापमा रहन्थे, मूर्तिपूजा गर्थे र अनैतिक यौनकृया गर्थे । तिनीहरुको जीवन लथालिङ थियो । तर जब परमेश्वरले यहूदीहरुबाट सुसमाचारको सन्देश हटाउनुभयो, उहाँले यो अन्यजातिलाई प्रचार गर्नुभयो । तिनीहरुले सन्देशलाई विश्वास गरे । तिनीहरुको जीवन विश्वासमा आएर र ख्रीष्टमा पापको क्षमाको बारे सिकेर पूर्णतया परिवर्तन भयो । अब तिनीहरुले स्वर्गमा परमेश्वरसँग अनन्त जीवनलाई अग्रदर्शन गर्न सके । इस्राएलको हानी अन्यजातिहरुको लागि एउटा ठूलो "जीत" थियो ।

तर परमेश्वरको उद्देश्य त्यो जीत अन्यजातिहरुमा मात्रै रहनको लागि थिएन जब अन्यजाति इसाई मण्डलीमा बहुमत भए, अन्यजातिहरु खुशियाली मनाइरहेका थिए यहूदी जातिले ती सबै आशिष देखेका थिए । यी आशिषमा सहभागी हुन चाहन पनि केही यहूदीहरु विना "डाही" आएका थिए । यहूदीहरुको लागि सुसमाचारको आशिषमा भाग लिन अझै सम्भव थियो, किनभने परमेश्वा ऋाफ्नो प्रतिज्ञामा पछि हट्नु भएको थिएन । यस प्रकार

धेरै यहूदीहरुले अन्तमा परमेश्वरको प्रतिज्ञा स्वीकारे र परमेश्वरको मुक्तिको वरदान मा भाग लिए ।

त्यो "रहस्य" पावलको वर्णन हो कसरी एउटा अनुग्रही परमेश्वरले दुइटा खराब परिस्थितिलाई लिन सक्नुभयो र दुवै परिस्थितिलाई सकारात्मक फाइदामा बदल्नुभयो भन्ने हो ।

पावलले छोटकरीमा यो माथि उनको पत्रको दुइवटा पदहरुमा भनिसकेका छन् । अन्यजातिहरुलाई उनी छन्छन्, "किनकि जसरी तिमीहरु पनि एकपल्ट परमेश्वरको आज्ञा पालन नगर्ने थियौ, तर अब तिनीहरुको अनाज्ञाकारीताले गर्दा तिमीहरुले कृपा पाएका छौ ।" यहूदीहरुलाई उनी भन्छन्, "यसै प्रकारले तिमीहरुलाई कृपा देखाइएकोले गर्दा तिनीहरुले पनि कृपा प्राप्त गरुन् भनि तिनीहरु अहिले अनाज्ञाकारी भएका छन् ।"

(रोमी ११:२८–३२ सम्म पढ्नुहोस्)
*सुसमाचारको हिसाबले त तिनीहरु तिमीहरुको खातिर परमेश्वरका शत्रुहरु हुन्, तर चुनाउको हिसाबले चाहिँ पूर्वजहरुका खातिर तिनीहरु प्रियहरु हुन् । किनभने परमेश्वरका वरदान र बोलावट अटल छन् । किनकि जसरी तिमीहरु पनि एक पल्ट परमेश्वरको आज्ञापालन नगर्नेहरु थियौ, तर अब तिनीहरुको अनाज्ञाकारिताले गर्दा तिमीहरुले कृपा पाएका छौ । तिमीहरुलाई कृपा देखाइएकोले गर्दा तिमीहरुले पनि कृपा प्राप्त गरुन् भनी तिनीहरु अहिले अनाज्ञाकारी भएका छन् । किनभने परमेश्वरको कृपा सकै मानिसहरुमाथि होस् भनेर उहाँले सबैलाई आमज्ञाकारितामा नै सुम्पनुभएको छ ।*

क्सरी परमेश्वरले दुइवटा खराब परिस्थितिलाई लिन सक्नुभयो र दुइवटै तिनीलाई "विजय" मा परिवर्तन गर्नुभयो यो केहि कुरा हो मानवजातिले सधै योजना गरेको हुदैन अथवा लैजादैन । त्यो अनुग्रही र कृपालु परमेश्वरबाट मात्रै आउन सक्छ । यो उदेक र आश्चर्यमा पावल प्रशंसाको गीत चारवटा पदमा प्रस्फुटन गर्छन्

(रोमी ११:३३–३६ पढ्नुहोस्)

*आहा ! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो !*
*उहाँका इन्साफहरु कति अगम*
*र उहाँका मार्ग बुझ्न नसकिने !*
*"किनभने प्रभुको मनलाई कसले जानेको छ ?*
*अथवा उहाँको सल्लाहकार को*
*भएको छ ?(यशैया ४०:१३)*
*"अथवा, कसले उहाँलाई कुनै उपहार*
*दिएको छ र परमेश्वरले उसलाई*
*फिर्ता दिनुपरोस् ?" (अयूब४१:११)*
*किनकि सबै थोक उहाँबाट, उहाँद्वारा*
*र उहाँकै निम्ति हुन् ।*
*उहाँलाई नै सदासर्वदा महिमा होस् । आमिन ।*

याद गर्नु पर्ने कुराहरु :

१३. रोमीहरुलाई पावलको पत्र यहरुदी र अन्यजातिको मिश्रित स्रोताहरुलाई लेखिएको छ । अध्याय ११ मा उनी सिधैं .............सँग भनिरहेका छन् ।

१४. यो अध्यायमा पावल परमेश्वरको मण्डलीलाई एउटा जैतूनको रुखसँग तुलना गर्छन । रुखको हाँगा र रुखको जराले .................. को चित्रण गर्छन् ।

१५. ..................... लाई एउटा जङली जैतूनको हाँगाहरु रुखमा कलमी बाँधि दिएको चित्रण गरिएका छन् ।

१६. यदि परमेश्वर जङली हाँगालाई( .........................) रुखमा - मण्डलीमा) मिलाउन सक्नु हुन्छ भने, तब उहाँले स्वभाविक हाँगाहरुलाई (यहूदीहरु) पनि फिर्ता ल्याउन सक्नु हुन्छ ।

१७. बाइबलीय भाषामा एउटा "रहस्य" केहि थोक हो कि मानिसहरुलाई त्यो व्याख्या गरिनलाई हो । पावलले अध्याय ११ मा त्यो रहस्यको व्याख्या गर्छन कसरी परमेश्वरले दुवै पक्षलाई ........................ देखाउनु हुन्छ ..................... र ......................... लाई ।

१८. जब इस्राएलले परमेश्वरको मुक्तिको सन्देश इन्कारे, परमेश्वरले यसलाई ............. काँहा पठाउनुभयो ।

१९. जब यहूदीहरुले परमेश्वरको आशिष अन्यजातिहरु काँहा गईरहेको देखे, तिनीहरु ................ भए र ............. हुन चाहे ।

(पे. नं. १३४ मा उत्तर जाँच्नुहोस्)

याद गर्नु पर्ने कुराहरुको–उत्तर

१. ख्रीष्टमा विश्वास, २. दया, ३. यहूदीहरु, ४. विशेष जाति, ४. अन्यजातिहरु, ५. विश्वास, ६. आर्जन गर्नु, कार्यहरु, उपहार, ७. एक, ८. यहूदीहरु, ९. परमेश्वरको वचन, १०. परमेश्वर, ११. अन्यजातिहरु, यहूदीहरु, १२. अन्यजातिहरु, यहूदीहरु, १३. अन्यजातिहरु, १४. यहूदी जातिहरु, १५. अन्यजातिहरु, १६. अन्यजातिहरु, यहूदीहरु, १७. दया, यहूदीहरु, अन्यजातिहरु, १८. अन्यजातिहरु, १९. डाही, परमेश्वरको आशिषमा सहभागी ।

## विश्वासद्वारा धर्मी–जाँच :
## रोमीहरुलाई पत्रको एउटा अध्याय

भाग–५

”कृपया याद राख्नु पर्ने कुरा” लाई पुनरावलोकन गर्नुहोस्

१. पावल एउटा यहूदी हुन् जो उनका यहूदी मित्रको बारे धेरै सम्बन्धीत छन् जुनहरु ........... राख्दैनन् ।

२. पुरानो नियमको समयमा परमेश्वरले .................लाई ............. ............ को छनौट द्वारा उहाँको कृपा देखाउनु भयो ।

३. नयाँ नियमको समयमा परमेश्वर एउटा विशेष तरिकाले ............लाई उहाँको कृपा देखाइरहनुभएको छ ।

४. परमेश्वरको प्रज्ञिा छ यहूदीजातिहरुलाई अझै उत्तम छन् तर धेरै यहूदीहरु मुक्ति (उद्धार) लाई गुमाइरहेका छन् किनभने तिमीहरु यसलाई ............ चाहन्छन् । तिनीहरुको ...............द्वारा बरु परमेश्परबाटको ................. भन्दा पनि ।

५. नयाँ नियमको समयमा यहूदीहरुलाई ............... बनाउने क्रममा .........लाई परमेश्वरले आशिष दिनुभयो । परमेश्वरले आशा गर्नुभयो कि यहूदीहरुले पनि उहाँको उद्धारलाई स्वीकार गरुन् ।

६. अध्याय ११ मा पावल परमेश्वरको मण्डलीलाई एउटा जैतूनको रुखसँग तुलना गर्छन् रुखको हाँगा जराले .................. ...................... को चित्रण गर्छन् ।

७. .................... एउटा जङली जैतूनको हाँगाहरुलाई रुखमा कलमी बाँधिएको चित्रण गरिएका छन् ।

८. बाइबलिय भाषामा एउटा “रहस्य” केहि थोक हो, मानिसहरुलाई यो व्याख्या गरिनलाई हो । पावलले अध्याय ११ मा त्यो रहस्यको व्याख्या गर्छन् कसरी परमेश्वरले दुवै पक्षलाई ......................देखाउनुहुन्छ .................. र ............ लाई ।

(पे.नं. २०९ मा उत्तर हेर्नुहोस्)



# विश्वासद्वारा धर्मी

भाग ६:
विश्वासीहरुबाट परमेश्वर के आशा राख्नुहुन्छ

*रोमी १२१–१५१३*

भाग ६:
विश्वासीहरुबाट परमेश्वर के आशा राख्नु हुन्छ (१२:१–१५:१३)

## हाम्रो वरदान र बुद्धि प्रयोग गर्नु

(रोमी १२:१,२ पढ्नुहोस्)
*यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ–आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर । यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक ।*

पहिलेको अध्यायमा कसरी परमेश्वरले अन्यजातिहरु र यहूदीहरुको बीचमा दया देखाउनुभएको "रहस्य" को पावलले व्याख्या गरेका छन् । अब परमेश्वरको कृपाको लागि तिनीहरुले कसरी प्रतिकृया गर्नुपर्छ भनि उनी भन्छन् । उनी तिनीहरुलाई जोड दिन्छन् जीउदो बलिको रुपमा तिनीहरु आफै परमेश्वरको सामु उपस्थित हुनलाई ।

पुरानो नियमको समयमा परमेश्वरले इस्राएललाई धेरै बलिहरु उहाँ कहाँ ल्याउन आज्ञा गर्नुभएको थियो , ती मध्ये केहि जनावरको बलि थिइ । जनावर (पशु) लाई मारिन्थ्यो र परमप्रभुको सामु चढाइन्थ्यो । ती बलिहरुले पापीहरु मरिन योग्यका छन् भन्ने पाठ सिकायो । तिनीहरुको सट्टामा एउटा प्रतिस्थापक मर्नुद्वारा मात्रै तिनीहरुमाथि दया देखाईन सकिने हुन्यो । यस्तो प्रकारको रक्ताम्य बलिहरुले अगाडी क्रूसमा खीष्टको बलिलाई संकेत गर्दछ ।

हाम्रो सट्टा स्वरुप क्रूसमा खीष्टको मृत्यु पछि, ती रक्ताम्य बलिहरुको आवश्यकता अब रहेन । तर पावल अब एउटा नयाँ किसिमको बलिलाई सुझाव दिन्छन् । यो पशु बलि होइन जो हाम्रो सट्टा चढाइन्थ्यो तर परमेश्वरमा आफैलाई अर्पण गरिने इसाई बलिदान हो । र ऊ मारिनलाई होइन एउटा जिउँदो बलि स्वरुप



पावलले नयाँ बिश्वासीसंग कुरा गरे।

हो । जीवित भएर, यो जीवित वलिदान योग्यको छ र परमेश्वरको सेवा गर्न इच्छुक छ ।

हामीले प्रष्ट हुनु आवश्यक छः विश्वासीहरुलाई परमेश्वरको साम्मु स्वीकार योग्य हुनको लागि यो सेवा जरुरी छैन । ख्रीष्टले पहिल्यै नै हाम्रो लागि त्यो गरि सकेको छ । परमेश्वरको कृपालाई विश्वासीहरुको कृतज्ञाको प्रतिकृयाको बारेमा पावल यहाँ कुरा गरिरहेका छन् ।

पावल दुइवटा कार्यको विषयमा सुझाव दिन्छन्, प्रथम नकारात्मक छ : “यस संसारको ढाँचामा नचल ।” दोस्रो सकारात्मक छ : “आफ्नो मनमा नयाँ भई पूर्णरुपले परिवर्तित होऔं र परमेश्वरको असल, ग्रहण योग्य र सिद्ध र इच्छा के हो त्यो तिमीहरुले जाँच्न सकौँ ।

मनको परिवर्तन बारेमा पावल त्यो घटनाको बारेमा भनि रहेछन् जब कुनै व्यक्तिलाई विश्वासमा ल्याउन पवित्रआत्माले कार्य गर्नुहुन्छ । त्यो बदलावटलाई प्राय गरेर “परिवर्तन” भनिन्छ । यसले विश्वासीहरुलाई “नयाँ मानिस” दिन्छ जसले जेमा परमेश्वर प्रसन्न हुनुहुन्छ त्यहि गर्न ऊ चाहन्छ । पावल त्यस्तै प्रकारको परमेश्वरलाई प्रसन्न पार्ने जीवन अर्को पदहरुमा वर्णन गर्छन ।

(रोमी १२:३–८ पढ्नुहोस्)

*किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरुमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस् । किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरुको एउटै काम हुँदैन, त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक–अर्काका अङ्ग हौं । हामीलाई दिइएको अनुग्रहअनुसार अलग–अलग वरदानहरु हामी प्रयोग गरौँ । अगमवाणीको हो भने, विश्वासको परिणामअनुसार, सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा, अर्ती दिनेले अर्ती दिने काममा, दान दिनेले उद्धार–चित्तले, सहायता दिनेले जोशसाथ, कृपाको काम गर्नेले खुशीसित ।*



परमेश्वरले हामीलाई आवश्यक पर्ने सबैथोक दिनुहुन्छ ।

विश्वासीहरुको नयाँ जीवन जसले परमेश्वरलाई खुशी तुल्याउछ यसको वर्णनमा, पावल अर्को नकारात्मक र सकरात्मक मिश्रणको प्रयोग गर्छन् । पहिले उनीभन्दा, "आफूलाई जस्तो सम्झनु पर्छ त्यसभन्दा बढी नसम्झिस् ।" घमण्ड र अहंकार साझा समस्याहरु हुन् । घमण्डी मानिसले सबै कुरा गर्न सक्छु भनेर सोच्छ उसले अरुको वरदानको कमीलाई तल हेर्छ । प्रेरित को सल्लाह यो हो, "सन्तुलित विचारले सोचोस् ।"

तर त्यहाँ एउटा उल्टो समस्या छ । केहि मानिस विचार गर्दछन्, "म सबै कुरा गर्न सक्छु ।" पावल सकरात्मक हिसाबले भन्छन्, "हामी सबै सँग वरदान छ ।" मानवीय शरीर जे घटछ परिस्थिति त्यस्तै प्रकारको छ । भिन्न सदस्याहरुले भिन्न प्रकारको कुरा गर्छन् । आँखा, कान, नाक खुट्टा, हात सबै फरक छन्, तर शरीरको बाट ती सबै एकसाथ काम गर्छन् । त्यहि सत्यता मण्डलीमा हो, जो ख्रीष्टको शरीर हो । सबै विश्वासीहरुसँग वरदान छ । तर हामीलाई दिइएको अनुग्रह अनुसार अलग–अलग वरदानहरु हामी प्रयोग गरौँ ।" सबै विश्वासीहरु तिनीहरुको विभिन्न वरदानसँगै ख्रीष्टको मण्डली कार्य ठीकसँग गर्न एकसाथ मिल्नको लागि हुन्छन् ।

इसाईहरुले गर्न सक्ने सातवटा उदाहरणको सूची पावल दिन्छन् । अनि भन्छन् भविष्यवाणी (हामी प्रचार भन्न सक्छौ), सेवा, शिक्षा, अरुलाई सुधारर्ने (अर्ती), दिनेकाम (दान दिने काम), नेतृत्व र दया देखाउने काम । यी धेरै साधारण धारणा सुझावका रुपमा छन् । हामी हरेकले आफैलाई सोध्न बाँध्य पारेको छ । "परमेश्वरलाई प्रसन्न पार्न र मेरो चरैतिरका मानिसलाई सेवा गर्न प्रभुले मलाई दिनुभएको छ ?"

याद राख्नु पर्ने कुराहरु :

१. परमेश्वर जेमा प्रसन्न हुनुहुन्छ विश्वासीहरुले त्यो गर्न पावल सोध्दछन् किनकि परमेश्वरले तिनीहरुलाई ..................
देखाउनुभएको छ ।

२. परमेश्वरको सामु एउटा जिउँदो .......... को रुपमा स्वयम आफै उपस्थित (अर्पण) हुन विश्वासीहरुलाई पावल जोड दिन्छन् ।

३. पावलको जोड : यस "............को ढाँचामा नचल" हो ।

४. हामीमध्ये हरेकले परमेश्वरबाट ........... पाएका छौ ।



*तिमोथीले उसकी आमा र हजुरआमाले सिकाएका कुरा हरुमा लागिरहनु पर्थ्यो ।*

५. विश्वासीहरुले तिनीहरुको वरदान परमेश्वरलाई ....................पार्न र ......... सेवा गर्न प्रयोग गर्छन् ।
(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

हरेकलाई प्रेम

(रोमी १२:९–१३ सम्म पढ्नुहोस्)
*प्रेम निष्कपट होस् । जुन कुरा खराब छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागिरहो । भ्रातृ–प्रेमसँग एक–अर्कालाई प्रेम गर । आफूलाई भन्दा बढी अरुलाई आदर गर । जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्जलित होओ, प्रभुको सेवा गर्दैरहो । आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो । सन्तहरुको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख ।*

एउटा एसाई झुण्डमा कसरी हाम्रो वरदानको प्रयोग गर्नमा पछिल्लो अध्यायले एउटा संख्याको सुझाव बनाएको छ । धन्यवादी इसाईहरुले तिनीहरुसँग विश्वासीहरुका लागि गर्न सक्ने विभिन्न कुराहरु त्यहाँ छन् । जे भए पनि, त्यो गर्नको लागि, सधैं त्यहि प्रकार रहन उत्प्रेरणा गर्छ । त्यमे उत्प्रेरणा प्रेम हो । इसाई प्रेम तिनीहरुका लागि हो जो हाम्रो वरिपरी छन् हामी कहाँ आउछन् । परमेश्वरले हामीलाई दिनुभएको वरदानसँगै तिनीहरुको सेवा गर्नु हो ।

एउटा अनुच्छेदमा प्रेमको आवश्यकताबारे धेरै ज्यादा त्यसले भन्छ, “घृणा” धारणाको प्रयोग सुनेर अचम्म लाग्न सक्छ । तर याद गर्नुहोस् हामीलाई घृणा गर्छौ । हामी दुष्ट (शैतान) लाई घृणा गर्छौ । जब पावल अर्को वाक्यमा भन्छन् “जुन कुरा असल छ त्यसमा लागिरहो ,”जे खराब छ त्यसलाई घृणा गर्ने ठीक अर्को प्रकार हो ।

यो अध्यायको अर्को स्वरुप (आकार) त्यहाँ छ जसले यसलाई आफै ध्यान दिनु भनिन्छ । पावलले सबैलाई छोटो वाक्यमा प्रयोग गर्छन्, विना कुनै तिनीहरुको बृहत व्याख्या बारे नगईकन । एउटा रुपरेखामा यो गोली भरिएको इकाई जस्तै छ । पद १२ र १३ ले एउटा असल उदारहणको काम गर्छन :

- आनन्द गर
- धैर्यधारण गर
- विश्वासयोग्य होऊ
- परमेश्वरका जनसँग सहभागी होऊ
- अतिथिसत्कार गर

यो छोटो वाक्य अर्को पद सँग नित्य रहन्छ, तर याद गर्नु कि त्यो मानिसको छोरा जसलाई प्रेम ठूलो भएको देखाउन हामी गईरहेछौ ।

(रोमी १२:१४–१६ सम्म पढ्नुहोस्)
*तिमीहरुको खेदो गर्नेहरुलाई आशीर्वाद देओ, नसराप । आनन्द गर्नेहरुसँग आनन्द गर । रुनेहरुसँग रोओ । एक–अर्कासँग मिलेर बस, अभिमानी नहोओ, तर नम्रहरुसँग सङ्गत गर । कहिल्यै अहङ्कारी नहोओ ।*

धेरैप्रकारले पावल त्यो सूचीलाई अगाडी बढाउन जसमा परमेश्वरको सन्तानले उसको चारैतिर प्रेम देख्न सक्छ । उनी धेरै संख्यामा सुझाव बनाउछन् संकेत गर्छन् कि हामीले यो गर्न सक्ने धेरै उपायहरु छन् भनेर ।

अतिरिक्त उत्साहहरु दिनको लागि लेखक छोटो वाक्य प्रयोग गर्छन्, तर त्यहाँ एउटा विशिष्ट भिन्नता छ । पहिले पावलले आफ्ना पाठकहरुलाई प्रेम देखाउनको लागि विश्वासीसंगि तिर देखाएको थियो । अहिले उनी गैर इसाई समावेश गर्नलाई त्यो चव्प्रलाई फराकिलो पार्छन् जस्तो तिनको प्रेमको धारणा । उनी तिनीहरुलाई जोड दिन्छन्, "तिमीहरुको खेदो गर्नेहरुलाई आशीर्वात देओ, नसराप ।"

विश्वासी संगीतिर प्रेम दर्शाउन जसलाई हामी जान्दछौ र सावधानीको बारे प्रायः चुनौती हुन सक्छ । तर जसले हामीलाई घृणा गर्छन् र हामीलाई चोट पुऱ्याउछन् अझै ज्यादा कठिनाईमा पार्छन् । उनको पत्रको यो भागमा पावल छोटो वाक्य को प्रयोगसँगै उत्साहको व्याख्या धेरै कम उनी दिइरहेछन् । अझै इसाईहरुले गैर इसाईहरुलाई देखाउने प्रेमतिरको यति महत्वपूर्ण कुरा हो कि उनी यस्तो व्यवहारमा जोड दिन अर्को पाँच वटा पदहरु खर्च गर्छन ।

याद गर्नु पर्ने कुराहरु :

६. पहिले पावलले आफ्ना पाठकहरुलाई प्रेम देखाउनको लागि .............. .............. तिर देखाएको थियो ।

७. तब पावलले त्यो चक्र ......................लाई समावेश गर्न फराकिलो पार्छन् ।

८. पावल भन्छन्, "तिनीहरुको ............ गर्नेलाई आशीर्वाद देओ ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

(रोमी १२:१७–२१)

*क्सैलाई खराबको सट्टा खराबन गर । जुन कुरा सबै मानिसहरुका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ । हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस । प्रिय हो, आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ । किनभने, लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु," परमप्रभु भन्नुहुन्छ । (व्यवस्था ३२:३५) बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ । त्सो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ ।" (हितोपदेश २५:२१,२२) खराबीबाट पराजित नहनेओ, तर खराबीलाई भलाईले जित ।*

पावल लेख्छन्, "हुनसक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस ।" इसाईहरु तिनीहरुको जीवनमा ख्रीष्टको प्रेम परावर्ती हुदै झगडालु हने छैनन् । जहाँ तिनीहरु हुन्छ त्यो समाजमा तिनीहरु समस्याको कारण हुने छैनन् । तर समाजमा कोही न कोही व्यक्ति हुनेछन् जो आफ्नो विचार कार्यलाई बढाउछन् जुन कार्य परमेश्वरको सन्तानलाई स्वीकार्य हुन सक्दैन । तब त्यस्ता प्रकारको व्यक्ति विरोध गर्नु आवश्यक हुन्छ र त्यसको विरुद्ध आवाज उठाउनु जरुरी हुन्छ ।

तिनीहरुको गलत सोचाई अथवा तिनको खराब कार्यहरुको विरुद्ध आवाज उठाएकोमा द्वन्द र झगडाको कारण प्राय हुनेछ । त्यसले केहि मानिससँग शान्तिमा रहन इसाईहरुको लागि असम्भव बनाउन सक्ने हुन्छ । वास्तवमा, यो पूर्णतया सम्भव छ कि यस्तो प्रकारको द्वन्दले विपक्षी इसाईहरुलाई हामी पुऱ्याउन विपक्षीहरुलाई अविश्वासतिर लैजान्छ ।

जब यस्तो घटना हुन्छ तब इसाईहरुलाई हामी हुन्छ, पावल भन्छन्, “कसैलाई खराबको सट्टा खराबन गरौं ।” तर यसो गर्न कठिन छ । खराब मानिसको बदला लिनुको विरुद्ध परमेश्वरका मानिसहरुले कहाँ शक्ति प्राप्त गर्न सक्छन् ?

यहाँ ख्रीष्टको उदाहरण हेर्न आवश्यक छ । जब सिपाहीहरुले उहाँलाई क्रूसमा किला ठोकिरहेका थिए, उहाँले प्रार्थना गनुभयो, “पिता तिनीहरुलाई क्षमा गर्नुहोस्, तिनीहरु के गरिरहेका छन् तिनीहरु जान्दैनन् ।”

तर हामीलाई अनुसरण गर्न मात्र ख्रीष्ट एउटा उदाहरण हुनुहुन्न । त्यो भन्दा अझ बढी हुनु हुन्छ । उहाँ त्यो एक हुनुहुन्छ जसले ती हामीलाई हानी पऱ्याउनेहरुलाई क्षमाद्वारा उहाँको प्रेम परावर्तन गर्न हामीलाई शक्ति दिनु हुन्छ । जब हामी ख्रीष्टको प्रेम हाम्रो निम्ति सोच्दछौ र उहाँ हाम्रो निम्ति बलि हुनुभयो तब हामीलाई पनि प्रेम गर्ने र हाम्रो विरुद्ध पाप गर्नेलाई क्षमा दिने इच्छा हुन्छ ।

त्यहाँ इसाईहरुले बदला लिन नखोज्नुको दोस्रो कारण पनि छ । पावल भन्छन्, “प्रिय हो आफैले कहिल्यै बदला नलेओ, तर परमेश्वरको क्रोधमा छोडिदेओ ।” हरेक कुरा जो हाम्रो समाजमा गलत छ त्यो ठीक पार्ने काम इसाईहरुको होइन । परमेश्वर मालिक हुनुहुन्छ । यदि खराब मानिस खराब गर्न ढिपी गर्छ भने, परमेश्वर त्यसलाई यहाँ पृथ्वीमा करकापमा रोक्नुहुन्न, तर उसले गरेको उ जवाफ देही हुन्छ । न्यायको दिन आइरहेछ । त्यसपछि उसले त्यसको फल पाउनेछ । व्यवस्था विवरणको पुस्तक पुरानो नियम बाट पावल उध्दृत गर्छन्, जहाँ परमेश्वर भन्नुहुन्छ, “बदला लिने काम मेरो हो । म नै बदला लिनेछु ।”

ब्दला लिन नखोज्न पावल अझै तेस्रो कारण थप्छन् । “आफैले कहिल्यै बदला नलेओ,” भनिसकेपछि, उनी थप्छन्, “ठीक उल्टो गर ।” जब तिम्रो शत्रु तिमीसँग गलत व्यवहार गर्छ, उ प्रति दयालु होओ अथवा नम्र व्यवहार गर । तब उनी केहि अरु ज्यादा उदाहरण थप्छन् कसरी त ागर्न सकिन्छन् भनेर ।

”बरु तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ । त्यो तिर्खाएको छने त्यसलाई पानी देओ ।”

त्ब पावल, शत्रुलाई दयाको व्यवहार देखाउनको लागि कारण दिन्छन् । “त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङग्रो

थुपार्ने छौ ।" पहिलो दृष्टिमा हाम्रो शत्रुमाथि बदला लिइएको बाटो हुनलाई जस्तै लाग्छ । पावलको प्रष्टतया त्यस्तो अर्थ हुन सक्दैन । बरु, उनी चित्रण भाषा प्रयोग गरिरहेका छन् एउटा सोचाइको उदाहरण अथवा शत्रुहरुको दिमागको एउटा अवस्था । मानिसबाट तिनीहरुको लागि दयालु व्यवहार प्राप्त गर्नलाई जसलाई तिनीहरुले खराब गरेको छ एउटा धेरै खराब चेतनाले तिनीहरुलाई प्रभाव दिन सक्छ । तिनीहरु पश्चात्तापले यति उत्तेजित हुनेछन् कि तिनीहरुको टाउकोमा आगोको भुङ्ग्रो भएको जस्तै महसुस गर्नेछन् ।

इच्छा गरिएको प्रभाव हुने छ कि त्यो पहिलेको शत्रुहरु आफ्नो पक्षको गल्तीलाई देख्नेछ र ख्रीष्ट र उहाँको क्षमाको सन्देशतर्फ आउने छ । यद्यपि यो सधैँ कृपापूर्वक उपस्थिति हुने छैन , शत्रुमाथिको विजय आशा गरिएको नतिजा हो । यसप्रकार इसाईहरुको "असलपन" ले शत्रुहरुको "खरमबी" माथि विजय हासिल गर्नेछ । त्यो जो पावल जोड दिइरहेका छन् उनी भन्छन्, "खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाईले जित ।"

याद गर्नु पर्ने कुराहरु :

९. खराबको सट्टा ................ नगर ।

१०. हुनसक्छ भने सकेसम्म सबैसँग ................ मा बस ।

११. न्यायको दिनमा ....................पापीहरुलाई सजाय दिनुहुनेछ ।

१२. शत्रुहरुप्रति दयाको व्यवहार तिनीहरुलाई .............. को लागि जित्ने अभिष्ट हो ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

पहिलेको अध्यायको शुरुमा नै पावलले आफ्ना पाठकहरुलाई सम्झना गराएको छ कि परमेश्वरले ख्रीष्टमा तिनीहरुलाई ठूलो कृपा देखाउनु भएको छ । किनभने तिनीहरुले परमेश्वरको कृपा प्राप्त गरेका छन्, प्रेरित तिनीहरुलाई तिनी आफै परमेश्वरको सामु "जिउँदो बलि" को रुपमा अर्पण हुनको लागि जोड दिन्छन् । एक प्रकारले यो तिनीहरु ख्रीष्टको प्रेम अरुहरुलाई परावर्तन गर्ने जीवन जिएर यसद्वारा यो गर्न सक्छन् । यद्यपि तिनीहरुका शत्रुलाई प्रेम गरिरहेको र तिनीहरु माथि विजयको कोशिष गरिरहेको विस्तार गर्न तिनीहरु छन् ।

प्रशासकहरुको आज्ञा मान्नु (रोमी १३:१–७)

(रोमी १३:१,२ पढनुहोस्)
*हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासकहरु छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन् । यसकारण प्रशासकहरुका विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरुको विरोध गर्छ, र जस–जसले विरोध गर्छन्, तिनीहरुले दण्डको आज्ञा पाउनेछन् ।*

परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ । उहाँले प्रत्येक कुरा बनाउनुभयो र हरेक कुरा उहाँकै हो । यो संसारमा उहाँ शासन गर्नुहुन्छ र सबै थोकलाई निर्देशन दिनुहुन्छ । जे भए पनि, परमेश्वर हाम्रो जीवनमा सिधै र देखिएर आउनु हुदैन । बरु, उहाँ धैरै प्रकारका अधिकारहरु जसले उहाँको प्रतिनिधित्व गर्छ तीद्वारा  शासन गर्नुहुन्छ । उहाँका प्रतिनिधिहरुको आज्ञा नमान्नु भनेको परमेश्वर स्वयमलाई नमान्नु हो ।

घरको मालिकको रुपमा मातापितालाई परमेश्वरले परिवारमा को छ । मण्डली सेवकाइमा उहाँले कामदारलाई बोलाउनु हुन्छ । कार्यस्थलमा, प्रबन्धक र नाइकेहरु मालिक हुन्छन् धैरै प्रकारले मानिसहरुलाई सार्वजनिक सेवा र सरकारी कार्यलयहरुमा राख्नु भएको छ ।

पवल वर्णन गर्छन्, “परमेश्वरबाट आएको अधिकार बाहेक अरु कुनै अअधिकार हुदैन ।” रोमीहरुलाई को लेखाईमा, पावल खास गरेर सम्राटको र रोममा उनको राजकीय सरकारको शंका सोचिरहेका छैनन् । यी अधिकारहरु गैर इसाई थिए इसाई होइनन् । यस समयका सम्राट अत्यधिक मन पराएको कुख्यात निउरो थिए जसले इसाईहरुलाई सताएको थियो । तैपनि पावल आफ्ना पाठकहरुलाई त्यो सरकार विरुद्ध नहुन जोड दिन्छन् । वास्तवमा उनी चेतावनी दिन्छन्, “जस–जसले विरोध गर्छन, तिनीहरुले दण्डको आज्ञा पाउने छन् ।”

तर  यो ठीक दण्ड पाउनको लागि डर होइन कि तिनीहरु जो अधिकारमा छन् त्यसले एउटा मानिसहरुलाई आज्ञा मान्ने बनाउछ ।

(रोमी १३:३,४ सम्म पढ्नुहोस्)

*किनभने सुर्कमको निम्ति होइन, तर कुर्कमको निम्ति शासकहरुको डर मानिन्छ । के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ । किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन् । तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन् । खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन् ।*

"किनभने सुर्कमको निम्ति होइन, तर कुर्कमको निम्ति शासकहरुको डर मानिन्छ । ................................ तिम्रो भलाइको निम्ति (तिनी) परमेश्परका सेवक हुन् ।" यी शब्दहरुसँगै पावल अधिकारीहरुको लागि सहयोगको अर्को कारण दिन्छन् । तिनीहरु परमेश्वरको सेवा गर्छन् र परमेश्वर तिनीहरुद्वारा हामीलाई असल गर्नुहुन्छ ।

हामी याद गरेको हुन जरुरी छ स्थाय सरकार कति ठूलो आशिष हो भनेर । कति बेला ठीकसँग सरकार परमेश्वरको प्रतिनिधि हुदैन । जब यस्तो शुन्छ (स्थीर), यसले ठूलो आशिषहरु ल्याउछ । अत्याचारको डर विना शान्तिपूर्ण समाजमा रहनलाई यसले हामीलाई अनुमति दिन्छ । हाम्रो फुर्सदको समयमा खुशी हुनलाई र उत्पादन मुलुक कार्यमा कार्य गर्न हामीलाई यसले अनुमति दिन्छ । सबैलाई अति आवश्यक,, परमेश्वरले हामीलाई देखाउनुभएको छ आशिषहरुमा सहभागी र अरुहरुलाई आउन निमन्त्रणा र शान्तिमा आराधना गर्न लाई यसले हामीलाई अनुमति दिन्छ ।

परमेश्वर एउटा शान्ति र आदेशको परमेश्वर हुनुहुन्छ । निभने यी यस्ता प्रकार, मूल्यवान वरदान हुन, परमेश्वर तिनीलाई सुरक्षित राख्नु हुन्छ । उहाँले आफ्ना प्रतिनिधिहरुलाई कुकर्मीहरु जो ती



पिलातुसले येशूलाई क्रोधित भिडको सामु ल्याए ।

वरदानहरु ऋरुको लागि विगार्दछन् ती सजायहरुको प्रबन्ध गर्न निर्देशन दिनु हुन्छ ।
समयमानै एउटा सरकारको सजाय (दण्ड) ले सेव ागर्न सक्छ । त्यो हो किनभने, "खराब काम गर्ने माथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन ।" परमेश्वर जीवदाता हुनुहुन्छ । उहाँ त्यो एक पनि हुन्छ जसले जीव लिन सक्नुहुन्छ ।
उहाँका प्रतिनिधि (सरकार) द्वारा परमेश्वरले एउटा गम्भिर अपराधीको जीवन लिन सक्नु हुन्छ । त्यो हो जो पावल संकेत गरिरहेछन् जब उनी लेख्छन्, "तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तरवार व्यर्थमा भिर्दैनन् । खराब काम गर्ने माथि परमेश्परको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन् । वचनले मृत्यु दण्डको आज्ञा दिँदैन, तर यसले हरेकलाई रोक्दैन ।

(रोमी १३:५–७ सम्म पढ्नुहोस्)
*यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ ।*
*यसैकारणले पनि तिमी कर तिर्दछौ । किनकि प्रशासकहरु इसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन् ुरा सकैलाई तिर–कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इच्जत गर ।*

पावल अझै अधिकार (कानून) पालन गर्नको अर्को उदाहरण थप्छन्, "तर विवेक को निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ ।" अधीनमा रहनु असल हो किनभने शासकहरु परमेश्वरका प्रतिनिधिहरु हुन् । तिनको अधीनमा हुनु भनेको, परमेश्वरकै अधीनमा हुनु सरह हो । प्राणीको रुपमा, हामीलाई थाहा छ कि हामीले हाम्रो सृष्टिकर्ताको आज्ञा मान्नु पर्छ ।
यो यर्थातले हामीले के गर्नु वर्छ सो गर्न सहायता पुर्याउछ, कर तिर्नु केहि कुरा होइन हामीले त्यो गर्न छनौट गर्नु थियो । जे भए पनि त्यो महसुस उहाँको प्रतिनिधिद्वारा हामीलाई सोधिरहनु छ । परमेश्वर हाम्रा कर तिर्न हामीलाई आज्ञा पालन गर्ने इच्छा बनाइरहनु हुन्छ । हामी जान्दछौ कि यो गर्नु असल हो । कर तिर्नु ठीक एउटा आज्ञाकारीताको उदाहरण जस्तै हो । पावल उनको

उत्साहलाई अझ फराकिलो पार्दै थप्छन्, "के तिमीले सरकारलाई दिनुपर्ने केहि छ ? छ भने तिर ।"

पैसा तिर्नु एउटा बाध्य र आन्तरिक कुरा हो । त्यो भन्दा झन् बाध्य कार्य हृदयको व्यवहार हो । एउटा इसाई नागरिकले उसको उद्देश्यलाई आनन्द पूर्वक वहन गर्नेछ, अधिकारी (सरकार) प्रति आदर र सम्मान देखाउदै । त्यसपछि, तिनीहरु परमेश्वरको नै प्रतिनिधित्व गर्छन् ।

याद गर्नु पर्ने कुराहरु :

१३. शासक र अख्तियार हामी माथि ............ ले राखिदिनु भएको छ ।

१४. शासकहरु परमेश्वरद्वारा ................. गर्नेलाई सजाय दिनलाई र ............. गर्नेलाई पुरस्कृत गर्न नियुक्त गरिएका छन् ।

१५. जब हामी शासकहरुको आज्ञा पालन गर्छौ, ................को व्यवहार हो जस्तो महत्वपूर्ण आवश्यकता बाध्य ................ को लागि छ ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

प्रेम अहिले प्रकट गर्नुहोस् किनभने न्यायको दिन आइरहेछ । (रोमी १३:८–१४)

(रोमी १३:८–१० सम्म पढ्नुहोस्)

*आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ । किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ । "तैँले व्यभिचार नगर्, तैँले हत्या नगर्, तैँले चोरी नगर्, तैँले लोभ नगर्," (प्रस्थान २०: १३—१५,१७ व्यवस्था ५:१७—१९,२१) यी आज्ञाहरुबाहेक, र अरु जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात "तैँले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर् ।" (लेवी १९:१८) प्रेमले छिमेकीको खराबी गर्दैन । यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो ।*

हाम्रो कर अथवा अन्य महशूल तिर्न साधारणतया निश्चित संख्या समावेश हुन्छ । हामी उल्लेखित रकम तिर्न सक्छौ र तब भन्छौ,

“मैले त्यो तिरि सकेको छु। मैले अरु तिर्नु पर्दैन ।” पावल यस्तो एउटा हुने कुरालाई उत्साह गर्छन जब उनी भन्छन्, “तिमीले तिर्नु पर्ने सबै चुकाउ ।”

तर त्यहाँ एउटा ऋण छ जसलाई हामी कहिल्यै पूरा चुक्ता गर्न सक्नेछैनौ । हाम्रो वरिपरिका मानिसलाई कहिल्यै भन्न सक्दैनौ, हो, मैले तिमीहरुलाई धेरै प्रेम गरिसकेको छु। अब मैले अरुज्यादा प्रेम गर्नु आवश्यक छैन ।” यस्तो प्रकारको उपस्थिति जे परमेश्वर मानिसहरुबाट आशा दिन हुन हुन्छ जो आज्ञा पालन गर्न चाहन्छन् पूर्णतया विवादास्पत्र  हुने थियो।

पहिलेको खण्डमा हाम्रा शासकहरुको आज्ञाकारीतामा मुनि रहने व्यवहारमा, पावल चौथो आज्ञालाई संकेत गरिरहेका छन् । यहाँ पद ९ मा उनी छैटौ आज्ञालाई थप्छन्, (कमस) पाँचौ, सातौ, र नवौ र दशौ ।

जस्तो उनको उदाहरण पुरानो नियमको लेवीको पुस्तकबाट देखाउछ, यी सबै आज्ञाहरुबाट को एउटा निष्कर्षको शब्द: “आफ्नो छिमेकीलाई आफैलाई झै प्रेम गर ।”

प्रेम समपूर्ण आज्ञामा केन्द्रिय भाग हो। प्रथम तीन आज्ञाले परमेश्वर सँगको व्यवहार देखाउछ भने बाँकी सातवटाले हाम्रा छिमेकीहरु तिरको व्यवहारमा भन्छन् । ती प्रत्येकमा प्रेम गर्न आज्ञा गरिएको छ। देखावटी प्रेम केहि कुरा होइन त्यसले पछिल्तिर सार्छ। यसको बारे त्यहाँ जरुरी छ। न्यायको दिन आइरहेछ।

याद गर्नु पर्ने कुराहरु :

१६. सबै आज्ञाहरुमध्ये ............मुख्य भाग हो।

१७. अरुलाई प्रेम देखाउनु एउटा ठूलो ऋण हो हामी यो कहिल्यै पनि ................ गर्न सक्दैनौ ।

१८. हामी हाम्रो छिमेकीलाई प्रेम गर्नु अति जरुरी छ किनभने ............ आइरहेछ ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

(रोमी १३:११,१२ पद पढ्नुहोस्)

*यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरुलाई थाहा छ । अब निद्राबाट ब्यूँझने ठीक बेला आइपुगेको छ, किनकि हामीले*

*पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अझ नजीक छ । रात बितिसक्यो, र दिन नजीकै आइपुगेको छ । यसकारण अन्धकारका काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौं ।*

इसाईहरुले इतिहासको प्रत्येक अवस्था थाहा पाएको छ तिनीहरु "अन्तको समयमा" जीरहेका थिए । पृथ्वीमा हाम्रो समय सिमित छ । हाम्रो शरीरिक मृत्युसँगै यो समाप्त  हुनेछ अथवा प्रभुको न्यायको आगमनमा ।

यहाँ रोमीहरुलाई पावलले उल्लेख गरेको समय न्यायको दिन हो । "खीष्टको पुनरागमनको दिन आइसकेको छ" बितिरहेको हरेक २४ घण्टाको समयले खीष्टको आगमन को दिन नजिक्याउदै गईरहेको छ । याद गर्नुहोस् प्रेरितले सकरात्मक अवसर दिन्छन् जब उनी भन्छन्, "हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति अरु नजीक छ ।" शुरु देखिनै विश्वासी यस पृथ्वीमा बचाइएको छ तर हामी स्वर्गमा नलगिदासम्म त्यो मुक्तिको पूर्ण यर्थातता आउने छैन । संसारको न्याय गर्न खीष्टको पुनरागमनको हामीलाई सम्झना गराइद्वारा पावल हामीलाई भयभित पार्ने कोशिष गरिरहेका छैनन् । बरु हाम्रो पृथ्वीको समय छोटो छ भनेर संकेत गरिरहेका छन् । आज्ञाहरु पूरा गर्नलाई प्रेमको जीवन आवश्यकता परेको छ हामी यसमा जीउनको लागि सकृया र व्यस्त हुनु जरुरी छ । उनी दुइटै सकरात्मक र नकरात्मक पक्षलाई हाम्रो जीवनको पहुचमा जोड दिन्छन् । नकरात्मक रुपले भन्छन्, "अन्धकारका काम छोड ।" सकरात्मक रुपले उनी भन्छन्, "ज्योतिका हातहतियार धारणा गरौं ।"

(रोमी १३:१३,१४ पद पढ्नुहोस्)
*दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं । मोजमज्जामा, मतवालीपनामा, व्यभिचारमा, भ्रष्टचारमा, झगडामा र डाहमा होइन । तर प्रभु येशू खीष्टलाई धारण गर, र पाप–स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ ।*

पावलले आफ्ना पाठकहरुलाई अन्धकारका काम छोड्न जोड दिसकेको छ । वृस्तृत रुपमा नगएर अहिले उनी त्याग्नु पर्ने

कुराहरुको उदाहरणहरु दिन्छन् । उनी तिनीलाई छोटो शब्दमा राख्छन् ताकि सजिलैसँग सूचीको आकार बन्छ :

- हामी ठीकसँग चलौं ।
- मतवालीपनामा होइन ।
- व्यभिचारमा अथवा भ्रष्टचार होइन ।
- झगडामा होइन ।
- डाहमा होइन ।

यिनीहरु केही उदाहरणहरु मात्रै हुन् । प्रेरित हामीले त्यग्नु पर्ने हाम्रो आफ्नो मन परेको पाप र परिक्षाहरुको सूची बनाउन जोर दिइरहेका छन् । न्यायको सँगै दिन आइरहेछ, यो आत्मिकी निद्रामा रहने बेला होइन । पावल जरुरत भएको उत्साह दिन्छन् जब उनी भन्छन्, "दिउँसो जस्तै गरी हामी ठीक सँग चलौं ।"

पद १४ मा प्रेरित, इसईहरुले के धारण गर्नु पर्छ अझै पूर्णरुपले व्याख्या गर्छन् । उनी त्यो एउटा टुक्राको चित्रणमा परिवर्तन गर्छन्, जब उनी भन्छन्, "तिमीले आफ्नो वस्त्र धारण गरे जस्तै प्रभु येशूलाई धारण गर ।" गलातीहरुलाई उनको पत्रमा यसको अर्थ के हो पावलले अझै ज्यदा स्पष्ट व्याख्या गरेका छन्, त्यहाँ उनी भन्छन् "किनकि विश्वासद्वारा तिमीहरु सबै खीष्ट येशूमा परमेश्वरका सन्तान हौ । किनकि तिमीहरुमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारण गरेका छौ" (गलाती ३:२६,२७) । खीष्टको सिद्ध जीवन र निर्दोष मृत्युले सबै पापहरु र दुष्टताहरुको मूल्य चुकाएको छ जो हामी पापीहरुले सधैं त्यो पाप गरेका थियौ । बप्तिस्माद्वारा, जसले हाम्रो हृदयमा काम गरेको छ, खीष्टको धार्मिकता एउटा वस्त्र जस्तै हामी माथि राखिएको थियो । यसले हाम्रा घृणित पापहरुलाई ढाक्छ । परमेश्वर अब हामीलाई हेर्नुहुन्छ र एउटा पवित्र जस्तै देखाउनुहुन्छ किनभने हामी ख्रीष्टको धार्मिकताले ढाकिएका छौ अथवा वस्त्रपहिरेका छौ ।

येशू ख्रीष्टलाई धारण गर्नाले मात्रै परमेश्वरमा स्वीकार योग्य हुन्छ भन्ने मात्रै होइन । यसले हामीलाई जेमा परमेश्वर खुशी हुनुहुन्छ सो गर्नलाई शक्ति प्रदान गर्नुहुन्छ । खीष्टमा बप्तिस्मा गरिनाले उहाँको धार्मिकताको वस्त्र पहिराई सँगै, पुरानो आदम विरुद्ध, लड्नलाई हामीसँग "नयाँ मानिस" छ ।

खीष्टलाई धारण गर्नाले नयाँ मानिसले अन्धकारका कर्महरुलाई हटाउन योग्य बनाउछ। अब खराब कार्य गर्नुको बदला, हामीमा भएको नयाँ मानिसले परमेश्वरलाई र छिमेकीलाई प्रेमिलो सेवकाई गर्न देखाउन शुरु गर्न सक्छ जो आज्ञा हामीलाई भनिएको छ।

याद गर्नु पर्ने कुराहरु :
१९. पावलले हामीलाई "..................... कार्यहरु" त्याग्न भनेका छन्।
२०. ज्योतिका हातहतियार धारण गर्नुको अर्थ अन्धकारका कार्यको विरुद्ध ...................... धारण गर्नु हो।
२१. प्रभु येशूलाई धारण गर्नु भनेको कपडा पहिरनु जस्तै हो जसको अर्थ उहाँको ..................... लाई स्वीकार्नु हाम्रो ............... ढाक्नु जस्तै हो।
२२. विश्वासीहरुसँग एउटा .................... छ जो आज्ञाहरुको माग गरे जस्तै ................. योग्य छ।
(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

रोमीहरुलाई पत्रको मुख्य केन्द्रय विषय पावल के हो : विश्वासद्वारा धर्मी ठहरिनु।
सर्वप्रथम त्यसले प्रस्तुत गर्छ यो विश्वास गराईद्वारा खीष्टको धार्मिकता हाम्रो लागि सरल हुन आउछ। तर त्यहाँ अर्को प्रकारको धार्मिकता पनि छ। त्यो धार्मिकता हो कि विश्वासी उसको आफ्नो जीवन र कार्यहरु देख्न योग्य छ। शुरुमा नै हामीले दुइ प्रकारका त्यस्ता धार्मिकताको उदाहरणहरु देखिरकेका छौ। अध्याय १२ मा प्रेरितले हामीलाई परमेश्वरले हामीलाई दिनुभएको वरदान प्रेममा अरुको सेवा गर्नुलाई जोर दिएको छ। अध्याय १३ ले शासकहरुको अधीन मुनि बस्न परमेश्वरले हामी माथि जस्तै उहाँका प्रतिनिधिहरु राख्नुभएको छ सो बारे जो दिएको छ। अब अध्याय १४ र १५ मा पावलले तेस्रो क्षेत्र थप्छन्। दयालु भएर बलियो विश्वासी हुन र आम्तिकी मा कमजोर भाइबहिनीहरु प्रति विचारशील हुनुमा यो क्षेत्रले ओगटदछ।

बलियो र कमजोर विश्वासीहरु (रोमी १४:१–१५:१३)
भोजन सम्बन्धी विचारहरु

(रोमी १४:१–४ पढ्नुहोस्)
*विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्बन्धी कुरामा वाद–विवाद गर्नलाई होइन । कसैले सबै थोक खानु हुन्छ भनी विश्वास गर्छ, तर विश्वासमा कमजोर हुनेले चाहिँ सागसब्जी मात्र खान्छ । खानेले नखाने मानिसलाई तुच्छ नठानोस्, र नखानेले खानेलाई दोष नलगाओस् । किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ । अर्काको चाकरलाई इन्साफ गर्ने तिमी को हौ ? त्यो त आफ्नै मालिकको सामु खडा हुन्छ वा पतित हुन्छ । त्यो खडा गराइनेछ, किनभने, त्यसका मालिकले त्यसलाई खडा गराउन सक्छ ।*

हरेकसँग आत्मिकी बुझाइको एक समानको स्तर हुदैन । कोही परिपक्क इसाईहरु हुन्छन् जो पहिले देखिनै लामो समय विश्वासी छन् । अरुहरु विश्वासमा नयाँ छन् अझै तिनीको वचनको अध्ययन बाट थुप्रै कुराहरु सिक्नु छ । कमजोर विश्वास बचाइने विश्वास हो, तर बलियो विश्वासी कमजोरलाई बढाउन (हुर्काउन) लाई हुन् ।
यो उनका पाठकहरुमध्ये बाटका बढी परिपक्क विश्वासीहरुलाई हो कि पावल भन्छन्, “विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर । तर उसको मत सम्बन्धी कुरामा वाद–विवाद गर्नलाई होइन ।”
यो जान्न जरुरी छ कि के कुराहरु बलियोले सहनु र स्वीकारगर्नु पर्छ भनेर । पावल यहाँ सिद्धान्तको बारेमा कुरा गरिरहेका छैनन् । पावल भनिरहेका छैनन्, “यसको बारे केहि फिर्की नगर यदि कोही झूटो सिद्धान्तको शिक्षा सिकाउँछ ।” अध्याय १६ मा उनी आफ्ना पाठकहरुलाई झूटो शिक्षकहरुबाट टाढा रहनलाई चेतावनी दिन्छन् । अरुको इन्साफ नगर्न र स्वीकार गर्नलाई बलियो भाइहरुमा जे छ विचारको फरक हुन । उनी सोझ्न र कार्य गर्नको लागि लागि संकेत गरी रहेका छन् त्यो स्वभाविक हो । यी ती कुराहरु हुन् जहाँ एउटा व्यक्तिसँग एक विचार हुन सक्छ र उसको छिमेकीले फरक मत समातेको हुन्छ । न त मत (विचार) पाप हो । पावल एउटा उदाहरण दिन्छन् । केहि मानिस यस प्रकारको खाना खान्छन्, अरुहरु

अर्को प्रकारको केहि अरु थोक खान्छन् । न कि छनौट गर्नु खराब हो ।

पावल एउटा मिश्रित समुदायलाई लेखिरहेका छन् । धेरै जसो अन्यजातिहरु थिए । केहि यहूदीहरु थिए । याद गर्नुहोस् कि पुरानो नियममा परमेश्परले यहूलीहरुलाई एउटा विशेष जातिको रुपमा चुन्नु हुन्छ । तिनीहरुबाट संसारको मुक्तिदाता जन्मिनु हुने थियो । अरु जातिहरुबाट यहूदीहरुलाई अलग राख्न, परमेश्वरले तिनीहरुलाई विशेक्ष नियम दिनुभयो । र ती विशेक्ष नियमहरुबाट तिनीहरुले कस्तो प्रकारको भोजन खान सक्छ निर्देशन गरिएको थियो । केहि “शुद्ध” भोजन थिए । यिनीलाई तिनीहरु खान सक्थे । अरु जस्तै सुँगुरको मासु “अशुद्ध” थियो । यहूदीहरुलाई त्यस्तो प्रकारको खाना खान मनाई गरिएको थियो । तिनीहरुबाट प्रतिज्ञा गरिएको मुक्तिदाता जन्मिनु हुने थियो तब सम्मको लागि यी विशेक्ष नियम (व्यवस्था) यहूदी जातिहरुलाई कायम राख्न अलग गरिएको थियो । ख्रीष्टको आगमनपछि विशेष नियम खानाको लागि लामो समय सम्म कुर्न जरुरी थिएन । तर केहि यहूदी इसाईहरुलाई खानाको बारे गलत कुरा दिइएको थियो जो तिनीहरुले शताब्दीयौ देखि अशुद्ध सोचेका थिए । यसले तिनीहरुलाई चिन्तित बनाएको थियो कि ती अन्यजातिहरु जुनहरु सँग कहिल्यै पनि यस्तो नियमहरु थिएन, तिनीहरुले कुनै थोक र सबै कुराहरु खाए । यस विशिष्ट उदाहरणमा अन्यजातिहरु अगाडी थिए यहूदीहरु तिनीहरुको इसाई अधिकारमा अभ्यास गरिरहेछन् ।

यी “बलिया” अन्यजाति विश्वासीहरुका बीचमा आफ्ना पाठकहरुलाई पावल सल्लाह दिन्छन्, “खानेले नखाने मानिसलाई तुच्छ नठानोस् ।” र “कमजोर” यहूदी पाठकहरुलाई उनी भन्छन्, “नखानेले खानेलाई दोष नलगाओस् ।”

पावलको सुझावको लागि आधार हो, “परमेश्वरले तिमीहरुलाई ग्रहण गर्नु भएको छ ।” कसले के खान्छ परमेश्वरले वास्ता गर्नु हुन्न । त्यो एउटा व्यक्तिगत छनौट हो हरेक व्यक्ति त्यसमा स्वतन्त्र छ । परमेश्वर दुवै तरिकामा प्रसन्न हुनुभएको छ । एउटा मालिक उसको नोकरको तुलनाद्वारा यसलाई पावलले परमेश्वरसँग विश्वासीको सम्बन्धको उदाहरण गर्छन् । यदि मालिक उसको नोकरले गरेको

कार्यबाट सन्तुष्ट हुन्छ भने, "अर्काको नोकरलाई इन्साफ गर्न तिमी को हौ ?

जीवनमा धेरै परिस्थितिहरु छन् हामीले  के गर्नु पर्छ हाम्रो लागि परमेश्वरको वचनले निर्णय गर्दैन । तब हामी हाम्रो विचारमा स्वतन्त्र छौं । पावलको चिन्ता यो हो कि स्वभाविक कुरामा आफ्नै जिद्दी गरेर हामीले समस्या खडा गर्नु हुदैन । जब इसाईहरु भिन्न विचार आउछ बलियोले कमजोर भाइबहिनीहरुलाई तिनीहरुको कमजोरीमा विचारशील हुनलाई हुनेछन् । यसप्रकारले त्यहाँ शान्ति एकता हुनेछ ।

त्यो पाठ ख्रीष्टमा जीउनु, जेभए पनि, सजिलैसँग सिकिएको छैन । तिनीहरुका कमजोर भाइबहिनीहरुको बलियाहरुले विचारशील हुनलाई जरुरीको अर्को उदाहरण ल्याउदै त्योद्वारा पावल यो कुरा ( ामला) को महत्वमा जोर दिन्छन् । यो समय आराधनाको लागि दिन चुन्न उनी भन्छन् ।

याद गर्नु पर्ने कुराहरु :

२३. शताब्दीयौ देखि ................विशेष नियमको अधीन मुनि रहेका थिए अन्यजातिहरुबाट अलग रहन ।

२४. यी विशेष नियमले ..................अगाडी आउने संकेत गर्छन् ।

२५. ख्रीष्टको आगमनपछि ..........................को पालन गर्नु जरुरी छैन ।

२६. यसले जब कि केहि नयाँ नियमका इसाईहरुले थाहा पाउने अवसर लियो कि तिनीहरुले यो नियम कायम राख्न जरुरी थिएन । जब तिनीहरु सिकिरहेका थिए पावल ................... व्यक्तिलाई .................प्रति विचारशील हुनलाई सोध्छन् ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

(रोमी १४:५,६ पद पढ्नुहोस्)

*कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ । हरेक मानिस आफ्नै मनमा पूर्ण रुपले निश्चित हुनुपर्छ । जुन व्यक्तिले कुनै दिनलाई विशेष रुपले पालन गर्छ, त्यसले प्रभुको आदरको निम्ति पालन गर्छ । जुन व्यक्तिले खान्छ, त्यसले परमेश्वरलाई धन्यवाद दिन्छ । जुन*

*व्यक्तिले खाँदैन, त्यसले परमेश्वरको आदरको निम्ति खाँदैन र परमेश्वरलाई धन्यवाद दिन्छ ।*

याद गर्नुहोस् कि पावल यहूदीहरु र अन्यजातिहरुको मिश्रित समूहलाई लेखिरहेका छन् । यो उदाहरण सँगै पावल समूह एकता क्रममा चलाखी पूर्ण कारोकारमा हुनलाई आवश्यक थियो अथवा अर्को तरख्य क्षेत्रलाई संकेत गर्नलाई भएको जस्तो देखिन्छन् । पुरानो नियमको शाताब्दीयौ देखि यहूदीजाति परमेश्वरको आज्ञाद्वारा थियो, एउटा विश्रामको दिन जस्तै सभालाई निरिक्षण गरिएको थियो । सभाको नियन्त्रण एउटा शिक्षाको यन्त्र हो । तिनीहरु अगाडी तिनीहरुको आत्माको विश्राम को लागि संकेत गर्दथे कि येशूले तिनीहरुको लागि ल्याउनु हुने थियो । ख्रीष्टको आगमनपछि उहाँको उद्धारको कार्यद्वारा उहाँले प्रतिज्ञा गरेको विश्राम ल्याउनुभयो, यो धेरै समय सम्मको लागि सभाका नियमहरु र आराधना निरिक्षण गर्नु जरुरी थिएन । नयाँ नियमका इसाई मण्डली यो आफ्नो दिन चुन्न स्वतन्त्र थिए । इसाई अधिकारमा शनिबार आराधना गर्न तिनीहरुले चुने ।

निशन्देह नै रोममा एउटा समूह थियो जसले आइतबारको दिनलाई तिनीहरुले पूजा (आराधना) गर्न कायम राखे । अरुहरुले अर्को दि परिवर्तन गर्न चाहे । पावल आफ्नो वाक्यसँगै त्यो परिस्थितिको व्याख्या गर्छन्, "कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्वको मान्छ । अर्को मानिसले सबै दिनलाई समान ठान्छ ।" तिनीहरु जने शवाथलाई कायम राख्न चाहेका थिए पावल भन्छन्, "जुन व्यक्तिले कुनै दिनलाई विशेष रुपले पालन गर्छ, त्यसले प्रभुको आदरको निम्ति पालन गर्छ ।" तर शनिबारको दिनमा आराधना गर्न चाहेको त्यो दिनै समूको सत्यता थियो । तिनीहरु तिनको प्रभुलाई आदर गरिरहेका पनि थिए जो इष्टरको दिनमा बौरी उठ्नु भएको थियो ।

दुवै समूहहरुले रोममा प्रभुलाई आदर गर्न चाहेको थियो । कसैबाट पनि कुनै थोक गल्ती भइरहेको थिएन । कमजोर भाइबहिनीहरु प्रति बलियाहरुले विचारशील भएर त्यो परिस्थितिको समाधान गर्न आवश्यक यहि एउटा अर्को घटना थियो ।

सबै किसिमका खाना खानलाई स्वतन्त्रता बारे कमजोर भाइहरुको अस्पष्टता हुनुको कमजोरीको प्रथम उदाहरणमा, पावलले संकेत गरेको छ, "परमेश्वरले तिनीहरुलाई स्वीकार गर्नुभएको छ।" तिनीहरु उहाँका सेवक हुन्। जब परमेश्वरले तिनीहरुलाई स्वीकार्नु भएको छ भने तिमी इन्साफ गर्ने को हौ ? यहाँ यो दोस्रो उदाहरणमा पावल कमजोरहरु प्रति दया देखाउने व्यवहारको भिन्न कारण ल्याउछन्। यहाँ उनी हामी बलिया र कमजोर, सबैलाई हाम्रो जीवनको त्यहि परिस्थितिमा जीउन भन्छन्। हामी सँगै जीउछौं, सँगै मर्छौं, सँगै इन्साफ हुनेछ।

याद गर्नु पर्ने कुराहरु :

२७. पुरानो नियममा यहूदीहरुलाई परमेश्वरद्वारा आराधना गर्न आज्ञा गरिएको ............... को दिन थियो।

२८. नयाँ नियमका इसाईहरु ............ मा आराधना गर्न सक्छन्।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

(रोमी १४:७–१२ सम्म पढ्नुहोस्)

*हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौँ र कोही पनि आफ्नै निम्ति मर्दैनौँ। यदि हामी बाँच्छौँ भने प्रभुकै निम्ति बाँच्छौँ, र मर्छौँ भने प्रभुकै निम्ति मर्छौँ। चाहे हामी बाँचौँ, चाहे मरौँ, हामी प्रभुकै हौँ। यसैको निम्ति ख्रीष्ट मर्नुभयो र फेरि जीवित हुनुभयो, कि उहाँ मरेकाहरु र जीवितहरु दुवैका प्रभु होऊन्।*

*तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरका न्याय–आसनको सामने खडा हुनेछौँ। किनकि लेखिएको छ, "प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु प्रत्येक घुँडा मेरो सामने टेकिनेछ, रहरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ'।" (यशैया ४५:२३)यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौँ।*

यो याद राख्नु आवश्यक छ कि यहाँ पावल जोहरु सँगी इसाईहरुको सम्पर्कमा छन् ती इसाईहरुलाई भनिरहेका छन्। विश्वासमा तिनी भाइबहिनीहरु हुन्। तिनीहरुसँग साझा एउटै साझा उदेद्दय छ।

हरेक कुरा विश्वासमा गरिरहेका छन् ती प्रभुलाई आदर दिन गरिएका हुन् ।

बलिया विश्वासीहरुलाई भन्दै पावल भन्छन्, “तिमी किन आफ्नो भाइबहिनीहरुको इन्साफ गर्छौ ? अथवा तिमी आफ्नो भमइबहिनीहरुलाई किन तुच्छ ठान्छौ ? किनभने हामी सबै परमेश्वरका न्याय आसनको सामने खडा हुनेछौं ।”

पावल संकेत गर्दछन् कि मृत्यु एउटा ठूलो समिकरण हो । यसले सबै मानवलाई एउटै स्थानमा ल्याउछ । त्यो ठाउँ न्यायको दिनमा परमेश्वरको न्याय आसन हो । त्यसको बारेमा यशैया अगमवक्ता भन्छन्, “हरेक जिब्रोले परमेश्वरको सत्यता भन्नेछ ।” पावल आफ्नो विचार थप्छन्, “हामीले गरेका समपूर्ण कार्यको विवरण परमेश्वरका सामुने हामी गर्ने छौं ।” त्यहाँ एउटा ठूलो नियमको भङ्ग छ कसैले पनि त्यो दिनमा पाप स्वीकार गर्ने इच्छा गर्ने छैनन् । त्यो हो पापले एउटा कमजोर भाइको विश्वासलाई नष्ट परिसकेको हुन्छ त्यसैले उसले आफ्नो उद्धारलाई गुमाई सकेको छ । पावल त्यो आशाको विरुद्धमा सम्भावना अर्को खण्डमा चेतावनी दिन्छन् ।

(रोमी १४:१३–२३ सम्म पढनुहोस्)

*यसैकारण हामी एउटाले अर्कालाई अब उसो इन्साफ नगरौं । बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं । म जान्दछु र प्रभु येशूमा मलाई निश्चय छ, कि कुनै कुरा पनि आफैमा अशुद्ध हुँदैन, तर जसले त्यो अशुद्ध ठान्छ, त्यसको निम्ति त्यो अशुद्धदै हुन्छ । यदि तिमीले जे खान्छौ त्यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने, तिमी प्रेममा चलेका हुँदैनौ । जुन भाइको निम्ति ख्रीष्ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नाश नहनेस् । यसैकारण तिमीाई जे असल लाग्छ त्यसलाई अरुले खराब भन्न नदेओ । किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो । जसले यस किसिमले ख्रीष्टको सेवा गर्दछ, त्यो परमेश्वरलाई मन पर्ने र मानिसहरुबाट असल ठहरिएको हुन्छ ।*

यसैले हामी ती कुराहरुको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ । खानेकुराको

खातिर परमेश्वरको कामलाई नष्ट नगर। वास्तवमा सबै शुद्ध छन्, तर आफूले खाएको कुराले अरुलाई बाधा पार्नु अनुचित हो। उचित त यो हुन्छ, कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ।

तिमीमा भएको विश्वास परमेश्वर र तिम्रो बीचमा राख। धन्यको हो त्यो मानिस, जसले आफूले उचित ठहराएका कुराको कारणले आफैलाई दोषी ठहराउनु पर्दैन। तर कसैले शङ्का गरेर केही खायो भने त्यो दोषी ठहर्छ, किनकि उसले विश्वाससाथ खाएको छैन। विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो।

बलिया इसाईहरुसँग पावल भन्छन्, "यसैकारण हामी एउटाले अर्कोलाई अब उसो इन्साफ नगरौं। बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं।" जब प्रेरित कसैलाई ठेस र बाधा पार्ने कुरो भन्छन् त्यो आत्मिकी अर्थमा हो। जस्तो उनले तल व्याख्या गर्ने छन्, उनी एउटा कमजोर विश्वासी विश्वासबाट हटिरहेको र उद्धार गुमाइरहेको व्याख्या गरिरहेछन्।

यो कसरी हुन सक्छ भन्न देखाउनलाई उनी शुद्ध र अशुद्ध खानाको पहिल्यैको उदाहरणमा फर्किन्छन्। यसले पावलको सोचाइमा सरलता बनाउछ।

पद १७ मा पावल साधारण विवरण दिन्छन्, "किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो।" सबै भन्दा महत्वपूर्ण कुरा विश्वासद्वारा खीष्टको धार्मिकता स्वीकार गर्नु हो। उद्धार पाउने कममा शुद्ध खाने कुरा जरुरी छैन। त्यो विचार पद १४क सँग मिल्छ जहाँ उनले पहिल्यै भनिसकेका छन्, "म जान्दछु, र प्रभु येशूमा मलाई निश्चय छ, कि कुनै कुरा पनि आफैमा अशुद्ध हुदैन।"

जे भए पनि पद १४ख ले एउटा संभावित समस्यातिर ध्यान आकर्ष गर्छ : "तर जसले त्यो अशुद्ध ठान्छ, त्यसको निम्ति त्यो अशुद्धै हुन्छ।" पावल भन्छन् वास्तवमा खाना अशुद्ध छैन। एउटा कमजोर भाइ गल्ती रुवरुप खाद्य प्रकार (खाना) लाई अशुद्ध सम्झन सक्छ। परमेश्वरले उसलाई त्यो खाना खान मनाइ गर्नु भएको छ भनि ऊ विचार गर्छ – तर ऊ अगाडी गएर जसरी भए पनि ऊ खान्छ। ऊ भौतिक रुपमा परमेश्वरसँग विद्रोह गरिरहेको हुन्छ। ऊ

आफ्नो विश्वासलाई इन्कारी रहेको र उसको उद्धारलाई गुमाइरहेको खतरामा हुन्छ । पावल पद २३ मा अरु ज्यादा बढी व्याख्या गर्छन्, "तर कसैले शंका गरेर केही खायो भने त्यो दोषी ठहर्छ, निकि उसले विश्वाससाथ खाएको छैन । विश्वासबाट उत्पन्न भएको कुनै पनि कुरा पाप हो ।"

जे कमजोर विश्वास भएको भाइले अशुद्ध खाना ठानेको छ बलियो विश्वास भएको भाइ त्यो खानामा समावेश हुन सक्छ यदि उ खान्छ भने । कमजोर विश्वास भएको भाइसँग त्यो गर्नमा खराब धारणा छ, तर उसले बलियो विश्वास भएको भाइको उदाहरण अनुसरण गर्छ र प्रश्नमा रहेको खाना खान्छ पनि । पद १५ मा पावल त्यस्तो किसिमको अवस्थाको चित्रण गर्छन्, "यदि तिमीले जे खान्छौ त्यस कुराले तिम्रो भाइलाई चोट पार्छ भने, तिमी प्रेममा चलेका हुँदैनौ । जुन भाइको निम्ति ख्रीष्ट मर्नुभयो, तिमीले खाएको कुराबाट उसको नाश नहोस् ।"

कमजोर विश्वास भएको भाइलाई विश्वासमा ल्याइएको छ त्यो परमेश्वरको कार्य हो । किन पावलले बलियो विश्वास भएका इसाईहरुलाई त्यस्तो चेतावनी दिने निर्णय गऱ्यो । पद २० र २१ म, "खाने कुराको खातिर परमेश्वरको कामलाई नष्ट नगर । वास्तवमा सबै कुरा शुद्धछन्, तर आफूले खाएको कुराले अरुलाई बाधा पार्नु अनुचित हो । उचित यो हुन्छ कि मासु नखानु, मद्यपान नगर्नु, तथा कुनै यस्तो काम नगर्नु जसद्वारा तिम्रो भाइलाई बाधा हुन्छ ।"

झुण्डका कमजोर सदस्याहरुलाई प्रेम र धैर्यता पूर्वक सिकाउन विश्वासमा बलिया भाइहरुका लागि वास्तवमा यो गर्नु उचित कार्य हो । पावल पद १९ मा तिनीहरुलाई जोर दिन्छन्, "यसैले हामी ती कुराहरुको अनुसरण गरौँ जसले शान्ति ल्याउछ, अनि एउटाले अर्काको आत्मिक उन्नति ल्याउछ ।" कमजोर विश्वास भएका भाइहरुको उन्नतिले इसाईहरुको अधिकारको पूर्ण क्षेत्रको शिक्षा समावेश गर्छ । कमजोर विश्वास भएका भाइहरु परिपक्कताको स्तरमा नपुगेसम्म विश्वासमा बलिया भाइहरु तिनीहरुको शुद्ध खानु र पिउनु जे तिनीहरु रुचाउथे त्यागेर त्यसद्वारा परिस्थितिको एकदमै राम्रो सेवा गर्ने छन् । यस्तो प्रकारको शहस्गुणताको नमुना, "पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो ।"

याद गर्नु पर्ने कुराहरु :

२९. पावल चेतावनी दिन्छन् विश्वासमा बलियो इसाईहरुलाई कुनै कार्य नगर्न जसले ................मा एउटा कमजोर भाइको हामी पुऱ्याउदथ्यो ।

३०. यदि विश्वासमा कमजोर इसाई जे गलत छैन त्यो गर्छ, तर ऊ त्यसलाई गलत ठान्छ, ऊ ....................लाई सुम्पिरहेको छ । उल ............ को विरुद्ध विद्रोह गरिरहेको छ ।

३१. विश्वासमा बलियो भाइहरुले सर्तकता अपनाउनु जरुरी छ कि तिनीहरुको उदाहरणले विश्वासमा कमजोर इसाईहरुलाई जे तिनीहरु ...................ठान्छन् तिनीहरुलाई अगुवाई गर्दैन ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

(रोमी १५:१–६ सम्म पढ्नुहोस्)

*विश्वासमा दह्रिला हुने हामीले आफैलाई मात्र खुशी पार्ने इच्छा नराखेर दर्बल मानिसहरुका कमजोरीलाई सहनुपर्छ । हामी प्रत्येकले आफ्नो छिमेकीको आत्मिक सुधार होस् भनेर तिनको भलाईको लागि तिनलाई प्रसन्न राखौँ । किनकि ख्रीष्टले पनि आफैलाई प्रसन्न पार्नुभएन । जसो लेखिएको छ, "तपाईलाई निन्दा गर्नेहरुको निन्दा ममाथि पऱ्यो ।" (भजनसंग्रह ६९:९)अघि अघि लेखिएका कुराहरु हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र–शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौँ ।*

*स्थिरता र उत्साहका परमेश्वरले तिमीहरुलाई ख्रीष्ट येशूसँग एक भएर एउटा अर्कासँग एक चित्तका भई जिउन दिऊन्, कि एकै मनका भएर एउटै सोरले हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको महिमा तिमीहरु गर्न सक ।*

रोममा झूण्डका बलिया विश्वास भएका सदस्याहरुलाई भनिरहेका छन् पावल तिनीहरुलाई विश्वासमा कमजोर भाइहरु प्रति धैर्यतापूर्वक व्यवहार गर्न जोर दिन्छन् । उनी भन्छन् "तिनको भलाईको लागि, तिनलाई सेवा अरुहरुलाई देखाउनु एउटा धैरै ठूलो कठिन सम्झौता हो अर्थात नियुक्ति हो । ठीकसँग कार्य सम्बन्ध गर्नलाई तिनीहरुले कहाँबाट शक्ति प्राप्त गर्छन ? पावल तिनीहरुको



येशूले चेलाहरुलाई सिकाउनको लागि पवित्रआत्मा पठाउने प्रतिज्ञा गर्नुभयो ।

ध्यानाकर्षण गर्छन, प्रथम, तिनीहरुका मुक्तिदाताको उदाहरण, उनी भन्छन्, यद्यपि ख्रीष्टले पनि आफैलाई प्रसन्न पार्नु भएन ।"
तर हाम्रो आफ्नो इच्छा शक्ति प्रयोग गर्दै अनुसरण गर्नलाई हाम्रो लागि ठीक एउटा उदाहरण जस्तै भन्दा ख्रीष्ट अझै बढी हुनुहुन्छ । गर्नलाई त आवश्यक छ ख्रीष्टले हामीलाई त्यो योग्यता पनि दिनुहुन्छ । प्रेरित आफ्ना पाठकहरुलाई आश्वस्त पार्छन्, "हाम्रो परमेश्वर एउटा परमेश्वर हुनुहुन्छ जसले तिमीलाई शक्ति प्रदान र तिमीलाई सान्त्वना दिनु हुन्छ ।" परमेश्वर उहाँको वचनद्वारा त्यो शक्ति सम्पन्न गर्नु हुन्छ । पावल भन्छन्, "अघि अघि लेखिएका कुराहरु हाम्रो शिक्षाको निम्ति लेखिएका थिए । वचनले हामीलाई अगाडी बढ्न शक्ति दिन्छ ।"
इसाईहरुले वचनबाट शक्ति खिचिरहेको केही हो जो प्रत्येक दिन अगाडी बढ्छ । जस्तो हामी पावल के रोमीहरुलाई पत्रको अध्ययन गर्दै छौ ठीक अहिले त्यो भइरहेछ । प्रेरितको प्रेरणा भएको वचनद्वारा हामी मजबुत पारिएका छौ या महसूस गर्नलाई पनि आश्वासन पारिरहेछ कि उनको पत्रको पाठकहरु जस्तै हामी पनि उनको प्रार्थनामा समावेश छौ, "एउटा अर्का सँग एकचित्तका भई ( परमेश्वरले) जिउन दिउन्, कि एकै मनका भएर एउटै सोरले हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वरको महिमा तिमीहरु गर्न सक ।"

याद गर्नु पर्ने कुराहरु :

३२. अरुहरुसँग कस्तो व्यवहार गर्नेको एउटा उदाहरण ........... मा हेराईद्वारा इसाईहरु पाउन सक्छन् ।

३३. ख्रीष्टको उदाहरण अनुसरण गर्न चाहने शक्ति प्राप्त गर्न हामीले .................पढ्नु र अध्ययन गर्नु आवश्यक छ ।

(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

(रोमी १५:७–१३ सम्म पढ्नुहोस)

*यसकारण परमेश्वरका महिमाको निम्ति ख्रीष्टले तिमीहरुलाई ग्रहण गर्नुभएबमोजिम तिमीहरुले पनि एउटाले अर्कालाई ग्रहण गर । म तिमीहरुलाई भन्दछु, हाम्रा पूर्वजहरुलाई दिइएका प्रतिज्ञाहरुको पुष्टि गर्नका निम्ति परमेश्वरको सत्यतालाई प्रकट गर्न ख्रीष्ट खतना*

*भएकाहरुको दास बन्नुभयो, यस हेतुले कि अन्यजातिहरुले उहाँका कृपाको निम्ति परमेश्वरको महिमा गरुन् । जस्तो लेखिएको छ, "यसैकारण अन्यजातिहरुका बीचमा म तपाईको प्रशंसा गर्नेछु, र तपाईका नाउँको स्तुति गाउनेछु ।" (२ सामुयल २२:५०,भजनसंग्रह १८:४९) र फेरि यस्तो भनिएको छ, "ए अन्यजाति हो, उहाँको प्रजासँग आनन्द मनाओ ।"(व्यवस्था ३२:४३) र फेरि, "ए सारा अन्यजाति हो, प्रभुको प्रशंसा गर, र सबै मानिसहरुले उहाँको प्रशंसा गरुन् ।" (भजनसंग्रह ११७:१) र फेरि यशैया भन्दछन्, "यिशैको वंशबाट एक जना आउनुहुनेछ, उहाँले अन्यजातिहरुमनथि शासन गर्नुहुनेछ, उहाँमाथि अन्यजातिहरुले आशा राख्नेछन् ।" (यशैया ११:१०) आशाका परमेश्वरले तिमीहरुलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदिऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरु आशामा प्रसन्न हुन सक ।*

जब पावल लेख्छन्, "खीष्टले दुवैलाई स्वीकार्नु भएको छ" उनी रोममा दुवै पक्ष दुर्बल र दह्रिला सँग कुरागरिरहेका छन् । तिनीहरुसँग साँस्कृतिक भिन्नता छ, तर उनी तिनीहरुलाई शान्ति पूर्वक प्राप्त गर्नलाई जोर दिन्छन्, "यसकारण परमेश्वरको महिमाको निम्ति ।" तिनीहरुले यसो गर्न सक्छन् भनि ठान्न पावलको लागि यो कारण हो किनभने संयुक्तमा तिनीहरुसँग एउटा महान आशिष छ । खीष्टले तिनीहरुलाई स्वीकार्नु भएको छ । खीष्ट दुवै समूहको एउटा "सेवक" हुनु भएको छ ।

पहिले तिनीहरुलाई यहूदीजातिहरुसँग व्यवहारमा परमेश्वरको विश्वासनियताको स्मरण गराउछन् । "म तिमीहरुलाई भन्दछु, हाम्रा पूर्वजहरुलाई दिइएका प्रतिज्ञाहरुको पुष्टि गर्नका निम्ति परमेश्वरको सत्यतालाई प्रकट गर्न खीष्ट खतना भएका (यहूदी) हरुको दास ( सेवक) बन्नुभयो ।"

परमेश्वरको खीष्ट संसारमा पठाईको  देखाउछ कि परमेश्वर उहाँको प्रतिज्ञाहरुलाई कायम राख्न विश्वस्त हुन सक्नु हुनेछ । धेरै, धेरै वर्ष पहिले परमेश्वरले अब्राहामसँग प्रतिज्ञा गर्नु भएको थियो । यो पुत्र एउटा ठूलोजातिको पिता हुने थियो । त्यो जातिबाट प्रतिज्ञा गरिएको मुक्तिदाता पहिल्यै नै अदनको बगैचामा आदम र हव्वालाई आउनुहुने वाला थियो  । यी सबै कुराहरु भइसकेका थिए जब पावल

रोममा भएको मण्डलीलाई लेखिरहेका थिए । उनका यहूदी पाठकहरु निश्चित हुनसक्ने छन् कि अगाडी भविष्यमा "परमेश्वरले प्रतिज्ञा कायम राख्न उहाँले हाम्रो जातिलाई सस्थापक बनाउनुभयो ।" तर ख्रीष्ट केवल यहूदीजातिहरुको मात्र दास (सेवक) हुनु हुन्न । परमेश्वरले स्पष्ट रुपमा भन्नुभएको थियो कि अब्राहामको सन्तानबाट (वंश) आउने सबै जातिलाई आशिष हुनलाई थियो । यो पनि नासरतको येशूको व्यक्तिमा पूरा भयो ।

पावल यो आफ्ना पाठकहरुको ध्यान आकर्षक गर्छन जब उनी लेख्छन्, "येशू यहूदीहरुका दास (सेवक) बन्नुभयो यस हेतुले कि अन्यजातिहरुले उहाँका कृपाको निम्ति परमेश्वरको महिमा गरुन् ।" याद गर्नुहोस् कि यो पत्रको मध्य भागतिर पावलले तीनवटा अध्याय (९–११) यो देखाउन समर्पित गरेका छन् कसरी परमेश्वरले अन्यजातिहरुमाथि कृपा देखाउनुभएको थियो भनेर । त्यो येशू ख्रीष्टमा विश्वासद्वारा मुक्तिको सन्देश जब अन्यधिक यहूदीहरुले इन्कारेका थिए, परमेश्वरले त्यो बचाइने सन्देश लिनुभयो र अन्यजातिहरुलाई दिनुभयो । पावलको सेवकाई कार्य अन्यजातिहरुको बीचमा एउटा धेरै ठूलो स्पष्ट घटनाको मुख्य अवसर थियो । तर यद्यपि अन्यजातिहरुले सुसमाचार ग्रहण गर्नु पछि इतिहासमा एउटा ठूलो घटना थियो, यो परमेश्वरको भागमा एउटा पछिबाट को सोचाई थिएन । अन्यजाति समावेश गर्नु योजना ख थिएन । यद्यपि योजना क यहूदीजातिहरुसँग असफल भए जस्तै थियो । परमेश्वरको उद्धार योजनाले सधै अन्यजातिहरुलाई समावेश गरेको थियो । पावल यो महत्वपूर्ण सत्यतालाई गैर यहूदी (अन्यजाति) परमेश्वरको कृपा प्राप्त गरिरहेको पुरानो नियमका चार भविष्यवाणी बोलेको उध्दृत गर्दै जोरदार सँग भन्छन् जस्तो लेखिएकोछ,

"यसैकारण अन्यजातिहरुका बीचमा म तपाईको शामूएल– २२:५०, भजनसंग्रह १८:४९) ।

फेरि यस्तो भनिएको छ,

"ए अन्यजाति हो, उहाँको प्रजासँग आनन्द मनाओ ।" – (व्यवस्था ३२:४३)

र फेरि

"ए सारा अन्यजाति हो प्रभुको प्रशंसा गर<br>
र सबै मानिसहरुले उहाँको प्रशंसा गरुन् ।" –(भजनसंग्र ११७:१)

र फेरि यशैया भन्दछन्,
"यिशैको वंशबाट एकजना आउनु हुनेछ,
उहाँले अन्यजातिहरुमाथि शासन गर्नु हुनेछ,
उहाँमाथि अन्यजातिहरुले आशा राख्ने छन् ।" –(यशैया ११:१०)

याद गर्नु पर्ने कुराहरु :
३४. ख्रीष्ट यहूदीहरु र अन्यजातिहरुका ....................हुनुभयो ।
३५. अन्यजातिहरुको उद्धार नयाँ नियममा एउटा विचार थिएन । यो पहिले नै ...................... द्वारा भविष्यवाणी गरिएको थियो ।
(पे. नं. १७१ मा उत्तर हेर्नुहोस्)

पवल यो अध्याय दुर्बल दह्रा भाइहरुलाई संयुक्त गर्दै तिनीहरुका लागि प्रार्थनाका साथ बन्द गर्छन । पद ५र ६ मा पछि उनले शुरु गरेको यो एउटा प्रार्थना हो । यहाँ पद १३ मा उनी त्यो प्रार्थना शब्दहरुसँगै समाप्ति गर्छन, "आशाका परमेश्वरले तिमीलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदिउन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरु आशामा प्रशस्त हुन सक ।" यो हाम्रो परिस्थितिसँग पनि मिल्न सक्ने एउटा प्रार्थना हो ।

याद गर्नु पर्ने कुराहरु–उत्तर
१.कपा, २. बलिहरु, ३. सांसार, ४. वरदानहरु, ५. प्रसन्न, अरुहरु, ६. संगी इसाईहरु, ७. गैर–इसाईहरु, ८. घृणा, ९. खराब, १०. शान्ति, ११. परमेश्वर १२. ख्रीष्ट, १३. परमेश्वर, १४. खराब, परमेश्वर, १५.हृदय, कार्यहरु, १७. मूल्य चुकाउन्, १८. न्याय दिन, १९. अन्धकार, २०. रक्षा, /सुरक्षा, २१. धार्मिकता, पापहरु, २२. नयाँ मानिस, जीउन्, २३. यहूदीहरु, २४. ख्रीष्ट २५. विशेष नियम कायम राख्नु, २६. बलियो/दह्रो, कमजोर/निर्बल, २७. शनिबार, २८. कुनै दिन, २९. विश्वास, ३०. पाप, परमेश्वर, ३१. गलत, ३२. येशू, ३३. बाइबल, ३४. सेवक (दास), ३५. पुरानो नियमको भविष्यवाणी ।

अध्याय ६
कृपया "याद राख्नु पर्ने कुराहरु पुनरावलोकन गर्नुहोस्

१. परमेश्वर जेमा प्रसन्न हुनुहुन्छ विश्वासीहरुले त्यो गर्न पावल सोध्दछन् किनकि परमेश्वरले तिनीहरुलाई ................... देखाउनुभएको छ ।

२. परमेश्वरको सामु एउटा जिउँदो .......... को रुपमा स्वयम आफै उपस्थित (अर्पण) हुन विश्वासीहरुलाई पावल जोड दिन्छन् ।

३. हामीमध्ये हरेकले परमेश्वरबाट ........... पाएका छौ ।
विश्वासीहरुले तिनीहरुको वरदान परमेश्वरलाई ......................पार्न र .......... सेवा गर्न प्रयोग गर्छन् ।

४. पहिले पावलले आफ्ना पाठकहरुलाई प्रेम देखाउनको लागि ............... .............. तिर देखाएको थियो ।
तब पावलले त्यो चव्प्र .......................लाई समावेश गर्न फराकिलो पार्छन्

५. खराबको सट्टा ................ नगर ।
हुनसक्छ भने सकेसम्म सबैसँग ................. मा बस ।

६. शासक र अख्तियार हामी माथि ............. ले राखिदिनु भएको छ । शासकहरु परमेश्वरद्वारा .................. गर्नेलाई सजाय दिनलाई र .............. गर्नेलाई पुरस्कृत गर्न नियुक्त गरिएका छन् ।

७. जब हामी शासकहरुको आज्ञा पालन गर्छौं, .................को व्यवहार हो जस्तो महत्वपूर्ण आवश्यकता बाध्य ................. को लागि छ ।

८. सबै आज्ञाहरुमध्ये .............मुख्य भाग हो ।

९. पुरानो नियममा यहूदीहरुलाई परमेश्वरद्वारा आराधना गर्न आज्ञा गरिएको ............... को दिन थियो । नयाँ नियमका इसाईहरु ............. मा आराधना गर्न सक्छन् ।

१०. पावल चेतावनी दिन्छन् विश्वासमा बलियो इसाईहरुलाई कुनै कार्य नगर्न जसले .................मा एउटा कमजोर भाइको हामी पुऱ्याउदथ्यो ।

११. यदि विश्वासमा कमजोर इसाई जे गलत छैन त्यो गर्छ, तर ऊ त्यसलाई गलत ठान्छ, ऊ .....................लाई सुम्पिरहेको छ । उल ............ को विरुद्ध विद्रोह गरिरहेको छ ।

१२. विश्वासमा बलियो भाइहरुले सर्तकता अपनाउनु जरुरी छ कि तिनीहरुको उदाहरणले विश्वासमा कमजोर इसाईहरुलाई जे तिनीहरु ....................ठान्छन् तिनीहरुलाई अगुवाई गर्दैन ।

१३. अरुहरुसँग कस्तो व्यवहार गर्नेको एउटा उदाहरण ........... मा हेराईद्वारा इसाईहरु पाउन सक्छन् ।

१४. खीष्टको उदाहरण अनुसरण गर्न चाहने शक्ति प्राप्त गर्न हामीले .................पढ्नु र अध्ययन गर्नु आवश्यक छ ।

१५. खीष्ट यहूदीहरु र अन्यजातिहरुका ....................हुनुभयो ।

१६. अन्यजातिहरुको उद्धार नयाँ नियममा एउटा विचार थिएन । यो पहिले नै ...................... द्वारा भविष्यवाणी गरिएको थियो ।

(पे. नं २१० मा उत्तर हेर्नुहोस्)



# विश्वासद्वारा धर्मी

भाग ७:

पवलको व्यक्तिगत जीवन

*(रोमी १५ १४–३३)*

भाग सातः
पवलको निजि योजना (रोमी १५:१४–३३)

## सेवकाई कार्यलाई पावलको पहुँच
## अन्यजातिहरुलाई प्रचार

(रोमी १५:१४–१६ सम्म पढ्नुहोस्)
*भाइ हो, मलाई निश्चय छ, कि तिमीहरु आफै पनि भलाइले भरिएका छौ, र सारा ज्ञानमा पूर्ण भई एउटा अर्कालाई शिक्षा दिन समर्थ छौ । तर परमेश्वरले मलाई दिनुभएको अनुग्रहको कारणले तिमीहरुलाई फेरि सम्भना गराउन मैले बडो साहस गरी कतिपय विषयमा लेखेको छु, यो अनुग्रह अन्यजातिहरुका निम्ति परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तव्य पालन गर्नलाई मलाई दिइएको हो, ताकि अन्यजातिहरु पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहणयोग्य बलि बन्न सकून् ।*

याद गर्नुहोस् कि रोमीहरुलाई पत्रको शुरु उद्घाटनमा पावलले भनेको थियो कि अझै रोममा थिएनन् । त्यसकारण, पावलले रोममा मण्डली स्थापना गरेको थिएन । कसै अरुले काम (प्रचार) गरेको कारण तिनीहरु इसाईहरु हुन । याद गर्नुहोस् कि तिनीहरुको तालिम र इसाई परिपक्काता मा प्रेरित कसरी उद्धारताले इन्साफ गरिरहेका छन् : तिनीहरु भलाईले भरिएका छन् । तिनीहरुको ज्ञान पूर्ण छ । तिनीहरु एक अर्कोलाई सिकाउन सक्षम छन् ।

यस परिपक्कतामा पावलले तिनीहरुलाई स्पष्टतया भन्छन्, “मैले बडो साहस गरि कतिपय विषयमा तिमीहरुलाई लेखेको छु ।” उनले केको विषयमा लेखेका थिए यहाँ त्यो कुरा उल्लेख छैन, तर अर्को वाक्यमा उनी केको बारेमा भनिरहेका छन् स्पष्ट छ । “यो अनुग्रह अन्यजातिहरुका निम्ति परमेश्वरले मलाई दिनु भएको छ ।” पावलले एउटा यहूदी मसीह, नासरतको येशूको सन्देश लिएर अन्यजातिहरु काहाँ यो घोषणा गर्नु एउटा सबभन्दा साहसी कुरा थियो । उनको यहूदी गाउँलेहरुको हातमा तितो विपक्षको कारण



परमेश्वरले फिलप्पीको झ्यालखानामा पावल र सिलासको हेरचाह गर्नुभयो ।

थियो प्रेरितले प्राप्त गरे । उनको यहूदी संगी मित्र फेला पार्न प्रेरित उल्टो तिक्त कारण थियो । पावलले सधैँ एउटा स्थानिय सभाघरमा प्रचारको काम गरेका थिए । जब स्थानिय यहूदीहरुले उनको सन्देश स्वीकार गर्न अस्वीकार गर्दथे, पावल सधै जस्तो ऐन्टीओखीयामा गरे जस्तै गर्दथे, “परमेश्वरको वचन सर्वप्रथम तपाईहरुलाई नै सुनाउनु आवश्यक थियो । तपाईहरुले यसलाई इन्कार गरी आफैलाई अनन्त जीवनको अयोग्य ठहराउनु भएकोले हामी अब अन्यजातिहरु कहाँ जानेछौँ (प्रेरित १३:४६) । अन्यजातिहरुकहाँ जानले पावल र उनका सहकर्मी विरुद्ध भिषन विरोध ल्यायो , ढुङ्गाले हानिन् र पिटिनलाई लगिए । एउटा पुरानो नियमको पूजाहारीसँग पावल आफ्ना कामलाई अन्यजातिहरुसँग तुलना गर्छन । एउटा पूजाहारी “मध्यस्थकर्ता” थियो जसले आराधनाको भेटीहरुलाई लिन्थ्यो र परमप्रभुको सामुन्ने समर्पण गर्दथ्यो । पावल आफूलाई यस्तै प्रकारको “मध्यस्थकर्ता” विचार गर्छन् जब उनी भन्छन्, “परमेश्वरका सुसमाचारको पूजाहारीले गर्नुपर्ने कर्तव्य पालन गर्नलाई दिइएको हो, ताकि अन्यजातिहरु पवित्र आत्माद्वारा शुद्ध भएर ग्रहण योग्य बलि बन्न सकून् ।”

याद गर्नु पर्ने कुराहरु :

१. एउटा पूजाहारीको कर्तव्य परमेश्वरको सामु.................... ल्याउनु थियो ।

२. पावलको भेटीहरु ................लाई परमेश्वरको सामु एउटा पूजाहारीले ल्याएको जस्तै हो ।

(पे. नं. १८७ मा उत्तर हेर्नुहोस्)

(रोमी १५:१७–१९ सम्म पढ्नुहोस्)

*यसकारण परमेश्वरको निम्ति मेरो सेवामा मलाई ख्रीष्ट येशूमा गर्व गर्ने कारण छ । किनभने, वचन र कामले अन्यजातिहरुलाई आज्ञाकारी बनाउनलाई ख्रीष्टले मद्वारा जे गर्नुभएको छ, तीबाहेक कुनै विषयमा बोल्ने आँट म गर्दिनँ । यो काम चिन्हहरु र आश्चर्यकर्महरुको शक्तिले र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु । यसरी मैले यरुशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रुपले प्रचार गरेको छु ।*

अन्यजातिहरुको बीचमा पावलको कार्य विपादास्पद थियो, तर यबिारे उनी आत्मरक्षा अथवा क्षमामा कुनै उपायमा छैनन् । यो भन्दा पनि अझै अगाडी । कुनै हिचकिचाहट विना उनी भन्छन्, "यसकारण परमेश्वरको निम्ति मेरो सेवामा मलाई खीष्ट येशूमा गर्व गर्ने कारण छ ।"

पावललाई घमण्ड आउन सक्थ्यो । उनी एउटा शक्तिशाली प्रचारक थिए जसले एकदम ठीक सँग घोषणा गर्छन् कि, "जेमैले भनेको छु र गरेको छु त्यसद्वारा" धेरै वाद–विवाद आएको छ । परमेश्वरले उनलाई चिन्हहरु र आश्चर्यकर्महरु गर्ने काम दिनुभएको छ । अझै उनी भन्न सक्थे परमेश्वरले उनलाई "पवित्रआत्माको शाीक्त" दिनुभएको छ ।

पावल घमण्ड गर्न सक्थे, तर उनले गरेनन् । बरु उनी भन्छन्, "खीष्टले मद्वारा जे गर्नु भएको छ, तीबाहेक कुनै विषयमा बोल्ने आँट म गर्दिन ।"

## नयाँ ठाउँमा प्रचार

(रोमी १५:१९ख–२२ सम्म पढ्नुहोस्)

*यसरी मैले यरुशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर खीष्टको सुसमाचार सम्पूर्ण रुपले प्रचार गरेको छु ।*

*अरु मानिसले बसालेको जगमाथि घर नबनाऊँ भनेर खीष्टको नाउँ नलिएको ठाउँमा सुसमाचार प्रचार गर्ने उत्कट इच्छा मैले राखेको छु, जस्तै यसो लेखिएको छ,*

*"उहाँको विषयमा जसलाई कहिल्यै भनिएको छैन,*
*तिनीहरुले उहाँलाई देख्नेछन्,*
*र उहाँको विषयमा जसले कहिल्यै*
*सुनेका छैनन् तिनीहरुले बुझ्नेछन् ।" (यशैया ५२:१५)*
*यसैकारण नै हो, म तिमीहरुकहाँ आउनलाई धेरै पल्ट रोकिएको छु ।*

यो अनुच्छेदमा जस्तो हामीले पढी सक्यौं हामीले पावलको सेवकाइको एउटा भविष्य सुचित गरेकाछौं । उनीसँग विशेष स्रोताहरु छन् जसलाई उनी सुसमाचार प्रचार गर्न चाहन्छन् । उनी अन्यजातिहरुका एउटा प्रेरित हुन् । यो दोस्रो पढाईमा उनकै

प्रचारको अर्को तरिकाको धारणा हामी टिप्पणी गर्छौ । उनको सेवकाई एउटा सिमित प्रादेशीक छ । अरु इसाई प्रचारकहरुले उनी भन्दा पहिले प्रचार गरेको ठाउँमा पावल जादैनन् । उनी भन्छन्, "अरु मनिसले बसालेको जगमाथि घर नबनाऊँ भनेर ख्रीष्ट को नाउँ नलिएको ठाउँमा सुसमाचार प्रचार गर्ने उत्कट इच्छा मैले राखेको छु ।" जे यशैया अगमवक्ताले अगमवाणी गरेका थिए त्यससँग त्यो पहुँच सहमत हुन्छ जब उनी लेख्छन्, "उहाँको विषयमा जसलाई कहिल्यै भनिएको छैन, तिनीहरुले उहाँलाई देख्नेछन्, र उहाँको विषयमा (ख्रीष्टको) जसले कहिल्यै सुनेका छैनन् तिनीहरुले बुझ्नेछन् ।"

यसको मतलब यो होइन कि पावलले जहाँ चुने त्यहाँ गए । प्रेरित १६:६,७ मा हामीलाई भनेको छ यशिया माइनरको प्रान्तमा प्रचार गर्न परमेश्वरले उनलाई रोक्नुभयो । त्यसको सट्टामा परमेश्वरले दर्शनमा उनलाई यूरोपको माकेडोनियामा प्रचार गर्न बोलाउनुभयो । परमेश्वरको निर्देशन को पालन गर्दै, पावलले भूमध्यसागरको उत्तरी समुद्रतटवती क्षेत्रमा लामो समय सम्म प्रचार गरे धेरै वर्षको नमूनाको अनुसरणको लागि यसले उनलाई यो भन्न अहिले अनुमति दिन्छ, "यसरी मैले यरुशलेमदेखि लिएर इल्लूरीकन सम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रुपले प्रचार गरेको छु ।"

पेन्तिकोसको दिनमा नयाँ नियम इसाई मण्डली यरुशलेममा शुरु हुन्छ । त्यहाँबाट उहूदीयाको गाउँइलाका तिर मण्डली विस्तार भएको थियो र त्यसपछि अन्यजातिहरुको संसारमा । यरुशलेम शुरुवातको केन्द्र थियो । अरु वृतखण्डको आखिरी पावलले संकेत गरेको इल्लुरिकनको रोमी प्रदेश हो, जो इटलीमा पर्छ ।
यो अलबानियाको आधुनिक देश हुनमा थियो र छिमेकहरुले यसलाई औपचारिक रुपमा यूगोस्लाभियाको रुपमा जानेका थिए ।

इल्लुरिकन र यरुशलेमको बीचमा रहेको भु–भाग को बारेमा पावल भन्न सक्छन्, "ख्रीष्टको बारेमा सुसमाचार प्रचार गर्ने काम मैले सिध्याएको छु ।" यो भू–भागमा अरु ज्यादा सुसमाचार प्रचार गर्न आवश्यक छैन भनेर हामीले सोच्नु पर्दैन । उनी यो भनिरहेका छैनन् कि उनी व्यक्ति कहाँ सुसमाचार पुऱ्याउन उनको व्यक्तिगत पहुँच थियो भनेर । न त उनी हरेक शहर गाउँ नै गए ।



*पावलले एफिसीमा अगुवाहरु सित प्रार्थना गरे।*

परमेश्वरले उनको सेवा सेवकाईलाई विशेष समलग्न गरेको बारे पाल सिकायत गरिरहेका छैनन् । बरु किन रोममा यात्रा गर्नलाई लामो समय लाग्यो भनेर व्याख्या गरिरहेका छन् । कसैद्वारा पनि प्रचार नभएका स्थानहरु छन् त्यहाँ उनलाई प्रचार (सुसमाचार) प्रचार गर्न आवश्यक लाग्यो । ती शहरीय केन्द्रहरु थिए पूर्वीय भुमध्यसागरीय देशहरुमा जहाँ परमेश्वरले उनलाई जान निर्देशन गरेका थिए । तिनीले प्राथामिकता लिएको छ । तर अहिले उनले, "खीष्टको बारे सुसमाचा प्रचार" यो क्षेत्रमा गरेको छ, उनी अब रोम प्रदेशमा स्वतन्त्र छन् ।

याद राख्नु पर्ने कुराहरु:
३. पावलले ...... जहाँ अरुहरुले काम गरे (प्रचार) त्यो ठाउँमा झूण्ड स्थापना गर्ने कोशिस गरेका थिएनन् ।
४. पावलले ........... क्षेत्रमा झूण्डहरु स्थापित गरे । त्यसपछि उनी अर्को ठाउँमा गए, उनका सहयोगीहरुले सुसमाचार लिए र बाहिर .................. गए ।
५. शहरी केन्द्रमा यो प्रचारको तरिका प्रयोग गर्दै, पावलले ..................बाट ..................सम्म सुसमाचार प्रचारको कार्य सम्पन्न गरे ।
(पे. नं. १८७ मा उत्तर हेर्नुहोस्)

(रोमी १५:२३,२४ पढ्नुहोस)
*तर अब यी क्षेत्रहरुमा मेरो निम्ति काम गर्ने अरु ठाउँ नभएका हुनाले, र धेरै वर्षदेखि तिमीहरुकहाँ आउने तिर्सना रहेकोले, म स्पेन जाँदा तिमीहरुलाई भेट्ने आशा राख्दछु र तिमीहरुसँग केही समयसम्म सङ्गतिको आनन्द लिएपछि तिमीहरुले मलाई मेरो बाँकी यात्रामा मदत दिनेछौ भन्ने आशा राख्दछु ।*

पावल भन्छन्, "धेरै वर्षदेखि तिमीहरुकहाँ आउने मेरो तिर्सना छ ।" रोममा एउटा इसाई झूण्ड छ भनेर त्यसले हामीलाई निष्कर्ष निकाल्न अनुमति दिन्छ । पावलले त्यो झूण्ड स्थापित गरेको थिएन । तर कसले स्थापना गरेको हो हामीलाई थाहा छैन । प्रेरित २:१० ले हामीलाई भन्छ, कि पेन्तिकोसको दिनमा जब पवित्र आत्मा प्रेरितहरु

मथि खन्याइएको थियो "रोमबाट आएका" हरुको त्यहाँ उपस्थिति थियो। सायद तिनीहरु घरफर्के। सन्देश प्रचार गरे। त्यहाँ प्राचिन समयमा एउटा कथन पनि थियो। "सबै सडकहरुले रोमको अगुवाई गर्छ।" सायद पूर्वीय भुमध्यसागर क्षेत्र बाटका इसाईहरु रोमतिर गएका थिए र इसाई झूण्ड निर्माण गरे। हामीलाई थाहा छैन।

पावलको सेवकाईको सिमा एक यो थियो कि उनले अरु मानिसको काममाथि निर्माण गरेको थिएन। जहाँ अरु मानिसले पहिल्ये नै सुसमाचार प्रचार गरेको थियो उनले झूण्डको शुरुवाट गरेको थिएन। याद गर्नुहोस् यहाँ पावलको सावधानी छनौटको शब्दलाई, उनी तिनीहरुलाई सुसमाचार ल्याउनलाई भन्दैनन्। बरु उनी भन्छन्, "तिमीहरुकहाँ आउने तिर्सना रहेकोले .......... तिमीहरुलाई भेट्ने आशा राख्दछु ........... तिमीहरुसँग केही समयसम्म आनन्द लिएपछि।" पावल तिनीहरुकहाँ एउटा स्पष्ट सँगी इसाई जस्तै आइरहेछन्। केही समयसम्म त्यहाँ सङ्गतिको आनन्द लिन चाहन्छन्।

इसाई सङ्गति अर्को विश्वासीहरुसँग एकसाथ हुनु एउटा ठूलो आनन्द र बहुमूल्य आशिष हो। हामीले प्रत्येक अवसरलाई लिन जरुरी छ हामी एकसाथ आराधना गर्न सक्छौ, एकसाथ प्रभुको भोज पाउनलाई, खुशीको समयमा एक अर्कासँग आनन्दित हुनलाई र दुःख र कष्टको समयमा एकअर्कासँग आनन्द (आराम) गर्नलाई। यद्यपि प्रेरित पावलले "साधारण" को सङ्गतिलाई उच्च मूल्याङ्कन गरेको छ। हामी त्यही गर्न चाहने छौ।

